आर्थिक वर्ष २०८२/८३ को

वार्षिक प्रतिवेदन



२०८३ कात्तिक

नेपाल राष्ट्र बैंक

आर्थिक वर्ष २०८२/८३ को

वार्षिक प्रतिवेदन

नेपाल राष्ट्र बैंक

प्रकाशक

नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग

विषय सूची

कार्यकारी सारांश *i*

भाग १
समष्टिगत आर्थिक तथा वित्तीय अवस्था

विश्व आर्थिक स्थिति तथा परिदृश्य १

नेपालको समष्टिगत आर्थिक तथा वित्तीय अवस्था १

कुल गार्हस्थ्य उत्पादन १
- कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना २
- कृषि २
- उद्योग २
- सेवा ३
- बचत तथा कुल राष्ट्रिय खर्चयोग्य आय ३

मुद्रास्फीति र तलब तथा ज्याला सूचकाङ्क ४
- उपभोक्ता मुद्रास्फीति ४
- नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर ५
- थोक मुद्रास्फीति ५
- राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क ५

बाह्य क्षेत्र ५
- वैदेशिक व्यापार ५
- सेवा खाता ६
- ट्रान्सफर ७
- चालु खाता तथा शोधनान्तर ७
- विदेशी विनिमय सञ्चिति ७
- सञ्चिति पर्याप्तता सूचक ८
- वैदेशिक सम्पत्ति तथा दायित्व स्थिति ८
- विनिमय दर प्रवृत्ति ८
- निर्यात आयात मूल्य सूचकाङ्क ९

सरकारी वित्त स्थिति ९
- सरकारी राजस्व ९
- सरकारी खर्च १०
- बजेट घाटा पूर्तिका स्रोतहरू ११
- नगद मौज्दात ११
- सरकारी ऋण ११
- प्रदेशको वित्त स्थिति १२
- राजस्वसम्बन्धी नीतिगत व्यवस्था १२
- करका दरहरू १२
- सार्वजनिक संस्थानहरूको स्थिति १४

मौद्रिक तथा वित्तीय स्थिति १५
- मौद्रिक स्थिति १५
- अन्तर-बैंक कारोबार, स्थायी तरलता सुविधा र स्थायी निक्षेप सुविधाको उपयोग १५
- तरलता व्यवस्थापन १६

विदेशी विनिमय कारोबार १६
ब्याजदर स्थिति १६
बैंक तथा वित्तीय संस्थाहरूको साधन स्रोत तथा उपयोगको स्थिति १७
वाणिज्य बैंक १७
विकास बैंक १८
वित्त कम्पनी १९
लघुवित्त वित्तीय संस्था १९
पूर्वाधार विकास बैंक १९
गैर बैंक वित्तीय संस्थाहरूको साधन स्रोत तथा उपयोगको स्थिति १९
बीमा कम्पनी १९
कर्मचारी सञ्चय कोष १९
नागरिक लगानी कोष २०
सामाजिक सुरक्षा कोष २०
निक्षेप तथा कर्जा सुरक्षण कोष २०
कर्जा सूचना केन्द्र लिमिटेड २०
वित्तीय संरचना २१
वित्तीय बिस्तार तथा पहुँच २२
धितोपत्र बजार २२

तालिका सूची

तालिका १.१	: कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको अंश (प्रचलित मूल्यमा)	२
तालिका १.२	: कुल खर्चयोग्य आय (प्रचलित मूल्यमा)	३
तालिका १.३	: सञ्चिति पर्याप्तता परिसूचकहरू	८
तालिका १.४	: विनिमय दर प्रवृत्ति	८
तालिका १.५	: सरकारी खर्च तथा राजस्व (वार्षिक विवरण)	१०
तालिका १.६	: सरकारी वित्तका परिसूचकहरू	११
तालिका १.७	: सरकारी ऋणको स्थिति	११
तालिका १.८	: करका दरहरू	१२
तालिका १.९	: सार्वजनिक संस्थानहरूको अवस्था	१४
तालिका १.१०	: अन्तर-बैक कारोबार र स्थायी तरलता सुविधा उपयोग	१६
तालिका १.११	: विदेशी विनिमय कारोबारको स्थिति	१६
तालिका १.१२	: भारित औसत ब्याजदर (प्रतिशत)	१७
तालिका १.१३	: निक्षेप तथा कर्जा सुरक्षण कोषको कारोबार विवरण (रु. करोडमा)	२०
तालिका १.१४	: बैंक तथा गैरबैंक वित्तीय संस्थाहरूको संख्या	२१

चार्ट सूची

चार्ट १.१	: कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (आधारभूत मूल्यमा)	१
चार्ट १.२	: क्षेत्रगत आर्थिक वृद्धिदर	२
चार्ट १.३	: वार्षिक औसत उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)	४
चार्ट १.४	: निर्यात आयात मूल्य सूचकाङ्क	९
चार्ट १.५	: आर्थिक वर्ष २०८२/८३ को राजस्व परिचालनको संरचना	९
चार्ट १.६	: सरकारी खर्चको संरचना (२०८२-८३)	१०
चार्ट १.७	: नेपालको वित्तीय प्रणालीको संरचना (प्रतिशतमा)	२१
चार्ट १.८	: नेप्से सूचकाङ्क	२२

भाग १ तालिकाहरू

तालिका १	: विश्वको आर्थिक वृद्धि, मूल्य तथा व्यापार	२४
तालिका २	: समष्टिगत आर्थिक परिसूचकहरू	२५
तालिका ३	: कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर	२६
तालिका ४	: प्रदेशगत आर्थिक वृद्धिदर र अंश	२६
तालिका ५	: राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क	२७
तालिका ६	: राष्ट्रिय थोक मूल्य सूचकाङ्क	२८
तालिका ७	: राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क	२९
तालिका ८	: नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति दर	२९
तालिका ९	: वैदेशिक व्यापार स्थिति८	३०
तालिका १०	: भारततर्फ निर्यात गरिएका प्रमुख वस्तुहरू	३१
तालिका ११	: भारतबाट आयात गरिएका प्रमुख वस्तुहरू	३२
तालिका १२	: चीनतर्फ निर्यात गरिएका प्रमुख वस्तुहरू	३३
तालिका १३	: चीनबाट आयात गरिएका प्रमुख वस्तुहरू	३४
तालिका १४	: अन्य मुलुकतर्फ निर्यात गरिएका प्रमुख वस्तुहरू	३५
तालिका १५	: अन्य मुलुकबाट आयात गरिएका प्रमुख वस्तुहरू	३६
तालिका १६	: शोधनान्तर स्थिति	३८
तालिका १७	: विदेशी विनिमय सञ्चिति	४०
तालिका १८	: वैदेशिक सम्पत्ति र दायित्वको विवरण	४१
तालिका १९	: सरकारको वित्त स्थिति	४२
तालिका २०	: नेपाल सरकारको राजस्व सङ्कलन	४३
तालिका २१	: नेपाल सरकारको कुल आन्तरिक ऋण	४३
तालिका २२	: मौद्रिक सर्वेक्षण	४४
तालिका २३	: केन्द्रीय बैंक सर्वेक्षण	४५
तालिका २४	: बैंक तथा वित्तीय संस्थाहरूको सम्पत्ति र दायित्वको विवरण	४६
तालिका २५	: वाणिज्य बैंकहरूको सम्पत्ति र दायित्वको विवरण	४८
तालिका २६	: विकास बैंकहरूको सम्पत्ति र दायित्वको विवरण	५०
तालिका २७	: वित्त कम्पनीहरूको सम्पत्ति र दायित्वको विवरण	५२
तालिका २८	: बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जाको क्षेत्रगत विवरण	५४
तालिका २९	: बैंक तथा वित्तीय संस्थाले प्राथमिकताप्राप्त क्षेत्रमा प्रदान गरेको कर्जाको विविरण	५५
तालिका ३०	: लघुवित्त वित्तीय संस्थाहरूको साधनको स्रोत तथा उपयोगको विवरण	५६
तालिका ३१	: बीमा कम्पनीहरूको साधनको स्रोत तथा उपयोगको विवरण	५७
तालिका ३२	: कर्मचारी सञ्चय कोषको साधनको स्रोत तथा उपयोगको विवरण	५८
तालिका ३३	: नागरिक लगानी कोषको साधनको स्रोत तथा उपयोगको विवरण	५९
तालिका ३४	: नेपालको वित्तीय प्रणालीको संरचना	६०
तालिका ३५	: सेयर बजार परिसूचक	६१
तालिका ३६	: नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत भएका धितोपत्रहरू	६२
तालिका ३७	: सूचीकृत कम्पनीहरू र बजार पुँजीकरणको स्थिति	६३

भाग १ अनुसूची

अनुसूची १.१	: वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको नामावली	६४

भाग २

नेपाल राष्ट्र बैंकको कामकारबाही

आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति ७०

उद्देश्य तथा लक्ष्यहरू ७०

मौद्रिक नीतिको अन्तरिम तथा सञ्चालन लक्ष्य ७१

मौद्रिक नीतिका उपकरणहरू ७१

मौद्रिक व्यवस्थापन ७२

तरलता व्यवस्थापन ७२

सरकारी ऋणपत्रसम्बन्धी कारोवार ७३

आन्तरिक ऋण व्यवस्थापन ७३

वित्तीय क्षेत्र सुधार, नियमन तथा वित्तीय पहुँच विस्तार ७३

नियमन तथा वित्तीय क्षेत्र सुधार ७३

नियामकीय व्यवस्थाहरू ७३

वित्तीय स्थायित्व प्रतिवेदन तथा तथ्याङ्क प्रकाशन ७९

वित्तीय पहुँच अभिवृद्धि ७९

वित्तीय संस्थाहरु एकआपसमा गाभ्ने, गाभिने तथा प्राप्ती सम्बन्धी कार्य ८०

बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू रोक्का, फुकुवा तथा विवरण माग ८०

सहुलियतपूर्ण कर्जा तथा विपन्न वर्ग कर्जा ८०

मार्जिन कारोबारका लागि कर्जा प्रदान गर्न स्वीकृति प्रदान ८१

बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण ८१

बैंक सुपरिवेक्षण ८१

वित्तीय संस्था सुपरिवेक्षण ८३

लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण ८४

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण ८५

सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण ८५

विदेशी विनिमय व्यवस्थापन ८६

विदेशी विनिमय नियमन ८६

विदेशी मुद्रा कारोबार गर्न इजाजत ८९

वस्तु तथा सेवा आयात/निर्यात ८९

विदेशी विनिमय सञ्चिति तथा लगानी ८९

वैदेशिक लगानी तथा ऋण ९०

भुक्तानी प्रणाली ९०

सूचना प्रविधि ९३

मुद्रा व्यवस्थापन ९३

मानव संसाधन व्यवस्थापन ९६

विविध ९६

बजेट व्यवस्थापन, संस्थागत जोखिम न्यूनीकरण तथा रणनीतिक योजना ९६

बजेट एवम् जोखिम व्यवस्थापन ९६

रणनीतिक योजना कार्यान्वयन ९७

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कार्य ९७

कानुन तथा बहस/पैरवी ९९

आन्तरिक लेखापरीक्षण ९९
सम्पत्ति तथा सेवा व्यवस्थापन ९९
बैंकिङ कारोबार १००
टक्सारसम्बन्धी कार्य १०२
सञ्चालक समितिको बैठक १०२
वैदेशिक सहायता समन्वय १०२
तालिम, गोष्ठी, सेमिनार, भ्रमण तथा अन्तरक्रिया कार्यक्रम १०३
वित्तीय समावेशिता १०३
वित्तीय साक्षरता १०३
बजार आचरण सुपरिवेक्षण/वित्तीय ग्राहक संरक्षण १०४
अध्ययन अनुसन्धान तथा प्रकाशनसम्बन्धी कार्य १०४
प्रदेशस्थित कार्यालयहरूका प्रमुख गतिविधिहरू १०५

तालिका सूची

तालिका २.१ : मुद्रास्फीति तथा विदेशी विनिमय सञ्चिति पर्याप्तता ७०
तालिका २.२ : मुद्राप्रदाय तथा आन्तरिक कर्जा ७१
तालिका २.३ : ब्याजदर कोरिडर तथा नीतिगत दर (प्रतिशत प्रतिवर्ष) ७१
तालिका २.४ : बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात ७२
तालिका २.५ : आर्थिक वर्ष २०८२/८३ मा तरलता प्रशोचन ७२
तालिका २.६ : नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रको विवरण ७३
तालिका २.७ : स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति ७९
तालिका २.८ : वाणिज्य बैंकका मुख्य परिसूचकहरू ८२
तालिका २.९ : विकास बैंक र वित्त कम्पनीहरूको प्रमुख परिसूचकहरू (अपरिष्कृत) ८३
तालिका २.१० : आर्थिक वर्ष २०८२/८३ को साधन, स्रोत तथा उपयोगको स्थिति ८५
तालिका २.११ : विद्युतीय भुक्तानीका सूचकहरू ९२
तालिका २.१२ : RTGS का प्रत्यक्ष सहभागी संस्थाहरू ९२
तालिका २.१३ : RTGS प्रणालीमार्फत भएका कारोबार विवरण ९२
तालिका २.१४ : नयाँ नोट स्टक मौज्दात विवरण ९४
तालिका २.१५ : नोट स्टकबाट चलनचल्तीमा निष्कासित नोटको विवरण ९४
तालिका २.१६ : चलनचल्तीमा रहेको बैंकनोटको विवरण (२०८३ असार मसान्तसम्म) ९५
तालिका २.१७ : चलनचल्तीमा पठाउन अयोग्य नोटहरू धुल्याने कार्यको विवरण ९५
तालिका २.१८ : शंकास्पद कारोबार/गतिविधिसम्बन्धी अपरिष्कृत विवरण (आर्थिक वर्ष २०८२/८३ मा प्राप्त) ९८
तालिका २.१९ : अदालतमा रहेका मुद्दाको विवरण ९८
तालिका २.२० : ECC प्रणाली तथा IPS मार्फत भएका कारोबार विवरण १०१
तालिका २.२१ : भा.रु. कोषसम्बन्धी विवरण १०१
तालिका २.२२ : आर्थिक वर्ष २०८२/८३ मा प्राप्त गुनासोसम्बन्धी विवरण १०४

चार्ट सूची

चार्ट २.१ : कुल कर्जाको संरचना (आर्थिक वर्ष २०८२/८३) ८०

भाग २ तालिकाहरू

तालिका १ : चलनचल्तीमा रहेका विभिन्न दरका नोटहरू १०६
तालिका २ : नोटको सुरक्षण १०६
तालिका ३ : बैंकर्स प्रशिक्षण केन्द्रबाट सञ्चालित तालिमहरू १०७
तालिका ४ : वैदेशिक तालिम, सेमिनार, बैठक तथा गोष्ठीहरू १०८
तालिका ५ : अन्य निकायद्वारा स्वदेशमा सञ्चालित तालिम, सेमिनार, बैठक तथा गोष्ठीहरू ११०
तालिका ६ : काठमाडौं उपत्यकाबाहिरका कार्यालयहरूबाट आर्थिक वर्ष २०८२/८३ मा भएको तोडा चलान एवम् विदेशी मुद्रा खरिद-बिक्रीको विवरण ११२
तालिका ७ : आ.व. २०८२/८३ मा बिक्री तथा वितरण गरिएका सुन तथा चाँदीका स्मारिका सिक्का, मेडालियन तथा पदकको विवरण ११३

भाग २ अनुसूची

अनुसूची २.१ : समष्टिगत निरीक्षण गरिएका वाणिज्य बैंकहरू ११४
अनुसूची २.२ : समष्टिगत निरीक्षण गरिएका वित्तीय संस्थाहरू ११५
अनुसूची २.३ : समष्टिगत निरीक्षण गरिएका लघुवित्त वित्तीय संस्थाहरू ११६
अनुसूची २.४ : AML/CFT मा आधारित निरीक्षण ११७
अनुसूची २.५ : पाँच वर्षको जनशक्ति तथा कार्यरत जनशक्तिसम्बन्धी विवरण ११८
अनुसूची २.६ : आर्थिक वर्ष २०८२/८३ मा भएको पदपूर्तिसम्बन्धी विवरण ११९
अनुसूची २.७ : पाँच वर्षको पदपूर्तिसम्बन्धी विवरण ११९
अनुसूची २.८ : सञ्चालक समिति (२०८२ असार मसान्त) १२०
अनुसूची २.९ : विशिष्ट श्रेणी र प्रथम श्रेणी अधिकृतहरूको नामावली १२०

भाग ३
नेपाल राष्ट्र बैंकको वित्तीय अवस्थाको विवरण

सम्पत्ति तथा दायित्व १२३
आय विवरण १२४
वित्तीय अवस्थाको विवरण १२५

कार्यकारी सारांश

१. अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) द्वारा सन् २०२६ अक्टोबरमा प्रकाशित World Economic Outlook अनुसार सन् २०२५ मा विश्वको आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहेकोमा सन् २०२६ र २०२७ मा विश्व अर्थतन्त्रको वृद्धिदर क्रमशः ३.१ प्रतिशत र ३.४ प्रतिशत रहने प्रक्षेपण रहेको छ। सन् २०२५ मा विकसित अर्थतन्त्रहरूको समग्र आर्थिक वृद्धिदर १.६ प्रतिशत र उदीयमान र विकासोन्मुख अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर ४.२ प्रतिशत हुने कोषको प्रक्षेपण छ।

२. सन् २०२६ मा विकसित देशहरूमा उपभोक्ता मुद्रास्फीति ३.१ प्रतिशत र उदीयमान तथा विकासोन्मुख देशहरूमा ५.७ प्रतिशत रहने कोषको अनुमान छ। सन् २०२५ मा विकसित देशहरूमा उपभोक्ता मुद्रास्फीति २.५ प्रतिशत र उदीयमान तथा विकासोन्मुख देशहरूमा ५.२ प्रतिशत रहेको थियो।

३. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ३.६८ प्रतिशत तथा उत्पादकको मूल्यमा ३.८५ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ। समीक्षा वर्षमा कृषि क्षेत्रको उत्पादन १.५८ प्रतिशतले वृद्धि भएको र गैर-कृषि क्षेत्रको उत्पादन ४.५४ प्रतिशतले वृद्धि भएको अनुमान छ।

४. आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति २०८२ असार २७ गते सार्वजनिक गरिएको थियो। वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.० प्रतिशत हाराहारीमा राख्ने मौद्रिक नीतिको लक्ष्य रहेको थियो। साथै, न्यूनतम सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेको थियो।

५. आर्थिक वर्ष २०८२/८३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.०८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा वार्षिक औसत मुद्रास्फीति ४.०६ प्रतिशत रहेको थियो।

६. आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु निर्यात १३.८ प्रतिशतले वृद्धि भई रु.३१५ अर्ब २९ करोड र कुल वस्तु आयात १६.२ प्रतिशतले वृद्धि भई रु.२०९६ अर्ब ३८ करोड पुगेको छ। समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटा १६.६ प्रतिशतले वृद्धि भई रु.१७८१ अर्ब ९ करोड पुगेको छ। कुल वस्तु व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको २७.० प्रतिशत रहेको छ।

७. आर्थिक वर्ष २०८२/८३ मा चालु खाता रु.९२३ अर्ब ५६ करोडले र शोधनान्तर रु.१०२७ अर्ब ४ करोडले बचतमा रहेको छ। २०८३ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु.३८९७ अर्ब ६७ करोड बराबर कायम भएको छ। अमेरिकी डलरमा विदेशी विनिमय सञ्चिति रु.२५ अर्ब ३१ करोड रहेको छ। २०८३ असार मसान्तमा कायम रहेको विदेशी विनिमय सञ्चितिले २३ महिनाको वस्तु आयात र १९.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने देखिन्छ।

८. आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारको अन्य प्राप्तिसमेत गरी रु.१२४१ अर्ब ३२ राजस्व सङ्कलन भएको छ। कुल सरकारी खर्च रु.१५८२ अर्ब १७ करोड रहेको छ।

९. आर्थिक वर्ष २०८२/८३ मा विस्तृत मुद्राप्रदाय १३.४ प्रतिशतले र सङ्कुचित मुद्राप्रदाय १७.९ प्रतिशतले बढेको छ। त्यसैगरी, कुल आन्तरिक कर्जा २.१ प्रतिशतले तथा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ६.६ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १३.९ प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा ६.५ प्रतिशतले बढेको छ।

१०. आर्थिक वर्ष २०८२/८३ मा पटक पटक गरी कुल रु.४२,५१६ अर्ब २५ करोड तरलता प्रशोचन गरिएको छ भने ओभरनाइट तरलता सुविधामार्फत रु.१२ अर्ब ५० करोड तरलता प्रवाह गरिएको छ।

११. आर्थिक वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाहरूको भारित औसत अन्तरबैंक दर २.७५ प्रतिशत रहेको छ ।

१२. २०८३ असारमा निक्षेपको भारित औसत ब्याजदर वाणिज्य बैंकहरूको ३.२१ प्रतिशत, विकास बैंकहरूको ३.५६ प्रतिशत र वित्त कम्पनीहरूको ४.३१ प्रतिशत रहेको छ । त्यसैगरी, कर्जाको भारित औसत ब्याजदर वाणिज्य बैंकहरूको ६.५५ प्रतिशत, विकास बैंकहरूको ७.७० प्रतिशत र वित्त कम्पनीहरूको ८.५५ प्रतिशत रहेको छ ।

१३. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या २०८३ असार मसान्तमा १०५ रहेको छ । यसमध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १६ वित्त कम्पनी, ५१ लघुवित्त संस्था र १ पूर्वाधार विकास बैंक रहेका छन् । २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको शाखा सङ्ख्या ११,३३२ रहेको छ ।

१४. २०८३ असार मसान्तमा वाणिज्य बैंकहरूको कुल सम्पत्ति/दायित्व १३.९ प्रतिशतले वृद्धि भई रु.९२२१ अर्ब १२ करोड, विकास बैंकहरूको ५.८ प्रतिशतले वृद्धि भई रु.७९७ अर्ब ४५ करोड, वित्त कम्पनीहरूको ८.३ प्रतिशतले वृद्धि भई रु.१९० अर्ब १८ करोड र लघुवित्त वित्तीय संस्थाहरूको ८.७ प्रतिशतले वृद्धि भई रु.६५० अर्ब ४५ करोड कायम भएको छ ।

१५. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०८३ असार मसान्तसम्म रु.३६९ अर्ब ५५ करोड कर्जा र रु.१८५७ अर्ब १७ करोड निक्षेप सुरक्षण गरेको छ ।

१६. कर्जा सूचना केन्द्रबाट आर्थिक वर्ष २०८२/८३ मा २० वाणिज्य बैंक, १ पूर्वाधार विकास बैक, १७ विकास बैंक, १६ वित्त कम्पनी, ५० लघुवित्त वित्तीय संस्था र १० हायर पर्चेज कम्पनीले जम्मा ६७ लाख ४ हजार ३५० कर्जासम्बन्धी सूचना माग गरेका थिए । उक्त केन्द्रमा २०८३ असार मसान्तमा कालोसूचीमा सूचीकृत ऋणीको सङ्ख्या १ लाख ७० हजार ७९३ रहेको छ ।

१७. २०८३ असार मसान्तमा नेप्से सूचकाङ्क २५९७.८ विन्दु रहेको छ । बजार पुँजीकरण रु.४४६३ अर्ब ५५ करोड पुगेको छ । बजार पुँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ६७.६३ प्रतिशत रहेको छ ।

१८. २०८३ असार मसान्तमा यस बैंकको विदेशी विनिमय सञ्चिति लगानी अमेरिकी डलरमा २३ अर्ब १३ करोड रहेको छ । विदेशी विनिमय सञ्चिति लगानीलाई विभिन्न बैंकहरूमा आवधिक निक्षेप, Unallocated Gold (सुन) केन्द्रीय बैंकबाट जारी हुने ट्रेजरी विल्स, नोट्स तथा बण्डस्, बैंक फर इन्टरनेसनल सेटलमेन्टले जारी गरेका FIXBIS र Medium Term Investment (MTI) लगायतका लगायतका उपकरणहरूमा केन्द्रित गरिएको छ ।

१९. आर्थिक वर्ष २०८२/८३ मा रु.१९ अर्ब ५० करोड बराबरको विदेशी लगानी र रु.५० अर्ब २२ करोड बराबरको विदेशी ऋण लेखाङ्कन भएको छ ।

२०. आर्थिक वर्ष २०८२/८३ मा रु.४६ अर्ब १० करोड १५ लाख बराबरका विभिन्न दरका ८ करोड ४२ लाख ५० हजार थान नयाँ नोटहरू चलनचल्तीको लागि निष्कासन गरिएका थिए । २०८३ असार मसान्तसम्ममा कुल रु.८ खर्ब ७ अर्ब ६९ करोड बराबरका विभिन्न दरका नोटहरू चलनचल्तीमा रहेका छन् ।

२१. २०८३ असारमसान्तमा बैंकमा प्रशासनतर्फ १,०९१ र प्राविधिकतर्फ ७५ गरी कुल १,१६६ जना कर्मचारीहरू कार्यरत रहेका छन् । कार्यरत कुल मानव संसाधनमध्ये तहगत रुपमा हेर्दा अधिकृततर्फ ७०२, सहायकतर्फ ४१३ र श्रेणीविहीन कार्यालय सहयोगीतर्फ ५१ जना रहेका छन् ।

२२. आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा २० वाणिज्य बैंक, १७ विकास बैंक, १५ वित्त कम्पनी र १९ (थप ७ गरी) लघुवित्त वित्तीय संस्थाहरूलाई भुक्तानी सेवा प्रदायकको रूपमा कार्य गर्न अनुमतिपत्र प्रदान गरिएको छ । समीक्षा अवधिमा १३ भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूको अनुमतिपत्र नवीकरण गरिएको छ ।

२३. २०८३ असारमसान्तमा २० वाणिज्य बैंक, १२ विकास बैंक, १३ वित्त कम्पनी र नेपाल पूर्वाधार विकास बैंक गरी हाल जम्मा ४६ बैंक तथा वित्तीय संस्थाहरू RTGS प्रणालीमा आबद्ध भएका छन् ।

२४. २०८३ असार मसान्तको वित्तीय अवस्थाको विवरणअनुसार यस बैंकको सम्पत्ति तथा दायित्व २०८२ असार मसान्तको तुलनामा ४५.०६ प्रतिशतले वृद्धि भई रु.३८ खर्ब ७४ अर्ब ८२ करोड १० लाख ३७ हजार पुगेको छ ।

२५. आर्थिक वर्ष २०८२/८३ को विदेशी विनिमय तथा अन्य सम्पत्ति पुनर्मूल्याङ्कन लाभ/हानि समायोजन अघिको खुद आय अघिल्लो वर्षको तुलनामा ३.८४ प्रतिशतले वृद्धि भई रु.८३ अर्ब ५६ करोड ९४ लाख ७६ हजार पुगेको छ ।

२६. सञ्चालक समितिको मिति २०८३/०७/३० को बैठकबाट बैंकको खुद मूनाफामध्ये विभिन्न कोषहरुमा छुट्टयाउनु पर्ने आवश्यक रकम विनियोजन गरी बाँकी रकम रु.४२ अर्ब नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय गरेको छ ।

भाग

१

समष्टिगत आर्थिक तथा वित्तीय अवस्था

विश्व आर्थिक स्थिति तथा परिदृश्य १

नेपालको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति १

- कुल गार्हस्थ्य उत्पादन १
- मुद्रास्फीति र तलब तथा ज्यालादर सूचकाङ्क ४
- बाह्य क्षेत्र ५
- सरकारी वित्त स्थिति ९
- मौद्रिक तथा वित्तीय स्थिति १५
- धितोपत्र बजार २२

तालिकाहरू २४

अनुसूची ६४

भाग

१

समष्टिगत आर्थिक तथा वित्तीय अवस्था

विश्व आर्थिक स्थिति एवम् परिदृश्य

१.१ अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) द्वारा २०२६ अक्टोबरमा प्रकाशित World Economic Outlook अनुसार सन् २०२५ मा विश्वको आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहेको अनुमान छ । सन् २०२६ र २०२७ मा विश्व अर्थतन्त्रको वृद्धिदर क्रमशः ३.१ प्रतिशत र ३.४ प्रतिशत रहने प्रक्षेपण छ ।

१.२ विकसित अर्थतन्त्रहरुको समग्र आर्थिक वृद्धिदर सन् २०२५ मा २.० प्रतिशत रहेकोमा सन् २०२६ मा २.१ प्रतिशत र सन् २०२७ मा १.८ प्रतिशत हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ । उदीयमान र विकासोन्मुख अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर सन् २०२५ मा ४.५ प्रतिशत रहेकोमा सन् २०२६ मा ३.७ प्रतिशत र सन् २०२७ मा ४.४ प्रतिशत रहने प्रक्षेपण छ । उदीयमान तथा विकासोन्मुख एशियाली अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर सन् २०२५ मा ५.६ प्रतिशत रहेकोमा सन् २०२६ मा ५.१ प्रतिशत र सन् २०२७ मा ४.९ प्रतिशत हुने प्रक्षेपण छ । सन् २०२५ मा भारतको आर्थिक वृद्धिदर ७.८ प्रतिशत रहेकोमा सन् २०२६ मा ७.० प्रतिशत र सन् २०२७ मा ७.० प्रतिशत रहने प्रक्षेपण छ । त्यसैगरी, चीनको आर्थिक वृद्धिदर सन् २०२५ मा ५.० प्रतिशत रहेकोमा सन् २०२६ मा ४.५ प्रतिशत र सन् २०२७ मा ४.० प्रतिशत हुने प्रक्षेपण छ ।


१.३ सन् २०२५ मा विकसित अर्थतन्त्रहरुमा उपभोक्ता मुद्रास्फीति २.५ प्रतिशत र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रहरुमा ५.२ प्रतिशत कायम रहेको छ । सन् २०२६ मा विकसित अर्थतन्त्रहरुमा मुद्रास्फीति ३.१ प्रतिशत र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रहरुमा ५.७ प्रतिशत रहने मुद्राकोषको प्रक्षेपण छ ।सन् २०२५ मा ५.० प्रतिशतले विस्तार भएको वस्तु तथा सेवाको विश्व व्यापार सन् २०२६ मा ४.६ प्रतिशतले बढ्ने कोषको प्रक्षेपण छ ।

नेपालको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

कुल गार्हस्थ्य उत्पादन

१.४ आर्थिक वर्ष २०८२/८३ मा देशको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ३.६८ प्रतिशत तथा उत्पादकको मूल्यमा ३.८५ प्रतिशत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमान छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ३.८० प्रतिशत र ४.४३ प्रतिशत रहेको थियो ।

चार्ट १.१ : कुल गार्हस्थ्य उत्पादन वृद्धिदर
(आधारभूत मूल्यमा)




१.५ समीक्षा वर्षमा कृषि क्षेत्रको उत्पादन १.५८ प्रतिशतले वृद्धि भएको र गैर-कृषि क्षेत्रको उत्पादन ४.५४ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ । अघिल्लो वर्ष कृषि क्षेत्रको उत्पादन ३.०५ प्रतिशत तथा गैर-कृषि क्षेत्रको उत्पादन ४.१२ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०८२/८३ मा गैर-कृषि क्षेत्रअन्तर्गत उद्योग क्षेत्रको उत्पादन ५.६७ प्रतिशत र सेवा क्षेत्रको उत्पादन ४.२१ प्रतिशतले वृद्धि भएको अनुमान छ ।

अघिल्लो वर्ष उद्योग क्षेत्र ३.३१ प्रतिशतले वृद्धि भएको थियो भने सेवा क्षेत्रको वृद्धिदर ४.३६ प्रतिशत रहेको थियो ।

कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

१.६ समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग तथा सेवा क्षेत्रको अंश क्रमशः २४.०३ प्रतिशत, १४.१६ प्रतिशत र ६१.८१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा यी क्षेत्रहरूको अंश क्रमशः २४.५० प्रतिशत, १३.७० प्रतिशत र ६१.८० प्रतिशत रहेको थियो । प्रदेशगत आर्थिक वृद्धि तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै हिस्सा बागमती प्रदेशको ३६.७१ प्रतिशत र सबैभन्दा थोरै कर्णाली प्रदेशको ४.२० प्रतिशत रहेको अनुमान छ ।

चार्ट १.२ : क्षेत्रगत आर्थिक वृद्धिदर



१.७ वृहत औद्योगिक वर्गीकरणको आधारमा समीक्षा वर्ष कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र (कृषि तथा वन, मत्स्यपालन र खानी तथा उत्खनन्), द्वितीय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत ग्याँस तथा पानी र निर्माण) तथा तृतीय (सेवा) क्षेत्रको अंश क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा यी क्षेत्रहरूको अंश क्रमशः २४.९६ प्रतिशत, १३.२५ प्रतिशत र ६१.८० प्रतिशत रहेको थियो ।

तालिका १.१ : कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको अंश (प्रचलित मूल्यमा)

(प्रतिशतमा)

क्षेत्र	कुल गार्हस्थ्य उत्पादनमा अंश				
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२सं.	२०८२/८३प्रा.
प्राथमिक क्षेत्र*	२५.००	२४.५३	२४.९३	२४.९६	२४.४६
द्वितीय क्षेत्र**	१३.७०	१३.००	१३.१३	१३.२५	१३.७३
तृतीय क्षेत्र***	६१.३०	६२.४७	६१.९४	६१.८०	६१.८१

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

* कृषि, वन, तथा मत्स्यपालन र खानी तथा उत्खनन, ** उत्पादनमूलक उद्योग, विद्युत्, ग्याँस तथा पानी र निर्माण

*** सेवा क्षेत्र, प्रा.: प्रारम्भिक अनुमान, सं.: संशोधित अनुमान

कृषि

१.८ आर्थिक वर्ष २०८२/८३ मा कृषि, वन र मत्स्यपालन क्षेत्रको वृद्धिदर १.५८ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर ३.०५ प्रतिशत रहेको थियो ।

उद्योग

१.९ समीक्षा वर्ष उद्योग क्षेत्रको वृद्धिदर ५.६७ प्रतिशत भएको अनुमान छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ३.३१ प्रतिशत रहेको थियो ।

१.१० समीक्षा वर्ष उद्योग क्षेत्रअन्तर्गत विद्युत् तथा ग्याँस क्षेत्र, खानी तथा उत्खनन् क्षेत्र, उत्पादनमूलक उद्योग क्षेत्र, निर्माण क्षेत्र र पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन क्षेत्रको उत्पादन क्रमशः २०.९३ प्रतिशत, ३.५२ प्रतिशत, २.८३ प्रतिशत, २.२१ प्रतिशत र १.९९ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष विद्युत् तथा ग्याँस क्षेत्र, खानी तथा उत्खनन् क्षेत्र, उत्पादनमूलक उद्योग क्षेत्र, निर्माण क्षेत्र र पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन क्षेत्रको उत्पादन क्रमशः १२.७१ प्रतिशत, १.३९ प्रतिशत २.२७ प्रतिशत, ०.९६ प्रतिशत र २.०५ प्रतिशतले वृद्धि भएको थियो।

सेवा

१.११ समीक्षा वर्ष सेवा क्षेत्र ४.२१ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर ४.३६ प्रतिशत रहेको थियो।

१.१२ चालु आर्थिक वर्षमा सेवा क्षेत्रअन्तर्गत वित्तीय तथा बीमासम्बन्धी क्षेत्र, यातायात तथा भण्डारण क्षेत्र, सूचना तथा सञ्चार क्षेत्र, प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्र, थोक तथा खुद्रा व्यापार र गाडि तथा मोटरसाइकल मर्मत सेवा क्षेत्र, मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप क्षेत्र, पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप क्षेत्र, आवास तथा भोजन सेवा क्षेत्र, रियल स्टेट क्षेत्र, अन्य सेवासम्बन्धी क्रियाकलाप क्षेत्र, शिक्षा क्षेत्र, सार्वजनिक प्रशासन तथा रक्षा; अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको उत्पादन क्रमशः ९.१६ प्रतिशतले, ५.७९ प्रतिशतले, ५.५३ प्रतिशतले, ४.५२ प्रतिशतले, ४.५१ प्रतिशतले, ४.०४ प्रतिशतले, ३.२७ प्रतिशतले, ३.१२ प्रतिशतले, २.६९ प्रतिशतले, २.६५ प्रतिशतले, १.५० प्रतिशतले, र ०.२३ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष सेवा क्षेत्रअन्तर्गत वित्तीय तथा बीमासम्बन्धी क्षेत्र, यातायात तथा भण्डारण क्षेत्र, सूचना तथा सञ्चार क्षेत्र, प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्र, थोक तथा खुद्रा व्यापार र गाडि तथा मोटरसाइकल मर्मत सेवा क्षेत्र, मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप क्षेत्र, पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप क्षेत्र, आवास तथा भोजन सेवा क्षेत्र, रियल स्टेट क्षेत्र, अन्य सेवासम्बन्धी क्रियाकलाप क्षेत्र, शिक्षा क्षेत्र, सार्वजनिक प्रशासन तथा रक्षा; अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको उत्पादन क्रमशः ७.५५ प्रतिशतले, ७.०७ प्रतिशतले, ४.८८ प्रतिशतले, ३.७३ प्रतिशतले, ३.८८ प्रतिशतले, ४.६९ प्रतिशतले, ४.०३ प्रतिशतले, ४.६१ प्रतिशतले, २.७७ प्रतिशतले, ४.०६ प्रतिशतले, २.३६ प्रतिशत र ३.०० प्रतिशतले वृद्धि भएको थियो।

बचत तथा कुल राष्ट्रिय खर्चयोग्य आय

१.१३ आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश ९३.११ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ९०.२९ प्रतिशत रहेको अनुमान छ।

१.१४ आर्थिक वर्ष २०८२/८३ मा कुल राष्ट्रिय खर्चयोग्य आय (Gross National Disposable Income at Current Prices) ९.३४ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो आय ९.७९ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय खर्चयोग्य आयको अनुपात १३५.०६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात १३१.५० प्रतिशत रहेको थियो।

तालिका १.२ : कुल खर्चयोग्य आय (प्रचलित मूल्यमा)

विवरण	रु.अर्बमा			प्रतिशत परिवर्तन	
	२०८०/८१	२०८१/८२*	२०८२/८३**	२०८१/८२	२०८२/८३
कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)@	५७६०.२३	६१९९.८७	६६००.१०	७.६३	६.४६
खुद प्राथमिक आय#	९४.०७	७८.४७	९६.४८	-१६.५८	२२.९६
खुद चालु हस्तान्तरण#	१५७१.२४	१८७४.३०	२२१७.५१	१९.२९	१८.३१
कुल राष्ट्रिय खर्चयोग्य आय @	७४२५.५५	८१५२.६३	८९१४.०९	९.७९	९.३४


स्रोत : @ राष्ट्रिय तथ्याङ्क कार्यालय, # नेपाल राष्ट्र बैंक
* संशोधित अनुमान, ** प्रारम्भिक अनुमान

मुद्रास्फीति र तलब तथा ज्याला सूचकाङ्क

उपभोक्ता मुद्रास्फीति

१.१५ आर्थिक वर्ष २०८२/८३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.०८ प्रतिशतमा सीमित रह्यो। अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ४.०६ प्रतिशत रहेको थियो। समीक्षा वर्षको पहिलो पाँच महिनासम्म खाद्य तथा खाद्यजन्य पदार्थ, तरकारी, दाल, गेडागुडी, मरमसला लगायत खाद्य वस्तुको मूल्य वृद्धिदर ऋणात्मक रहेकाले सुरुका महिनाहरुमा उपभोक्ता मुद्रास्फीतिमा दबाब कम रहेको थियो। तर, त्यसपश्चात् ती वस्तुहरुको मूल्य बढ्नुका साथै गैर-खाद्य तथा सेवा समूह अन्तर्गत शिक्षा र विविध वस्तु तथा सेवाहरूको मूल्य वर्षको सुरुवातबाट नै एकनासले नै बढ्दै गएको र वर्षको अन्त्यतिर यातायातको मूल्यसमेत उल्लेख्य रुपमा बढेकाले पछिल्ला महिनाहरुमा भने मुद्रास्फीतिमा चाप बढ्दै गएको थियो। भारतसहित विश्वका अधिकांश अर्थतन्त्रहरूमा मुद्रास्फीतिमा उल्लेख्यनीय सुधार आएको, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा आएको गिरावटका कारण नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको तथा आन्तरिक माग कमजोर रहेको हुनाले उपभोक्ता मुद्रास्फीतिमा तुलनात्मक रुपमा कम दबाब पर्न गई मौद्रिक नीतिले लिएको लक्ष्य भित्र सीमित हुन पुगेको हो।

चार्ट १.३ : वार्षिक औसत उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)



१.१६ समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूह र गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति क्रमशः १.०४ प्रतिशत र ४.२१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यी समूहहरूको वार्षिक औसत मुद्रास्फीति क्रमशः ४.६९ प्रतिशत र ३.७१ प्रतिशत रहेको थियो।

१.१७ समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत फलफूल र घ्यु तथा तेल र गैर-खाद्य तथा सेवा समूह अन्तर्गत शिक्षा र विविध वस्तु तथा सेवाहरू उपसमूहको मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा उल्लेख्य रुपमा बढेको छ। यद्यपि तरकारी, मरमसला, दलहन तथा गेडागुडी र खाद्य तथा खाद्यजन्य पदार्थ उपसमूहको मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा घटेको छ। गैर-खाद्य तथा सेवा समूह अन्तर्गत बीमा तथा वित्तीय सेवाहरु उपसमूहको मुद्रास्फीति न्युन मात्रामा घटेको र बाँकी सबै उपसमूहहरुको बार्षिक औसत् मुद्रास्फीति धनात्मक रहेको छ।

१.१८ समीक्षा वर्षमा काठमाडौं उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.१६ प्रतिशत, तराईको ३.२८ प्रतिशत, पहाडको २.८१ प्रतिशत र हिमालको २.७३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति काठमाडौं उपत्यकामा ३.७७ प्रतिशत, तराईमा ४.१४ प्रतिशत, पहाडमा ३.८६ प्रतिशत र हिमालमा ४.८९ प्रतिशत रहेको थियो।

१.१९ समीक्षा वर्षमा ग्रामीण क्षेत्रको वार्षिक औसत उपभोक्ता मूल्य सूचकाङ्क २.६५ प्रतिशत र शहरी क्षेत्रको ३.२२ प्रतिशतले बढेको छ।

१.२० समीक्षा वर्षमा कोशी प्रदेशको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.७७ प्रतिशत, मधेश प्रदेशको ३.६५ प्रतिशत, बागमती प्रदेशको २.७९ प्रतिशत, गण्डकी प्रदेशको २.५९ प्रतिशत, लुम्बिनी प्रदेशको ३.२९ प्रतिशत, कर्णाली प्रदेशको २.६० प्रतिशत र सुदूरपश्चिम प्रदेशको २.०५ प्रतिशत रहेको छ ।

नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर

१.२१ समीक्षा वर्षमा नेपालको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.०८ प्रतिशत र भारतको २.६२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष नेपाल र भारतमा यस्तो मुद्रास्फीति क्रमशः ४.०६ प्रतिशत र ३.९१ प्रतिशत रहेको थियो ।

थोक मुद्रास्फीति

१.२२ समीक्षा वर्षमा वार्षिक औसत थोक मुद्रास्फीति ४.२७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ३.८४ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा थोक मूल्यअन्तर्गत प्राथमिक वस्तुहरूको वार्षिक औसत मुद्रास्फीति -४.१६ प्रतिशत, इन्धन तथा उर्जाको ७.६० प्रतिशत र उत्पादित वस्तुहरूको ९.०९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यी समूहहरूको वार्षिक औसत मुद्रास्फीति क्रमशः ७.२९ प्रतिशत, -३.९२ प्रतिशत र ३.०३ प्रतिशत रहेको थियो ।

१.२३ वृहत आर्थिक वर्गीकरणको आधारमा हेर्दा समीक्षा वर्षमा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु तथा पुँजीगत वस्तुको वार्षिक औसत थोक मुद्रास्फीति क्रमशः -०.६७ प्रतिशत, ७.३४ प्रतिशत र ३.२९ प्रतिशत रहेको छ ।

राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क

१.२४ समीक्षा वर्षमा राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क ५.७९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त सूचकाङ्क २.८५ प्रतिशतले बढेको थियो ।

१.२५ समीक्षा वर्षमा वार्षिक औसत तलब तथा ज्याला सूचकाङ्कको बृद्धिदर कोशी प्रदेशमा ५.९४ प्रतिशत, मधेश प्रदेशमा ४.१६ प्रतिशत, बागमती प्रदेशमा ४.७८ प्रतिशत, गण्डकी प्रदेशमा १०.२१ प्रतिशत, लुम्बिनी प्रदेशमा ८.०२ प्रतिशत, कर्णाली प्रदेशमा १.४४ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ५.५३ प्रतिशत रहेको छ ।

बाह्य क्षेत्र

वैदेशिक व्यापार

१.२६ आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु निर्यात १३.८ प्रतिशतले वृद्धि भई रु.३१५ अर्ब २९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात ८१.८ प्रतिशतले बढेको थियो । कुल गार्हस्थ्य उत्पादनमा कुल वस्तु निर्यातको अनुपात अघिल्लो वर्ष ४.५ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ४.८ प्रतिशत रहेको छ ।

१.२७ कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष ११७.८ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०८२/८३ मा १५.१ प्रतिशतले वृद्धि भई रु.२५८ अर्ब ६५ करोड पुगेको छ । वस्तुगत आधारमा समीक्षा वर्षमा भारततर्फ मुख्यतया सोयाविन तेल, पाम तेल, अलैंची, जुस, जुटका सामान, ब्रान्स लगायतका वस्तुहरूको निर्यातमा वृद्धि भएको छ ।

१.२८ चीनतर्फको निर्यात अघिल्लो वर्ष १.६ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०८२/८३ मा २८.० प्रतिशतले घटेर रु.१ अर्ब ८९ करोड कायम भएको छ । समीक्षा वर्षमा चीनतर्फ मुख्यतया ऊनी गलैचा, तयारी पोशाक, हस्तकलाका समानहरू लगायतका वस्तुहरूको निर्यात बढेको छ ।

१.२९ अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ६.७ प्रतिशतले बृद्धि भएकोमा आर्थिक वर्ष २०८२/८३ मा १०.१ प्रतिशतले वृद्धि भई रु.५४ अर्ब ७५ करोड कायम भएको छ । समीक्षा वर्षमा अन्य मुलुकतर्फ मुख्यतया चाउचाउ, तयारी पोशाक, पश्मिना, जडीबुटी, चिया लगायतका वस्तुहरूको निर्यात बढेको छ ।

१.३० आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु आयात १६.२ प्रतिशतले वृद्धि भई रु.२०९६ अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात १३.३ प्रतिशतले बढेको थियो । कुल गार्हस्थ्य उत्पादनमा कुल वस्तु आयातको अनुपात अघिल्लो वर्ष २९.१ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ३१.८ प्रतिशत पुगेको छ ।

१.३१ आर्थिक वर्ष २०८२/८३ मा भारतबाट भएको वस्तु आयात १३.० प्रतिशतले वृद्धि भई रु.१२१० अर्ब ६० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात ७.५ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा भारतबाट पेट्रोलियम पदार्थ, सवारी साधन तथा स्पेयर पार्टस्, अन्य मेसिनरी तथा पार्टस्, स्पोन्ज आइरन, अलुमिनियम लाप्सा, डण्डी, प्रोफाइल, पातलो पाता लगायतका वस्तुको आयात बढेको छ ।

१.३२ चीनबाट भएको वस्तु आयात अघिल्लो वर्ष १४.२ प्रतिशतले बढेकामा आर्थिक वर्ष २०८२/८३ मा २४.७ प्रतिशतले वृद्धि भई आई रु.४२५ अर्ब २५ करोड पुगेको छ । समीक्षा वर्षमा चीनबाट रासायनिक मल, टेलिकम उपकरण तथा पार्टस्, लत्ताकपडा, कम्प्यूटर तथा पार्टस्, विद्युत्तीय उपकरण लगायतका वस्तुहरूको आयात बढेको छ ।

१.३३ अन्य मुलुकबाट भएको वस्तु आयात अघिल्लो वर्ष ३१.७ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०८२/८३ मा १७.५ प्रतिशतले वृद्धि भई रु.४६० अर्ब ५३ करोड पुगेको छ । समीक्षा वर्षमा अन्य मुलुकबाट चाँदी, कच्चा सोयाबिन तेल, सुन, कच्चा पाम तेल, यातायात उपकरण तथा पार्टपुर्जा लगायतका वस्तुहरूको आयात बढेको छ ।

१.३४ आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु व्यापार घाटा १६.६ प्रतिशतले वृद्धि भई रु.१७८१ अर्ब ९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो व्यापार घाटा ६.० प्रतिशतले बढेको थियो । अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल व्यापार घाटाको अनुपात २४.६ प्रतिशत रहेकोमा समीक्षा वर्षमा २७.० प्रतिशत रहेको छ । समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा १२.५ प्रतिशतले बृद्धि भई रु.९५१ अर्ब ९५ करोड, चीनसँगको व्यापार घाटा २५.१ प्रतिशतले वृद्धि भई रु.४२३ अर्ब ३५ करोड र अन्य मुलुकसँगको व्यापार घाटा १८.६ प्रतिशतले वृद्धि भई रु.४०५ अर्ब ७८ करोड पुगेको छ ।

१.३५ कुल वस्तु व्यापार अघिल्लो वर्ष १९.२ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०८२/८३ मा १५.९ प्रतिशतले वृद्धि भई रु.२४११ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल व्यापारको अनुपात ३३.६ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ३६.५ प्रतिशत रहेको छ । कुल व्यापारमा भारतसँगको व्यापार अघिल्लो वर्ष १७.८ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०८२/८३ मा १३.४ प्रतिशले वृद्धि भई रु.१४६९ अर्ब २५ करोड पुगेको छ । चीनसँगको कुल व्यापार अघिल्लो वर्ष १४.१ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा २४.३ प्रतिशतले वृद्धि भई रु.४२७ अर्ब १४ करोड पुगेको छ । त्यसैगरी, अन्य मुलुकसँगको कुल व्यापार अघिल्लो वर्ष २८.३ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १६.७ प्रतिशतले वृद्धि भई रु.५१५ अर्ब २८ करोड पुगेको छ ।

१.३६ आर्थिक वर्ष २०८२/८३ मा निर्यात-आयात अनुपात १५.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात १५.४ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कुल निर्यात, कुल आयात, कुल वस्तु व्यापार घाटा र कुल व्यापारमा भारतसँगको अंश क्रमशः ८२.० प्रतिशत, ५७.७ प्रतिशत, ५३.४ प्रतिशत र ६०.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष भारतसँगको यी अंशहरू क्रमशः ८१.१ प्रतिशत, ५९.४ प्रतिशत, ५५.४ प्रतिशत र ६२.३ प्रतिशत रहेका थिए ।

सेवा खाता

१.३७ आर्थिक वर्ष २०८२/८३ मा सेवा खाता रु.७३ अर्ब ६० करोडले ऋणात्मक रहेको छ । अघिल्लो वर्ष यस्तो खाता रु.९० अर्ब ३० करोडले ऋणात्मक रहेको थियो ।

१.३८ आर्थिक वर्ष २०८२/८३ मा सेवा क्षेत्रतर्फको आय १५.२ प्रतिशतले बृद्धि भई रु.२७६ अर्ब ८३ करोड पुगेको छ । अघिल्लो वर्ष सेवा आय ४.८ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा सेवा खाताअन्तर्गत भ्रमण आय

१.५ प्रतिशतले वृद्धि भई रु.९० अर्ब ५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय ७.७ प्रतिशतले बढेको थियो ।

१.३९ आर्थिक वर्ष २०८२/८३ मा कुल सेवा भुक्तानी ६ प्रतिशतले वृद्धि भई रु.३५० अर्ब ४३ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो भुक्तानी ७.१ प्रतिशतले वृद्धि भएको थियो । सेवा भुक्तानीतर्फ भ्रमण खर्च ६.५ प्रतिशतले घटेर रु.२०९ अर्ब १० करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो खर्च १८.१ प्रतिशतले वृद्धि भएको थियो ।

ट्रान्सफर

१.४० आर्थिक वर्ष २०८२/८३ मा खुद ट्रान्सफर आय ३७.७ प्रतिशतले वृद्धि भई रु.२५८१ अर्ब ५३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय १९.३ प्रतिशतले बढेको थियो ।

१.४१ समीक्षा वर्षमा ट्रान्सफर आय ३७.६ प्रतिशतले वृद्धि भई रु.२५९४ अर्ब ६० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय १९.५ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा वर्षमा ट्रान्सफर भुक्तानी १०.२ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब ०७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो भुक्तानी ७७.१ प्रतिशतले बढेको थियो ।

१.४२ समीक्षा वर्षमा विप्रेषण आप्रवाह ३७.१ प्रतिशतले वृद्धि भई रु.२३६३ अर्ब १२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १९.२ प्रतिशतले बढेको थियो । अघिल्लो वर्ष विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २७.८ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ३५.८ प्रतिशत रहेको छ ।

१.४३ समीक्षा वर्षमा पेन्सन आय ३९.५ प्रतिशतले बृद्धि भई रु.८९ अर्ब ८० करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो आय ६.१ प्रतिशतले घटेको थियो ।

चालु खाता तथा शोधनान्तर

१.४४ आर्थिक वर्ष २०८२/८३ मा चालु खाता रु.९२३ अर्ब ५६ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष चालु खाता रु.४०९ अर्ब ८४ करोडले बचतमा रहेको थियो । समीक्षा वर्षमा चालु खाता बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १४.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष चालु खाता बचतको यस्तो अनुपात ६.६ प्रतिशत रहेको थियो ।

१.४५ समीक्षा वर्षमा पुँजी खातातर्फको ट्रान्सफर ८८.१ प्रतिशतले बृद्धि भई आई रु.१८ अर्ब ५० करोड कायम भएको छ । वित्तीय खाताअन्तर्गत खुद प्रत्यक्ष वैदेशिक लगानी अघिल्लो वर्ष रु.१२ अर्ब २ करोड रहेकोमा समीक्षा वर्षमा १३७ प्रतिशतले बृद्धि भई रु.२८ अर्ब ४९ करोड पुगेको छ ।

१.४६ समीक्षा वर्षमा शोधनान्तर स्थिति रु.१०२७ अर्ब ४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु. ५९४ अर्ब ५४ करोडले बचतमा रहेको थियो ।

१.४७ समीक्षा वर्षमा सरकारी क्षेत्रको वैदेशिक ऋण प्राप्ती ३१.९ प्रतिशतले घटेर रु.८८ अर्व ५० करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो ऋण प्राप्ती ४.५ प्रतिशतले बढेको थियो । त्यसैगरी, सरकारी सावाँ भुक्तानी अघिल्लो वर्ष २०.० प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा २४.८ प्रतिशतले वृद्धि भई रु.५८ अर्ब ६७ करोड पुगेको छ ।

विदेशी विनिमय सञ्चिति

१.४८ २०८३ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तको तुलनामा ४५.६ प्रतिशतले वृद्धि भई रु.३८९७ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो सञ्चिति ३१.२ प्रतिशतले वृद्धि भई रु.२६७७ अर्ब ६८ करोड कायम भएको थियो । अमेरिकी डलरमा कुल विदेशी विनिमय सञ्चिति २९.८ प्रतिशतले वृद्धि भई रु.२५ अर्ब ३१ करोड डलर पुगेको छ । अघिल्लो वर्ष यस्तो सञ्चिति २७.७ प्रतिशतले बढेको थियो ।

१.४९ नेपाल राष्ट्र बैंकमा रहेको विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तको रु.२४१४ अर्ब ६४ करोडको तुलनामा २०८३ असार मसान्तमा ४३.८ प्रतिशतले वृद्धि भई रु.३४७३ अर्ब १९ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमा नेपाल राष्ट्र बैंकसँग रहेको सञ्चितिको अंश ८९.१ प्रतिशत र कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २२.३ प्रतिशत रहेको छ।

सञ्चिति पर्याप्तता सूचक

१.५० आर्थिक वर्ष २०८२/८३ को कुल आयातलाई आधार मान्दा २०८३ असार मसान्तमा कायम रहेको विदेशी विनिमय सञ्चितिले २३ महिनाको वस्तु आयात र १९.६ महिनाको वस्तु तथा सेवा आयात धान्ने देखिन्छ।

तालिका १.३ : सञ्चिति पर्याप्तता परिसूचकहरू

विवरण	२०८०/८१	२०८१/८२	२०८२/८३
१) विदेशी विनिमय सञ्चितिले आयात खाम्ने स्थिति (महिनामा)			
क) वस्तु	१५.६	१८.२	२३.०
ख) वस्तु तथा सेवा	१३.०	१५.४	१९.६
२) कुल विदेशी विनिमय सञ्चिति/ कुल गार्हस्थ उत्पादन (प्रतिशतमा)	३५.८	४३.८	६३.८
३) कुल विदेशी विनिमय सञ्चिति/ आयात * (प्रतिशतमा)	१०८.६	१२८.१	१६३.४
४) कुल विदेशी विनिमय सञ्चिति/ विस्तृत मुद्रा प्रदाय (प्रतिशतमा)	२९.३	३४.१	४३.८
५) कुल विदेशी विनिमय सञ्चिति/ सञ्चित मुद्रा (प्रतिशतमा)	२०४.६	२३१.२	३१८.७४

* वस्तु तथा सेवा आयात

१.५१ समीक्षा वर्षमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात, विस्तृत मुद्राप्रदाय र सञ्चित मुद्रासँगको अनुपातहरू क्रमशः ६३.८ प्रतिशत, १६३.४ प्रतिशत र ४३.८ र ३१८.७४ रहेका छन्। अघिल्लो वर्ष यस्ता अनुपातहरु क्रमशः ४३.८ प्रतिशत, १२८.१ प्रतिशत, ३४.१ र २३१.२ प्रतिशत रहेका थिए। (तालिका १.३)

वैदेशिक सम्पत्ति तथा दायित्व स्थिति

१.५२ २०८३ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु.४२६२ अर्ब ८४ करोड तथा दायित्व रु.२४४६ अर्ब १० करोड रहेको छ। फलस्वरुप, २०८३ असार मसान्तमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति (IIP) रु.१८१६ अर्ब ७४ करोडले धनात्मक रहेको छ। २०८२ असार मसान्तमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति रु.७७९ अर्ब ७७ करोडले धनात्मक रहेको छ।

विनिमय दर प्रवृत्ति

१.५३ आर्थिक वर्ष २०८२/८३ मा पनि नेपाली रुपैयाँको भारतीय रुपैयाँसँगको विनिमय दर स्थिर राखिएको छ। २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.७३ प्रतिशत, पाउण्ड स्टर्लिङ्गसँग १०.४९ प्रतिशत, यूरोसँग ८.८९ प्रतिशत र जापानी येनसँग २.२२ प्रतिशतले अवमूल्यन भएको छ (तालिका १.४)।


तालिका १.४ : विनिमय दर प्रवृत्ति

विदेशी मुद्रा	खरिद दर (नेपाली रुपैयाँमा)			अधिमूल्यन(+)/ अवमूल्यन(-)	
	असार मसान्त			(प्रतिशतमा)	
	२०८१	२०८२	२०८३	२०८२	२०८३
१ अमेरिकी डलर	१३३.३६	१३७	१५३.७२	-२.६६	२.७३
१ पाउण्ड स्टर्लिङ	१७३.२९	१८४.१९	२०५.७८	-५.९२	-१०.४९
१ युरो	१४५.४६	१५९.९१	१७५.५१	-९.०४	-८.८९
१० जापानी येन	८.४५	९.२६	९.४७	-८.७५	-२.२२

निर्यात आयात मूल्य सूचकाङ्क

१.५४ वार्षिक बिन्दुगत आधारमा २०८३ असार महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) ६.५ प्रतिशतले बृद्धि भएको छ भने आयात मूल्य सूचकाङ्क १५.१ प्रतिशतले बढेको छ। २०८२ असार महिनामा वार्षिक विन्दुगत आधारमा २.८ प्रतिशतले घटेको व्यापारको शर्त (Terms of Trade) २०८३ असार महिनामा ७.५ प्रतिशतले घटेको छ।

चार्ट १.४ : निर्यात आयात मूल्य सूचकाङ्क




सरकारी वित्त स्थिति

सरकारी राजस्व

१.५५ नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारको राजस्व परिचालनमा (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकम र अन्य प्राप्ति समेत) ५.३ प्रतिशतले वृद्धि भई रु.१२४१ अर्ब ३२ करोड कायम भएको छ। अघिल्लो वर्ष सरकारको राजस्व परिचालन ११.३ प्रतिशतले वृद्धि भई रु.११७८ अर्ब ८२ करोड पुगेको थियो। समीक्षा वर्षमा राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात १८.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो अनुपात १९.३ प्रतिशत रहेको थियो।

चार्ट १.५ : आर्थिक वर्ष २०८२/८३ को राजस्व परिचालनको संरचना



१.५६ समीक्षा वर्षमा मूल्य अभिवृद्धि कर राजस्वमा ९.३ प्रतिशतले वृद्धि भई रु.३७३ अर्ब ७९ करोड कायम भएको छ। अघिल्लो वर्ष सो राजस्व १०.१ प्रतिशतले वृद्धि भई रु.३४१ अर्ब ९३ करोड पुगेको थियो।

१.५७ समीक्षा वर्षमा आयकर राजस्वमा ३.६ प्रतिशतले वृद्धि भई रु.३०८ अर्ब ५८ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो राजस्व ५.१ प्रतिशतले वृद्धि भई रु.२९७ अर्ब ८१ करोड पुगेको थियो।

१.५८ समीक्षा वर्षमा भन्सार महसुलबाट प्राप्त हुने राजस्वमा ४.३ प्रतिशतले वृद्धि भई रु.२४० अर्ब ७६ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो राजस्व १४.९ प्रतिशतले वृद्धि भई रु.२३० अर्ब ९१ करोड पुगेको थियो।

१.५९ समीक्षा वर्षमा अन्तःशुल्कबाट प्राप्त राजस्वमा ९.४ प्रतिशतले वृद्धि भई रु.१९१ अर्ब ६७ करोड कायम भएको छ। अघिल्लो वर्ष अन्तःशुल्क राजस्व १९.७ प्रतिशतले वृद्धि भई रु.१७५ अर्ब १६ करोड पुगेको थियो।

१.६० समीक्षा वर्षमा कुल राजस्व परिचालन (अन्य प्राप्तिसमेत) मा मूल्य अभिवृद्धि करको अंश २९.९२ प्रतिशत, आयकरको २४.७० प्रतिशत, भन्सार महसुलको १९.२७ प्रतिशत र अन्तःशुल्कको १५.३४ प्रतिशत रहेको छ

(चार्ट १.४)। अघिल्लो वर्ष यी अनुपातहरू क्रमशः २८.६ प्रतिशत, २४.९ प्रतिशत, १९.३ प्रतिशत र १४.६ प्रतिशत रहेका थिए।

१.६१ समीक्षा वर्षमा गैर-कर राजस्व परिचालन ६.८ प्रतिशतले कमी भई रु.१२० अर्ब २४ करोड कायम भएको छ। अघिल्लो वर्ष गैर-कर राजस्व १२.८ प्रतिशतले वृद्धि भई रु.१२८ अर्ब ९४ करोड पुगेको थियो।

१.६२ समीक्षा वर्षमा कुल राजस्वमा कर राजस्वको अंश ८९.७ प्रतिशत, गैर-कर राजस्वको अंश ९.६ प्रतिशत र अन्य प्राप्तिको अशं ०.६ रहेको छ। त्यसैगरी, कर राजस्वमा प्रत्यक्ष कर राजस्वको अंश २८.१ प्रतिशत र अप्रत्यक्ष कर राजस्वको अंश ७१.९ प्रतिशत रहेको छ। अघिल्लो वर्ष कुल राजस्वमा कर राजस्वको अंश ८७.८ प्रतिशत, गैर-कर राजस्वको अंश १०.८ प्रतिशत, र अन्य प्राप्तिको अंश १.५ प्रतिशत रहेको थियो भने कर राजस्वमा प्रत्यक्ष कर राजस्वको अंश २८.८ प्रतिशत र अप्रत्यक्ष कर राजस्वको अंश ७१.२ प्रतिशत रहेको थियो।

सरकारी खर्च

१.६३ नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल सरकारी खर्च ४.६ प्रतिशतले वृद्धि भई रु.१५८२ अर्ब १७ करोड पुगेको छ। अघिल्लो वर्षमा कुल सरकारी खर्च रु.१५१३ अर्ब २५ करोड रहेको थियो।

तालिका १.५ : सरकारी खर्च तथा राजस्व (वार्षिक विवरण)

विवरण	रकम (रु.अर्बमा)			प्रतिशत परिवर्तन	
	२०८०/८१	२०८१/८२ य	२०८२/८३ अ	२०८१/८२	२०८२/८३
कुल खर्च	**१३९३.४०**	**१५१३.२५**	**१५८२.१७**	**८.६**	**४.६**
चालु खर्च	९२९.१३	९५६.५९	१०४३.९९	३.०	९.१
पुँजीगत खर्च	१९२.०३	२२३.९८	१९०.८४	१६.६	-१४.८
वित्तीय व्यवस्था	२७२.२५	३३२.६८	३४७.३३	२२.२	४.४
राजस्व परिचालन	**१०५८.८७**	**११७८.८२**	**१२४१.३२**	**११.३**	**५.३**
कर राजस्व	९४४.५५	१०४९.८८	११२१.०८	११.२	६.८
गैर-कर राजस्व	११४.३१	१२८.९४	१२०.२४	१२.८	-६.८
अन्य प्राप्ति	२३.८५	१७.३७	८.०७	-२७.२	-५३.५
कुल प्राप्ति	१०८२.७२	११९६.१९	१२४९.३९	१०.५	४.४


स्रोत : अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालय

अ-अनुमानित, य-यथार्थ

१.६४ आर्थिक वर्ष २०८२/८३ मा चालु खर्च ९.१ प्रतिशतले वृद्धि भई रु.१०४३ अर्ब ९९ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा चालु खर्च रु.९५६ अर्ब ५९ करोड रहेको थियो।

१.६५ समीक्षा वर्षमा पुँजीगत खर्च १४.८ प्रतिशतले कमी आई रु.१९० अर्ब ८४ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो पुँजीगत खर्च रु.२२३ अर्ब ९८ करोड रहेको थियो।

चार्ट १.६ : सरकारी खर्चको संरचना (२०८२/८३)



१.६६ आर्थिक वर्ष २०८२/८३ मा वित्तीय व्यवस्थाअन्तर्गतको खर्च ४.४ प्रतिशतले वृद्धि भई रु.३४७ अर्ब ३३ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो खर्च रु.३३२ अर्ब ६८ करोड रहेको थियो।

१.६७ सरकारी खर्चमा चालु खर्चको अंश ६५.९९ प्रतिशत, पुँजीगत खर्चको अंश १२.०६ प्रतिशत र वित्तीय व्यवस्था खर्चको अंश २१.९५ प्रतिशत रहेको छ। (चार्ट १.६)।

१.६८ आर्थिक वर्ष २०८२/८३ मा बैंकिङ कारोबारमा आधारित कुल सरकारी खर्च ३.२ प्रतिशतले वृद्धि भई रु.१५०८ अर्ब ११ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो खर्च रु.१४६१ अर्ब ५९ करोड रहेको थियो।

तालिका १.६ : सरकारी वित्तका परिसूचकहरू

(कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात)

विवरण	२०८०/८१	२०८१/८२	२०८२/८३
कुल खर्च	२४.२	२४.४	२४.०
चालू खर्च	१६.१	१५.४	१५.८
पुँजीगत खर्च	३.३	३.६	२.९
वित्तीय व्यवस्था	४.७	५.४	५.३
राजस्व	१८.८	१९.३	१८.८
कर राजस्व	१८.५	१९.३	१६.९

१.६९ आर्थिक वर्ष २०८२/८३ मा भएको चालु, पुँजीगत र वित्तीय व्यवस्थाअन्तर्गतका खर्चहरूको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः१५.८ प्रतिशत, २.९ प्रतिशत र ५.३ प्रतिशत रहेको छ (तालिका १.६)। अघिल्लो वर्ष यी अनुपातहरू क्रमशः १५.४ प्रतिशत, ३.६ प्रतिशत र ५.४ प्रतिशत रहेका थिए।

बजेट घाटा पूर्तिका स्रोतहरू

१.७० आर्थिक वर्ष २०८२/८३ मा रु.३५८ अर्ब ६७ करोड कुल आन्तरिक ऋण र रु.१०८ अर्ब ११ करोड खुद आन्तरिक ऋण परिचालन भएको छ। कुल आन्तरिक ऋण र खुद आन्तरिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ५.४ प्रतिशत र १.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष रु.३२९ अर्ब ९९ करोड बराबरको कुल आन्तरिक ऋण र रु.८६ अर्ब ८ करोडको खुद आन्तरिक ऋण परिचालन भएको थियो। समीक्षा वर्षमा रु.२५० अर्ब ५६ करोड आन्तरिक ऋण भुक्तानी भएको छ।

नगद मौज्दात

१.७१ आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु.२७७ अर्ब ४६ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ। अघिल्लो आर्थिक वर्षको अन्त्यमा यस्तो मौज्दात रु. १३७ अर्ब ७८ करोड रहेको थियो।

सरकारी ऋण

१.७२ २०८३ असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी बाह्य ऋण रु.१५९९ अर्ब ४८ करोड र आन्तरिक ऋण रु.१३७५ अर्ब ४१ करोड गरी कुल तिर्न बाँकी सरकारी ऋण रु.२९७४ अर्ब ९० करोड रहेको छ। अघिल्लो वर्षको असारमसान्तमा कुल तिर्न बाँकी सरकारी ऋण रु.२६७४ अर्ब ५ करोड रहेको थियो। सरकारी कुल तिर्न बाँकी ऋणको कुल

तालिका १.७ : सरकारी ऋणको स्थिति

क्र.स.	सरकारी ऋण परिसूचकहरू	२०८०/८१	२०८१/८२	२०८२/८३
१.	कुल ऋण/कुल गार्हस्थ्य उत्पादन	४२.३	४३.१	४५.१
२.	बाह्य ऋण/कुल गार्हस्थ्य उत्पादन	२१.८	२२.७	२४.२
३.	आन्तरिक ऋण/कुल गार्हस्थ्य उत्पादन	२०.५	२०.५	२०.८
४.	बाह्य ऋण/निर्यात	८२५.५	५०७.५	५०७.३
५.	बाह्य ऋण भुक्तानी/निर्यात	२६.५	१७.१	१९.६
७.	आन्तरिक ऋण भुक्तानी/राजस्व	१६.९	२०.४	२०.३
६.	कुल ऋण भुक्तानी/राजस्व	२०.६	२४.३	२५.२
८.	बाह्य ऋण भुक्तानी/राजस्व	३.७	४.०	५.०

स्रोतः महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंक।

गार्हस्थ्य उत्पादनसँगको अनुपात ४५.१ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ४३.१ प्रतिशत रहेको थियो। सरकारी ऋणसम्बन्धी अन्य परिसूचकहरू तालिका १.७ मा दिइएको छ।

प्रदेश वित्त स्थिति

१.७३ आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको बैंकिङ कारोबारमा आधारित कुल खर्च रु.१८३ अर्ब ९७ करोड रहेको छ। समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत प्राप्ति रु.२१६ अर्ब २३ करोड रहेको छ। यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१५९ अर्ब ४२ करोड हस्तान्तरण गरेको छ। यसैगरी, यस अवधिमा प्रदेश सरकारहरूले राजस्व र अन्य स्रोतबाट रु.५५ अर्ब २७ करोड परिचालन गरेका छन्।

राजस्वसम्बन्धी नीतिगत व्यवस्था

१.७४ नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा देहायबमोजिमको राजस्व नीति अवलम्बन गरेको छ।

- राजस्व प्रणालीलाई लगानीमैत्री तथा उत्पादनमुखी बनाउन र निरन्तर बढिरहेको सार्वजनिक खर्चको लागि स्रोत व्यवस्थापन गर्न कर प्रणालीलाई अन्तराष्ट्रिय मापदण्ड र अभ्यास अनुकूल बनाउँदै बाह्य पुँजी र प्रविधि आकर्षित गर्नु,
- कर कानुनमा सामयिक सुधार र सरलीकरण गरी स्वेच्छिक कर सहभागिता बढाउनु,
- करदातामैत्री, पारदर्शी र स्वचालित राजस्व प्रणालीको विकास गर्नु,
- राजस्व प्रशासनको दक्षता अभिवृद्धि गरी राजस्व चुहावट नियन्त्रण गर्नु,
- गैर कर राजस्वलाई प्राकृतिक स्रोत साधनको दिगो उपयोग र लागत प्रभावी हुनेगरी परिचालन गर्नु।

करका दरहरू

१.७५ विदेशबाट नेपाल पैठारी हुने मालवस्तुमा (आयात महसुलतर्फ) आर्थिक वर्ष २०८२/८३ मा १, ५, १०, १५, २०, ३०, ४०, ६०, ७० र ८० प्रतिशत गरी दस दरहरू कायम छन्। आर्थिक वर्ष २०८१/८२ मा दस दरहरूनै रहेका थिए। त्यस्तै, नेपालबाट विदेशमा निकासी हुने महसुलमा १० र २०० प्रतिशत गरी दुईवटा दरहरू कायम गरिएको छ। अन्तःशुल्कतर्फ आर्थिक वर्ष २०८२/८३ मा ५, ७, १०, १५, २०, २५, ३०, ३५, ४०, ५०, ५५, ६०, ७५, १०० र १०५ प्रतिशत गरी १५ वटा दरहरू रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा प्राकृतिक व्यक्तिको आय कर नलाग्ने सीमामा परिमार्जन गरिएको छैन।

तालिका १.८ : करका दरहरू

	२०८१/८२	२०८२/८३
१. पैठारी महसुल (प्रतिशतमा)	१, ५, १०, १५, २०, ३०, ४०, ६०, ७०, ८०	१, ५, १०, १५, २०, ३०, ४०, ६०, ७०, ८०
२. निकासी महसुल (प्रतिशतमा) काठजन्य पदार्थमा २०० प्रतिशत निकासी शुल्क लाग्ने	२००, १०	२००, १०
३. अन्तःशुल्क (प्रतिशतमा)	५, ७, १०, १५,२०, २५, ३०, ३५,४०, ५०, ५५, ६०, ८०, १००, १०५	५, ७, १०, १५,२०, २५, ३०, ३५,४०, ५०, ५५, ६०, ८०, १००, १०५
४. मूल्य अभिवृद्धि कर (प्रतिशतमा)	१३	१३
५. आयकर		
प्राकृतिक व्यक्तिको हकमा		
(क) १ प्रतिशत आयकर लाग्ने हद		
(१) व्यक्तिको लागि	रु. ५,००,०००।	रु. ५,००,०००।
(२) दम्पती वा परिवारको लागि	रु. ६,००,०००।	रु. ६,००,०००।
(ख) १ प्रतिशत आयकर लाग्ने हदभन्दा माथि		

	२०८१/८२	२०८२/८३
(१) पहिलो रु.१ लाखमा (२०७९/८० मा थप २ लाखसम्म)	१० प्रतिशत	१० प्रतिशत
(२) थप रु.२ लाखमा (२०७९/८० मा थप ३ लाख सम्म)	२० प्रतिशत	२० प्रतिशत
(३) त्यसपछि रु.२० लाखसम्म	३० प्रतिशत	३० प्रतिशत
(५) रु.२० लाखभन्दा बढी आयमा	३६ प्रतिशत	३६ प्रतिशत
संस्थागत कर		
(क) कर्पोरेट खुद आयमा समदरले		
(१) बैंक, वित्तीय कम्पनीलगायत वित्तीय संस्थाहरू,	३० प्रतिशत	३० प्रतिशत
(२) चुरोट, विडी, सिँगार, खाने सुर्ती, खैनी, मदिरा र बियर कारोवार गर्ने	३० प्रतिशत	३० प्रतिशत
३) दूरसञ्चार तथा इन्टरनेट सेवा प्रदायक र रेमिट्यान्स सेवा प्रदायक, धितोपत्र व्यवसाय, मर्चेन्ट बैकिग व्यवसाय, कमोडिटी दलाल व्यवासाय,	३० प्रतिशत	३० प्रतिशत
(४) अन्य	२५ प्रतिशत	२५ प्रतिशत
(ख) साझेदारी फर्म	२५ प्रतिशत	२५ प्रतिशत
ग. सहकारी कर क्रमशः न.पा, उप.म.न.पा, म.न.पा	७.५, १० र १५ प्रतिशत	७.५, १० र १५ प्रतिशत
६. पुँजीगत लाभ कर		
(क) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त पुँजीगत लाभको हकमा		
(१) तीन सय पैंसट्ठी दिनभन्दा बढी अवधिको स्वामित्वमा	५ प्रतिशत	५ प्रतिशत
(२) तीन सय पैंसट्ठी दिन वा सोभन्दा कम अवधिको स्वामित्वमा	७.५ प्रतिशत	७.५ प्रतिशत
(ख) प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन निःसर्गबाट प्राप्त पुँजीगत लाभको हकमा		
(१) सम्पत्तिको स्वामित्व पाँच वर्ष वा सोभन्दा बढी भएकोमा	५ प्रतिशत	५ प्रतिशत
(२) सम्पत्तिको स्वामित्व पाँच वर्षभन्दा कम भएकोमा	७.५ प्रतिशत	७.५ प्रतिशत
(३) अन्य कुनै व्यक्तिको जग्गा वा स्वामित्वको हकमा	१ प्रतिशत	१ प्रतिशत
घर जग्गा वहाल कर	१० प्रतिशत	१० प्रतिशत
मिटिङ भत्ता	१५ प्रतिशत	१५ प्रतिशत
कमिसन	१५ प्रतिशत	१५ प्रतिशत
चिट्ठा, उपहार पुरस्कार	२५ प्रतिशत	२५ प्रतिशत
ब्याज कर	५ प्रतिशत	६ प्रतिशत
सञ्चयकोष तथा पेन्सन	५ प्रतिशत	५ प्रतिशत
सरकारी ऋणपत्र	५ प्रतिशत	५ प्रतिशत
लाभांश कर	५ प्रतिशत	५ प्रतिशत
सुनको हकमा		
पहिलो ५० ग्रामसम्म प्रति १० ग्राम	रु.९,५००।	रु.९,५००।
५०-१०० ग्रामको हकमा प्रति १० ग्राम	रु.१०,५०० महसुलको अतिरिक्त थप तीन प्रतिशत जफत गरिने ।	रु.१०,५०० महसुलको अतिरिक्त थप तीन प्रतिशत जफत गरिने ।
१०० ग्रामभन्दा माथिको हकमा प्रति १० ग्राम		
अन्य		
पुर्वाधार विकास शुल्क	पेट्रोल र डिजेल रु.१० प्रतिलिटर	पेट्रोल र डिजेल रु.१० प्रतिलिटर
सडक मर्मत तथा सुधार दस्तुर	पेट्रोल रु.४ र डिजेल रु.२	पेट्रोल रु.४ र डिजेल रु.२
प्रदूषण नियन्त्रण शुल्क (पेट्रोल र डिजेलमा)	प्रति लिटर रु १.५	प्रति लिटर रु १.५
टेलिफोन स्वामित्व शुल्क		
जडान शुल्कमा लाग्ने दस्तुर	रु. ५००	रु. ५००
सिमकार्ड र रिचार्ज कार्डको प्रयोगमा	२ प्रतिशत	२ प्रतिशत
डिजिटल सेवा कर	२ प्रतिशत	२ प्रतिशत

स्रोत : आर्थिक विधेयक, २०८२/८३, एकीकृत भन्सार महसुल दरबन्दी २०८२/८३

सार्वजनिक संस्थानहरूको स्थिति

१.७६ आर्थिक वर्ष २०८१/८२ सम्ममा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा ४५ वटा सार्वजनिक संस्थानहरू सञ्चालनमा रहेका छन्। जसमध्ये १० वटा औद्योगिक क्षेत्र, ५ वटा जनपयोगी क्षेत्र, ४ वटा व्यापारिक क्षेत्र, १० वटा वित्तीय क्षेत्र, ५ वटा सामाजिक क्षेत्र र ११ वटा सेवा क्षेत्रतर्फ रहेका छन्। अस्तित्वमा रहेका संस्थानहरूको वित्तीय स्थिति विश्लेषण गर्दा आर्थिक वर्ष २०८१/८२ सम्ममा २७ वटा संस्थानहरू नाफामा छन् र १६ संस्थानहरू नोक्सानीमा रहेका छन्। दुईवटा संस्थानको विवरण प्राप्त भएको छैन। नाफामा सञ्चालित २७ संस्थानहरूको खुद नाफा १०.५८ प्रतिशतले बढेको छ भने नोक्सानीमा सञ्चालित १६ संस्थानको खुद नोक्सानी ४.१४ प्रतिशतले घटेको छ।

तालिका १.९ : सार्वजनिक संस्थानहरूको अवस्था

	रु. करोडमा			वृद्धिदर (प्रतिशत)	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
सरकारको लगानी	६६४९४.१	७०३९३.९	७९८५६.४	५.९	१३.४
सेयर लगानी	*३५६४०.५*	*३६४८६.२*	*३७०२५.२*	*२.४*	*१.५*
ऋण लगानी	*३०८५३.६*	*३३९०७.७*	*४२८३१.२*	*९.९*	*२६.३*
सेयर धनी कोष	९९०४०.५	१०३३११.६	१०७३२८.३	४.३	३.९
कोषमा व्यवस्था नभएको दायित्व	५२८७.०	६०३१.७	६६४०.८	१८.४	६.१
सञ्चालन आय	६६१६३.४	६६८००.०	६७२४०.३	१.०	०.७
खुद नाफा/नोक्सान	४८९२.३	४०२४.३	४५०८.५	-१७.७	१२.०
संचित नाफा/नोक्सान	६५७४.८	८६७८.७	१०५४५.४	३२.०	२१.५

स्रोत : सार्वजनिक संस्थानहरूको वार्षिक स्थिति समीक्षा (२०८२), अर्थमन्त्रालय, नेपाल सरकार।

१.७७ आर्थिक वर्ष २०८०/८१ मा संस्थानहरूको खुद नाफा रु.४० अर्ब २४ करोड रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा उक्त नाफा १२.०० प्रतिशतले वृद्धि भई रु.४५ अर्ब ९ करोड कायम भएको छ (तालिका १.९)। नेपाल आयल निगम (रु.१३ अर्ब ६४ करोड), नेपाल दूरसञ्चार कम्पनी लि. (रु.६ अर्ब १ करोड), नेपाल विद्युत् प्राधिकरण (रु.६ अर्ब ९४ करोड), कृषि विकास बैंक लि. (रु.३ अर्ब ७३ करोड), राष्ट्रिय वाणिज्य बैंक लि. (रु.२ अर्ब ८३ करोड), नेपाल बैंक लि. (रु.३ अर्ब ७ करोड), निक्षेप तथा कर्जा सुरक्षण कोष (रु.३ अर्ब ३६ करोड), नागरिक लगानी कोष (रु.१ अर्ब ६२ करोड), नेपाल नागरिक उड्डयन प्राधिकरण (रु.२ अर्ब ६२ करोड) लगायत अन्य केही संस्थानहरू खुद नाफामा रहेका छन्।

१.७८ आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थानहरूको कुल सेयरधनी कोष एवम् नेपाल सरकारको सेयर तथा ऋण लगानीसमेत वृद्धि भएको छ। सरकारको सेयर तथा ऋण लगानी अघिल्लो वर्षको तुलनामा १३.४ प्रतिशतले बढेको छ।

१.७९ सार्वजनिक संस्थानहरूबाट आर्थिक वर्ष २०८०/८१ मा रु.८ अर्ब ८४ करोड लाभांश प्राप्त भएकोमा आर्थिक वर्ष २०८१/८२ मा रु.८ अर्ब ३८ करोड लाभांश प्राप्त भएको छ। यो सरकारी सेयर लगानीको २.२६ प्रतिशत हुन आउँछ। समीक्षा वर्षमा नेपाल आयल निगम लि. रु.१ अर्ब ९ करोड नेपाल नागरिक उड्यान प्राधिकरणबाट रु.२९ करोड ९२ लाख, नेपाल दूर सञ्चार कम्पनी लि. बाट रु.४ अर्ब ९४ करोड, हाइड्रोईलेक्ट्रीसिटी इनभेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनि लि. बाट रु.६५ करोड ४९ लाख, नेपाल स्टक एक्स्चेन्ज लि. बाट रु.४४ करोड, नागरिक लगानी कोष बाट रु.९ करोड ४० लाख नेपाल सरकारलाई लाभांश प्राप्त भएको छ।

१.८० आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थानहरूको खुद सञ्चित नाफा २१.५ प्रतिशतले वृद्धि भई रु.१०५ अर्ब ४५ करोड भएको छ। अघिल्लो वर्ष यस्तो नाफा रु.८६ अर्ब ७८ करोड रहेको थियो।

१.८१ सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीहरूलाई सेवा निवृत्त भएपछि उपदान, निवृत्तभरण, औषधी उपचार, बीमा, बिदाको रकमजस्ता विभिन्न शीर्षकहरूबाट दिइने सुविधाको कारण हरेक संस्थानको कोषमा व्यवस्था नगरिएको दायित्वको अंश आर्थिक वर्ष २०८१/८२ मा ६.१ प्रतिशतले वृद्धि भई रु.६६ अर्ब ४१ करोड रहेको छ। अघिल्लो वर्ष यस्तो दायित्व रु.६० अर्ब ३२ करोड रहेको थियो।

मौद्रिक तथा वित्तीय स्थिति

मौद्रिक स्थिति

१.८२ आर्थिक वर्ष २०८२/८३ मा विस्तृत मुद्राप्रदाय १३.४ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो मुद्राप्रदाय १२.५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा सङ्कुचित मुद्राप्रदाय १७.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो मुद्राप्रदाय २२.० प्रतिशतले बढेको थियो।

१.८३ समीक्षा वर्षमा चलनचल्तीमा रहेको मुद्रा ९.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो मुद्रा १२.६ प्रतिशतले वृद्धि भएको थियो। अघिल्लो वर्ष ३६.७ प्रतिशतले बढेको चल्ती निक्षेप समीक्षा वर्षमा २९.५ प्रतिशतले बढेको छ।

१.८४ आर्थिक वर्ष २०८२/८३ मा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजनसमेत) रु.१०२७ अर्ब ४ करोड (३८.५ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष यस्तो सम्पत्ति रु.५९४ अर्ब ५४ करोड (२९.९ प्रतिशत) ले बढेको थियो।

१.८५ समीक्षा वर्षमा कुल आन्तरिक कर्जा २.१ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो कर्जा ६.१ प्रतिशतले वृद्धि भएको थियो।

१.८६ समीक्षा वर्षमा मौद्रिक क्षेत्रको नेपाल सरकारमाथिको खुद दाबी २५.१ प्रतिशत (रु.२५४ अर्ब २५ करोड) ले घटेको छ। अघिल्लो वर्ष यस्तो दाबी ४.१ प्रतिशतले घटेको थियो।

१.८७ समीक्षा वर्षमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ६.६ प्रतिशत (रु.३७० अर्ब ६७ करोड) ले बढेको छ। अघिल्लो वर्ष यस्तो दाबी ८.१ प्रतिशतले बढेको थियो।

१.८८ समीक्षा वर्षमा सञ्चित मुद्रा ५.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो मुद्रा १६.१ प्रतिशतले बढेको थियो।

१.८९ समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १३.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १२.६ प्रतिशतले बढेको थियो। त्यसैगरी, समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ६.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ८.४ प्रतिशतले बढेको थियो।

अन्तर-बैंक कारोबार, स्थायी तरलता सुविधा र स्थायी निक्षेप सुविधाको उपयोग

१.९० आर्थिक वर्ष २०८२/८३ मा वाणिज्य बैंकहरूबीच पटक पटक गरी रु.१००४ अर्ब ८६ करोड तथा अन्य वित्तीय संस्थाहरूबीच (वाणिज्य बैंकहरूबीच बाहेक) रु.१४८ अर्ब ८५ करोडको अन्तरबैंक कारोबार भएको छ (तालिका १.१०)। अघिल्लो वर्ष यस्तो कारोबार क्रमशः रु.१५७१ अर्ब ८६ करोड र रु.१५१ अर्ब ७३ करोड भएको थियो।

तालिका १.१० : अन्तरबैक कारोबार र स्थायी तरलता सुविधा उपयोग

विवरण	२०८०/८१	२०८१/८२	२०८२/८३
वाणिज्य बैंकहरूको अन्तरबैंक कारोबार (रु.अर्बमा)	३८६३.४८	१५७१.८६	१००४.८६
वाणिज्य बैंकहरूको अन्तरबैंक कारोबारको ब्याजदर (प्रतिशतमा)*	२.९९	२.९२	२.७५
अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) को अन्तरबैंक कारोबार (रु. अर्बमा)	३६२.९९	१५१.७३	१४८.८५
अन्य वित्तीय संस्थाहरूको अन्तरबैंक कारोबारको ब्याजदर (प्रतिशतमा))*	२.९९	३.००	२.७५
स्थायी तरलता सुविधा (रु. अर्बमा)	१.२	-	-
स्थायी निक्षेप सुविधा (रु. अर्बमा)	३५२२.३५	२१५०८.४०	३८४९५.९५

* असार महिनाको भारित औसत ब्याजदर ।

तरलता व्यवस्थापन

१.९१ यस बैंकले "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली २०७८ (संशोधन सहित)" अनुसार खुला बजार कारोबार सञ्चालन गर्दै आएको छ । बैंक तथा वित्तीय संस्थाहरुबीचको भारित औसत अन्तरबैंक दरलाई करिडोर भित्रै राख्ने गरी नियमित र संरचनात्मक खुला बजार कारोबार सञ्चालन गरिएको छ । नियमित खुला बजारअन्तर्गत स्थायी निक्षेप सुविधा र अल्पकालीन निक्षेप सङ्कलन बोलकबोल गरिएको छ भने संरचनात्मक खुला बजार कारोबारअन्तर्गत दीर्घकालीन निक्षेप सङ्कलन बोलकबोल र नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गरिएको छ ।

१.९२ आर्थिक वर्ष २०८२/८३ मा पटक पटक गरी निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.३,६२० अर्ब ३० करोड र स्थायी निक्षेप सुविधामार्फत रु.३८,४९५ अर्ब ९५ करोड गरी कुल रु.४२,५१६ अर्ब २५ करोड तरलता प्रशोचन गरिएको छ । सो अवधिमा ओभरनाइट तरलता सुविधामार्फत रु.१२ अर्ब ५० करोड तरलता प्रवाह गरिएको छ । सोही अवधिमा दीर्घकालिन तरलता प्रशोचनका लागि रु.४०० अर्बको नेपाल राष्ट्र बैंक बण्ड समेत जारी गरिएको छ ।

विदेशी विनिमय कारोबार

१.९३ आर्थिक वर्ष २०८२/८३ मा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ८ अर्ब ५ करोड खुद खरिद गरी रु.११७२ अर्ब १४ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ५ अर्ब ८३ करोड खुद खरिद गरी रु.७८७ अर्ब बराबरको खुद तरलता प्रवाह भएको थियो (तालिका १.११) । समीक्षा वर्षमा अमेरिकी डलर ४ अर्ब ८४ करोड बिक्री गरी रु.७१० अर्ब ३६ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्ष अमेरिकी डलर ४ अर्ब १६ करोड बिक्री गरी रु.५६७ अर्ब ६१ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

तालिका १.११ : विदेशी विनिमय कारोबारको स्थिति

(रु. करोडमा)

क्र.सं.	विवरण	आर्थिक वर्ष		
		२०८०/८१	२०८१/८२	२०८२/८३
१	अमेरिकी डलर खरिद	७८३४७.४४	७८७००.३४	११७२१३.५०
२	अमेरिकी डलर बिक्री	-	-	-
३	खुद तरलता प्रवाह (१-२)	७,८३४७.४४	७८७००.३४	११७२१३.५०
४	अमेरिकी डलर बिक्री गरी भा.रु. खरिद	५३५०७.२७	५६७६१.२८	७१०३६.०९

ब्याजदर स्थिति

१.९४ २०८२ असारको तुलनामा २०८३ असारमा अल्पकालीन ब्याजदरहरू घटेका छन् । २०८२ असारमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २.९५ प्रतिशत रहेकोमा २०८३ असारमा २.३२ प्रतिशत कायम भएको

छ। मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा रहेको वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूबीचको २०८३ असारको भारित औसत अन्तरबैंक दर २.७५ प्रतिशत रहेको छ। २०८२ असारमा यो दर २.९६ प्रतिशत रहेको थियो।

तालिका १.१२ : भारित औसत ब्याजदर (प्रतिशत)

शीर्षक	२०८१ असार	२०८२ असार	२०८३ असार
९१-दिने ट्रेजरी बिल	३.००	२.९५	२.३२
अन्तरबैंक दर (बैक तथा वित्तीय संस्था)	२.९९	२.९६	२.७५
औसत आधार दर			
वाणिज्य बैंक	८.००	६.०२	४.८३
विकास बैंक	९.७१	८.०३	६.५८
वित्त कम्पनी	११.२१	८.९७	७.०९
निक्षेपको ब्याजदर			
वाणिज्य बैंक	५.७७	४.१९	३.२१
विकास बैंक	६.६३	४.८८	३.५६
वित्त कम्पनी	७.९३	६.०१	४.३१
कर्जाको ब्याजदर			
वाणिज्य बैंक	९.९३	७.८५	६.५५
विकास बैंक	११.३४	८.९५	७.७०
वित्त कम्पनी	१२.५५	१०.२२	८.५५

१.९५ २०८३ असारमा वाणिज्य बैंकहरूको औसत आधार दर ४.८३ प्रतिशत, विकास बैंकहरूको ६.५८ प्रतिशत र वित्त कम्पनीहरूको ७.०९ प्रतिशत रहेको छ। २०८२ असारमा वाणिज्य बैंकहरूको औसत आधार दर ६.०२ प्रतिशत, विकास बैंकहरूको ८.०३ प्रतिशत र वित्त कम्पनीहरूको ८.९७ प्रतिशत रहेका थिए। २०८३ असारमा निक्षेपको भारित औसत ब्याजदर वाणिज्य बैंकहरूको ३.२१ प्रतिशत, विकास बैंकहरूको ३.५६ प्रतिशत र वित्त कम्पनीहरूको ४.३१ प्रतिशत रहेको छ। २०८२ असारमा निक्षेपको भारित औसत ब्याजदर वाणिज्य बैंकहरूको ४.१९ प्रतिशत, विकास बैंकहरूको ४.८८ प्रतिशत र वित्त कम्पनीहरूको ६.०१ प्रतिशत रहेका थिए। २०८३ असारमा कर्जाको भारित औसत ब्याजदर वाणिज्य बैंकहरूको ६.५५ प्रतिशत, विकास बैंकहरूको ७.७० प्रतिशत र वित्त कम्पनीहरूको ८.५५ प्रतिशत कायम भएको छ। २०८२ असारमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ७.८५ प्रतिशत, विकास बैंकहरूको ८.९५ प्रतिशत र वित्त कम्पनीहरूको १०.२२ प्रतिशत रहेका थिए (तालिका १.१२)।

बैंक तथा वित्तीय संस्थाहरूको साधन स्रोत तथा उपयोगको स्थिति

वाणिज्य बैंक

१.९६ आर्थिक वर्ष २०८२/८३ मा वाणिज्य बैंकहरूको कुल सम्पत्ति/दायित्व १३.९ प्रतिशत (रु.११२५ अर्ब ७३ करोड) ले वृद्धि भई रु.९२२१ अर्ब १२ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो सम्पत्ति/दायित्व १२.० प्रतिशत (रु.८६७ अर्ब ७९ करोड) ले बढेको थियो।

१.९७ आर्थिक वर्ष २०८२/८३ मा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन १४.६ प्रतिशत (रु.९५६ अर्ब २९ करोड) ले वृद्धि भई २०८३ असार मसान्तमा रु.७४८८ अर्ब १६ करोड पुगेको छ। अघिल्लो वर्ष वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन १३.७ प्रतिशत (रु.७८४ अर्ब ८७ करोड) ले बढेको थियो। समीक्षा वर्षमा वाणिज्य बैंकहरूको चल्ती तथा बचत निक्षेप क्रमशः २९.९ प्रतिशत र ४५.६ प्रतिशतले बढेको छ भने मुद्दती निक्षेप १५.३ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष चल्ती तथा बचत निक्षेप क्रमशः ३८.९ प्रतिशत र ३६.५ प्रतिशतले बढेको थियो भने मुद्दती निक्षेप २.० प्रतिशतले घटेको थियो।

१.९८ वाणिज्य बैंकहरूको कर्जा तथा लगानी समीक्षा वर्षमा ४.२ प्रतिशत (रु.२६३ अर्ब १९ करोड) ले वृद्धि भई २०८३ असार मसान्तमा रु.६५५८ अर्ब ८५ करोड पुगेको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरूको कर्जा तथा लगानी ७.२ प्रतिशत (रु.४२४ अर्ब ६१ करोड) ले वृद्धि भएको थियो । समीक्षा वर्षमा वाणिज्य बैंकहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ६.५ प्रतिशत (रु.३१७ अर्ब ९७ करोड) ले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो कर्जा ८.६ प्रतिशत (रु.३८६ अर्ब ३ करोड) ले वृद्धि भएको थियो । २०८३ असार मसान्तमा वाणिज्य बैंकहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा र कुल गार्हस्थ्य उत्पादनको अनुपात ७८.८ प्रतिशत कायम भएको छ ।

१.९९ २०८३ असार मसान्तमा वाणिज्य बैंकहरूबाट तोकिएका प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको ३८.१४ प्रतिशत (रु.१९६४ अर्ब ६५ करोड) पुगेको छ । यसअन्तर्गत कृषि क्षेत्रतर्फ १३.१२ प्रतिशत र गैर-कृषि[१] क्षेत्रमा २५.०२ प्रतिशत कर्जा प्रवाहित भएको छ ।

१.१०० समीक्षा वर्षमा वाणिज्य बैंकहरूले सरकारी ऋणपत्रमा गरेको लगानी ९.२ प्रतिशत (रु.९५ अर्ब १७ करोड) ले घटेर २०८३ असार मसान्तमा रु.९३६ अर्ब ६९ करोड कायम भएको छ । अघिल्लो वर्ष उक्त लगानी रु.१५ अर्ब ५८ करोडले बढेको थियो ।

१.१०१ २०८३ असार मसान्तमा वाणिज्य बैंकहरूको तरल सम्पत्ति (सरकारी ऋणपत्रमा गरिएको लगानीसहित) रु.१८०१ अर्ब ७४ करोड रहेको छ । यस्तो सम्पत्ति कुल निक्षेपको २४.०६ प्रतिशत हुन आउँछ । अघिल्लो वर्ष उक्त अनुपात २६.७ प्रतिशत रहेको थियो । तरल सम्पत्तिका अंशहरूमध्ये समीक्षा अवधिमा तरल कोष २०.९ प्रतिशतले बढेको छ । वाणिज्य बैंकहरूको विदेशी बैंक मौज्दात ६२.३ प्रतिशत (रु.१६१ अर्ब ३३ करोड) ले बढेर २०८३ असार मसान्तमा रु.४२० अर्ब २१ करोड कायम भएको छ भने नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात १.३ प्रतिशत (रु.४ अर्ब ८१ करोड) ले घटेर रु.३५९ अर्ब ३ करोड कायम भएको छ ।

विकास बैंक

१.१०२ समीक्षा वर्षमा विकास बैंकहरूको कुल सम्पत्ति/दायित्व ५.८ प्रतिशत (रु.४३ अर्ब ८९ करोड) ले वृद्धि भई २०८३ असार मसान्तमा रु.७९७ अर्ब ४५ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो सम्पत्ति/दायित्व ५.१ प्रतिशत (रु.३६ अर्ब २६ करोड) ले बढेको थियो ।

१.१०३ साधन परिचालनको प्रमुख स्रोतको रूपमा रहेको कुल निक्षेप समीक्षा वर्षमा ५.७ प्रतिशत (रु.३५ अर्ब ९२ करोड) ले वृद्धि भई रु.६६५ अर्ब २५ करोड पुगेको छ । २०८३ असार मसान्तमा विकास बैंकहरूको तरल सम्पत्ति (सरकारी ऋणपत्रमा गरिएको लगानीसहित) रु.१११ अर्ब ६९ करोड रहेको छ । यस्तो सम्पत्ति कुल निक्षेपको १६.८ प्रतिशत हुन आउँछ । अघिल्लो वर्ष उक्त अनुपात १९.७ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा तरल सम्पत्तिमध्ये तरल कोष ६.३ प्रतिशतले बढेर रु.३५ अर्ब ७१ करोड पुगेको छ ।

१.१०४ समीक्षा वर्षमा विकास बैंकहरूको कर्जा तथा लगानी २.० प्रतिशत (रु.१३ अर्ब ५० करोड) ले वृद्धि भई २०८३ असार मसान्तमा रु.६७३ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा तथा लगानी ३.५ प्रतिशत (रु.२२ अर्ब ४५ करोड) ले बढेको थियो । कर्जा तथा लगानीका अंशहरूमध्ये निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.० प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.५४७ अर्ब १७ करोड भएको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ८.३ प्रतिशत हुन आउँछ ।

१.१०५ २०८३ असार मसान्तमा विकास बैंकहरूबाट कृषि, लघु, घरेलु, तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्र एवम् सूचना तथा सञ्चार प्रविधि र घरेलु कच्चा पदार्थमा आधारित निर्यात उद्योगमा कुल कर्जाको २२.६१ प्रतिशत (रू.१२० अर्ब ७८ करोड) लगानीमा रहेको छ ।

[१] ऊर्जा, पर्यटन, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, सूचना तथा सञ्चार प्रविधि र घरेलु कच्चा पदार्थमा आधारित निर्यात उद्योग ।

वित्त कम्पनी

१.१०६ समीक्षा वर्षमा वित्त कम्पनीहरूको कुल सम्पत्ति/दायित्व ८.३ प्रतिशत (रु.१४ अर्ब ६५ करोड) ले बढेर २०८३ असार मसान्तमा रु.१९० अर्ब १८ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो सम्पत्ति/दायित्व ३.४ प्रतिशतले बढेर रु.१७५ अर्ब ५३ करोड पुगेको थियो। निक्षेप परिचालन ९.५ प्रतिशत (रु.१२ अर्ब ३६ करोड) ले वृद्धि भई २०८३ असार मसान्तमा रु.१४२ अर्ब ६१ करोड भएको छ। अघिल्लो वर्ष यस्तो निक्षेप परिचालन २.९ प्रतिशतले वृद्धि भएको थियो।

१.१०७ २०८३ असार मसान्तमा वित्त कम्पनीहरूको तरल सम्पत्ति (सरकारी ऋणपत्रमा गरिएको लगानीसहित) रु.२६ अर्ब ६५ करोड रहेको छ। यस्तो सम्पत्ति कुल निक्षेपको १८.७ प्रतिशत हुन आउँछ। अघिल्लो वर्ष उक्त अनुपात १९.५ प्रतिशत रहेको थियो। तरल सम्पत्तिमध्ये तरल कोष २१.४ प्रतिशतले बढेर २०८३ असार मसान्तमा रु.९ अर्ब ३२ करोड कायम भएको छ।

१.१०८ समीक्षा वर्षमा वित्त कम्पनीहरूको कर्जा तथा लगानी ३.० प्रतिशत (रु.४ अर्ब ३६ करोड) ले बढेर २०८३ असार मसान्तमा रु.१५२ अर्ब ३२ करोड पुगेको छ। अघिल्लो वर्ष यी कम्पनीहरूको कर्जा तथा लगानी ०.२ प्रतिशतले बढेको थियो। कर्जा तथा लगानीका अंशहरूमध्ये निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ५.४ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.१०९ अर्ब ७४ करोड पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको १.७ प्रतिशत हुन आउँछ।

१.१०९ २०८३ असार मसान्तमा वित्त कम्पनीहरूबाट कृषि, लघु, घरेलु, तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्र एवम् सूचना तथा सञ्चार प्रविधि र घरेलु कच्चा पदार्थमा आधारित निर्यात उद्योगमा कुल कर्जाको २३.१ प्रतिशत (रू २३ अर्ब ९६ करोड) लगानीमा रहेको छ।

लघुवित्त वित्तीय संस्था

१.११० लघुवित्त वित्तीय संस्थाहरूको कुल सम्पत्ति/दायित्व ८.७ प्रतिशतले बढेर २०८३ असार मसान्तमा रु.६५० अर्ब ४५ करोड पुगेको छ। त्यसैगरी, यी संस्थाहरूको कुल निक्षेप र सापटी क्रमशः रु.२३१ अर्ब ८९ करोड र रु.२४४ अर्ब ५८ करोड पुगेको छ भने कुल कर्जा र लगानी क्रमशः रु.५३५ अर्ब ६८ करोड र रु.९ अर्ब ९० करोड पुगेको छ।

पूर्वाधार विकास बैंक

१.१११ समीक्षा वर्षमा नेपाल पूर्वाधार विकास बैंक लि.को सम्पत्ति/दायित्व ०.०७ प्रतिशतले ह्रास आई २०८३ असार मसान्तमा रु.४२ अर्ब ८१ करोड भएको छ। २०८३ असार मसान्तमा संस्थाको चुक्ता पुँजी रु.२१ अर्ब ६० करोड रहेको छ भने कर्जा तथा लगानी रु.३१ अर्ब ६३ करोड कायम भएको छ।

गैर बैंक वित्तीय संस्थाहरूको साधन स्रोत तथा उपयोगको स्थिति

बीमा कम्पनी

१.११२ २०८३ असार मसान्तमा १४ जीवन, १४ निर्जीवन, २ पुनरबीमा र ७ लघुबीमा कम्पनी गरी कुल ३७ बीमा कम्पनी सञ्चालनमा रहेका छन्। नेपाल बीमा प्राधिकरणबाट प्राप्त तथ्याङ्कअनुसार बीमा कम्पनीहरूको कुल सम्पत्ति/दायित्व २०८२ असार मसान्तमा रु. १,०९३ अर्ब ९६ करोड रहेकोमा समीक्षा वर्षमा १४.४ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.१२५१ अर्ब ३८ करोड पुगेको छ।

कर्मचारी सञ्चय कोष

१.११३ कर्मचारी सञ्चय कोषबाट प्राप्त तथ्याङ्कअनुसार उक्त कोषको सम्पत्ति/दायित्व समीक्षा वर्षमा १२.५ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.७०० अर्ब ९३ करोड पुगेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति/दायित्व रु.६२३ अर्ब २१ करोड करोड रहेको थियो। सञ्चयकर्ताहरूको सञ्चित रकम २०८२ असार मसान्तमा

रु.५७८ अर्ब ९९ करोड रहेकोमा समीक्षा वर्षमा ११.९ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.६४८ अर्ब १६ करोड पुगेको छ ।

नागरिक लगानी कोष

१.११४ नागरिक लगानी कोषबाट प्राप्त तथ्याङ्कअनुसार उक्त कोषको सम्पत्ति/दायित्व १६.६ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.३६२ अर्ब ७८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो सम्पत्ति/दायित्व रु.३११ अर्ब ७ करोड रहेको थियो । यस कोषको दायित्वतर्फ उल्लेख्य अंश ओगट्ने कोष सङ्कलन अघिल्लो वर्ष रु.२७१ अर्ब ७२ करोड रहेकोमा समीक्षा वर्षमा १९.३ प्रतिशतले वृद्धि भई २०८३ असारमसान्तमा रु.३२४ अर्ब १५ करोड पुगेको छ । त्यसैगरी, अघिल्लो वर्ष कर्जा तथा सापटी रु.८७ अर्ब ८ करोड रहेकोमा समीक्षा वर्षमा १५.४ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.१०० अर्ब ५२ करोड पुगेको छ ।

सामाजिक सुरक्षा कोष

१.११५ सामाजिक सुरक्षा कोषको तथ्याङ्कअनुसार कोषको सम्पत्ति/दायित्व समीक्षा वर्षमा २४ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.१५१ अर्ब २९ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त रकम रु.१२१ अर्ब ६० करोड रहेको थियो । योगदानकर्ताबाट समीक्षा अवधिसम्म रु. १२२ अर्ब ९१ करोड योगदान रकम संकलन भएको छ । २०८३ असार मसान्तसम्म वैदेशिक रोजगारीमा रहेका २३ लाख २८ हजार ९ सय ३७ जना, अनौपचारिक क्षेत्रका १ हजार १ सय २८ जना, स्वरोजगारतर्फका १ हजार २ सय १७ जना तथा औपचारिक क्षेत्रका ७ लाख १६ हजार १ सय ६८ जना गरी कुल ३० लाख ४७ हजार ४ सय ५० योगदानकर्ता सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन् । औपचारिक क्षेत्रअन्तर्गत २३ हजार ५ सय रोजगारदाता फर्म/कम्पनी आबद्ध रहेका छन् ।

निक्षेप तथा कर्जा सुरक्षण कोष

१.११६ निक्षेप तथा कर्जा सुरक्षण कोषले प्राकृतिक व्यक्तिको नाममा वचत तथा मुद्दती खातामा रहेको रु. ५ लाखसम्मको निक्षेप सुरक्षण गर्नुका साथै प्राथमिकताप्राप्त क्षेत्रलगायत पशुधन तथा तरकारी बाली सुरक्षण, सहुलियतपूर्ण कर्जा, वैदेशिक रोजगार कर्जा, लघु तथा विपन्न वर्ग कर्जा र साना तथा मझौला उद्यम कर्जाको सुरक्षण गर्दै आएको छ । यस कोषले २०८३ असार मसान्तमा रु.३६९ अर्ब ५५ करोड कर्जा र रु.१८५७ अर्ब १७ करोड निक्षेप सुरक्षण गरेको छ (तालिका १.१३) ।

तालिका १.१३ : निक्षेप तथा कर्जा सुरक्षण कोषको कारोबार विवरण (रु. करोडमा)

विवरण	२०८१ असार	२०८२ असार	२०८३ असार	प्रतिशत परिवर्तन	
				२०८१/८२	२०८२/८३
निक्षेप सुरक्षण रकम	१४,३०,४६	१५,७९,०५	१८,५७,१७	१०.२	१६.६
कर्जा सुरक्षण रकम	२,५७,७२	३,०५,१७	३,६९,५५	२७.४	२१.१

स्रोत : निक्षेप तथा कर्जा सुरक्षण कोष ।

कर्जा सूचना केन्द्र लिमिटेड

१.११७ कर्जा सूचना केन्द्रबाट प्राप्त तथ्याङ्कअनुसार उक्त केन्द्रबाट आर्थिक वर्ष २०८२/८३ मा २० वाणिज्य बैंक, १ पूर्वाधार विकास बैक, १७ विकास बैंक, १६ वित्त कम्पनी, ५० लघुवित्त वित्तीय संस्था र १० हायर पर्चेज कम्पनीले जम्मा ६७ लाख ०४ हजार ३५० कर्जाको सूचना माग गरेका थिए । उक्त केन्द्रमा २०८२ असार मसान्तसम्ममा कालोसूचीमा सूचीकृत ऋणीहरूको संख्या १ लाख २९ हजार ९७४ रहेकोमा २०८३ असार मसान्तसम्ममा यस्तो संख्या १ लाख ७० हजार ७९३ पुगेको छ ।

वित्तीय संरचना

१.११८ २०८३ असार मसान्तमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त १०५ बैंक तथा वित्तीय संस्थाहरू र सीमित बैंकिङ कारोबार गर्न इजाजत दिइएका १५ वटा अन्य संस्था गरी कुल १२० वटा संस्थाहरू, ३७ बीमा कम्पनीहरू, कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषसमेत गरी कुल १५९ बैंक तथा गैरबैंक वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन् (तालिका १.१४)। अघिल्लो वर्ष यस्ता १६१ वटा संस्थाहरू सञ्चालनमा रहेका थिए।


तालिका १.१४ : बैंक तथा गैरबैंक वित्तीय संस्थाहरूको सङ्ख्या

बैंक तथा गैरबैंक वित्तीय संस्थाहरू	२०८० असारमसान्त	२०८१ असारमसान्त	२०८२ असारमसान्त	२०८३ असारमसान्त
नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोबार गर्न इजाजतपत्र-प्राप्त संस्थाहरू	**११२**	**१०७**	**१०७**	**१०५**
वाणिज्य बैंक	२०	२०	२०	२०
विकास बैंक	१७	१७	१७	१७
वित्त कम्पनी	१७	१७	१७	१६
लघुवित्त वित्तीय संस्था	५७	५२	५२	५१
पूर्वाधार विकास बैंक	१	१	१	१
नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न इजाजतपत्र-प्राप्त संस्थाहरू	१५	१५	१५	१५
बीमा कम्पनी	३४	३७	३७	३७
कर्मचारी सञ्चय कोष	१	१	१	१
नागरिक लगानी कोष	१	१	१	१
हुलाक बचत बैंक	१	#	#	#
जम्मा	**१६४**	**१६१**	**१६१**	**१५९**

हुलाक बचत बैंकको निक्षेप तथा कर्जा कारोबार मिति २०८० साउन १ बाट राष्ट्रिय वाणिज्य बैंक लि.मा हस्तान्तरण भएको।

१.११९ २०८३ असार मसान्तमा वित्तीय प्रणालीको कुल सम्पत्ति/दायित्व संरचनामा नेपाल राष्ट्र बैंकको अंश २२.७ प्रतिशत रहेको छ। त्यसैगरी, कुल सम्पत्ति/दायित्वमा वाणिज्य बैंकहरूको अंश ५३.९ प्रतिशत, विकास बैंकहरूको ४.७ प्रतिशत, वित्त कम्पनीहरूको १.१ प्रतिशत, लघुवित्त वित्तीय संस्थाहरूको ३.८ प्रतिशत, पूर्वाधार विकास बैंकको ०.३ प्रतिशत, कर्मचारी सञ्चय कोषको ४.१ प्रतिशत, नागरिक लगानी कोषको २.१ प्रतिशत र बीमा कम्पनीहरूको अंश ७.३ प्रतिशत छ (चार्ट १.६)। २०८३ असार मसान्तमा बैंकिङ क्षेत्रको कुल सम्पत्ति/दायित्वको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २२३.९ प्रतिशत रहेको छ।

चार्ट नं १.७ नेपालको वित्तीय प्रणालीको संरचना (प्रतिशतमा)
(२०८३ असारमसान्त)



वित्तीय विस्तार तथा पहुँच

१.१२० नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या २०८२ असार मसान्तमा १०७ पुगेकोमा २०८३ असार मसान्तमा १०५ कायम भएको छ। २०८३ असार मसान्तमा वाणिज्य बैंकहरूको सङ्ख्या २०, विकास बैंकहरूको १७, वित्त कम्पनीहरूको १६, लघुवित्त वित्तीय संस्थाको ५१ र पूर्वाधार विकास बैंकको सङ्ख्या एक रहेको छ।

१.१२१ २०८२ असार मसान्तमा वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरूको निक्षेप खाता सङ्ख्या ५ करोड ९८ लाख ८१ हजार र ऋण खाता सङ्ख्या १९ लाख ६१ हजार रहेकोमा २०८३ असार मसान्तमा कुल निक्षेप खाता सङ्ख्या ६ करोड ३४ लाख २५ हजार र ऋण खाता सङ्ख्या २० लाख ३१ हजार पुगेको छ। २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूमा ६२ लाख २१ हजार सदस्य र २७ लाख ७ हजार ऋणी रहेकामा २०८३ असार मसान्तसम्ममा ६५ लाख ३० हजार सदस्य र २७ लाख १३ हजार ऋणी रहेका छन्।

१.१२२ २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्त वित्तीय संस्थाहरूसमेत) को शाखा सङ्ख्या ११,५२६ रहेकोमा २०८३ असार मसान्तमा ११,३३२ रहेको छ।

१.१२३ २०८२ असार मसान्तमा प्रतिशाखा जनसङ्ख्या २,५३० रहेकोमा २०८३ असार मसान्तमा २,५७४ कायम भएको छ।


१.१२४ प्रदेशगत तुलना गर्दा २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको शाखा सबैभन्दा बढी बागमती प्रदेशमा २,९२२ रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ४८० रहेको छ। २०८२ असार मसान्तमा यस्तो सङ्ख्या बागमती प्रदेशमा ३,०३८ र कर्णाली प्रदेशमा ४७९ रहेको थियो।

१.१२५ २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको मोबाइल बैंकिङ प्रयोगकर्ता ग्राहकको सङ्ख्या ३ करोड १ लाख पुगेको छ। २०८२ असार मसान्तमा २ करोड ७७ लाख मोबाइल बैंकिङ प्रयोगकर्ता रहेका थिए। त्यसैगरी, २०८३ असार मसान्तमा क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरूको डेबिट कार्ड प्रयोगकर्ताको सङ्ख्या १ करोड ३७ लाख पुगेको छ, जुन २०८२ असार मसान्तमा करीब १ करोड ३७ लाख नै रहेको थियो।

धितोपत्र बजार

१.१२६ नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ७.० प्रतिशतले ह्रास आई २०८३ असार मसान्तमा २५९७.८ कायम भएको छ। उक्त सूचकाङ्क २०८२ असार मसान्तमा २४.७ प्रतिशतले बढेर २७९४.८ पुगेको थियो।

चार्ट १.८ : नेप्से सूचकाङ्क



१.१२७ २०८२ असार मसान्तमा ४८९.३ रहेको नेप्से सेन्सेटिभ सूचकाङ्क ६.६ प्रतिशतले ह्रास आई २०८३ असार मसान्तमा ४५६.९ रहेको छ। त्यसैगरी, नेप्से फ्लोट सूचकाङ्क उक्त अवधिमा १९३.३ बाट ७.६ प्रतिशतले ह्रास आई १७८.६ कायम भएको छ।

१.१२८ आर्थिक वर्ष २०८२/८३ मा धितोपत्र बजार कारोबार रकम अघिल्लो आर्थिक वर्षको तुलनामा २०.९ प्रतिशतले ह्रास आई रु.१६०१ अर्ब ८८ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो कारोबार रकम रु.२१२४ अर्ब ९५ करोड रहेको थियो।

१.१२९ धितोपत्रबजार पुँजीकरण वार्षिक विन्दुगत आधारमा ४.२ प्रतिशतले ह्रास आई २०८३ असार मसान्तमा रु.४४६३ अर्ब ५५ करोड कायम भएको छ। २०८३ असार मसान्तमा बजार पुँजीकरण कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ६७.६३ प्रतिशत रहेको छ, जुन २०८२ असार मसान्तमा ७५.११ प्रतिशत रहेको थियो। बजार पुँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनीसमेत) को अंश ५१.८ प्रतिशत, जलविद्युत् क्षेत्रको १७.५ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ८.४ प्रतिशत, लगानी कम्पनीको ६.७ प्रतिशत, व्यापारिक संस्थाको ४.२ प्रतिशत, होटलको ३.२ प्रतिशत र अन्यको ८.३ प्रतिशत रहेको छ।

१.१३० नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत सेयरको कुल चुक्ता मूल्य अघिल्लो वर्षको तुलनामा ८.५ प्रतिशतले वृद्धि भई रु.९४४ अर्ब ४ करोड पुगेको छ। समीक्षा वर्षमा रु.५५ अर्ब ६६ करोड बराबरको साधारण सेयर, रु.४१ अर्ब ८४ करोड बराबरको बोनस सेयर, रु.२७ अर्ब ५० करोडको म्युचुअल फन्ड, रु.१६ अर्ब ८५ करोड बराबरको परिवर्तीय प्राथमिकता सेयर, रु.१० अर्ब ७६ करोड बराबरको हकप्रद सेयर, रु.३ अर्ब ४५ करोड बराबरको डिबेन्चर, रु.९७ करोड बराबरको एफ. पि. ओ. र रु.२ करोड बराबरको अन्य गरी कुल रु.१५७ अर्ब ६ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन्।

१.१३१ नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको सङ्ख्या २०८३ असार मसान्तसम्ममा ३०२ पुगेको छ। २०८२ असार मसान्तमा यस्तो सङ्ख्या २७२ रहेको थियो। सूचीकृत कम्पनीहरूमध्ये १३३ बैंक तथा वित्तीय संस्था (बीमा कम्पनीसमेत) रहेका छन् भने ११० जलविद्युत् कम्पनी, २९ उत्पादन तथा प्रशोधन उद्योग, ९ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र १० अन्य समूहका रहेका छन्।

तालिका १ : विश्वको आर्थिक वृद्धि, मूल्य तथा व्यापार

(वार्षिक प्रतिशत परिवर्तन)

	२०२५	प्रक्षेपण	
		२०२६	२०२७
विश्व उत्पादन	**३.५**	**३.१**	**३.४**
विकसित अर्थतन्त्र	२.०	२.१	१.८
अमेरिका	२.३	२.३	२.३
यूरो क्षेत्र	१.२	१.१	१.२
जापान	१.२	०.७	०.७
उदीयमान तथा विकासोन्मुख अर्थतन्त्र	४.५	३.७	४.४
उदीयमान तथा विकासोन्मुख एशिया	५.६	५.१	४.९
चीन	५.०	४.५	४.०
भारत	७.८	७.०	७.०
वस्तुको मूल्य			
इन्धन (Fuel)	-१४.४	४१.३	-८.७
गैर-इन्धन (Non-fuel)	९.९	१७.३	२.६
उपभोक्ता मूल्य			
विश्व	४.१	४.७	४.१
विकसित अर्थतन्त्र	२.५	३.१	२.७
उदीयमान तथा विकासोन्मुख अर्थतन्त्र	५.२	५.७	५.१
विश्व व्यापार (वस्तु तथा सेवा)	५.०	४.६	४.७

स्रोत : अन्तर्राष्ट्रिय मुद्राकोष, अक्टोबर, २०२६

तालिका २ : समष्टिगत आर्थिक परिसूचकहरू

सि.नं.	विवरण	परिवर्तन (प्रतिशतमा)					
		२०८०/८१		२०८१/८२		२०८२/८३	
१.	उत्पादक मूल्यमा		संशोधित अनुमान		प्रारम्भिक अनुमान		
	कुल गार्हस्थ्य उत्पादन (२०६७/६८ को मूल्यमा)	३.६८		४.४३		३.८५	
	कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)	७.३३		७.६३		६.४६	
२.	आधारभूत मूल्यमा						
	कुल गार्हस्थ्य उत्पादन (२०६७/६८ को मूल्यमा)	३.३८		३.८०		३.६८	
	कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)	७.३०		६.८५		६.२५	
	• कुल राष्ट्रिय आम्दानी (प्रचलित मूल्यमा)	७.८०		७.२४		६.६६	
	• कुल उपभोग (प्रचलित मूल्यमा)	७.९५		७.४०		३.२३	
	• कुल गार्हस्थ्य बचत (प्रचलित मूल्यमा)	-०.६२		१०.९०		४९.९९	
	• कुल राष्ट्रिय बचत (प्रचलित मूल्यमा)	१२.६२		१६.०७		२४.१५	
	• कुल लगानी (प्रचलित मूल्यमा)	-१.४५		१०.६५		१५.६३	
	• कुल स्थिर पुँजी निर्माण (प्रचलित मूल्यमा)	६.९८		३.५१		१८.६०	
३.	कुल राष्ट्रिय खर्चयोग्य आय (प्रचलित मूल्यमा)	९.२०		९.७९		९.३४	
४.	सरकारी राजस्व	७.१०		१०.५०		३.७७	
५.	सरकारी खर्च	-२.००		८.६०		४.५५	
६.	मुद्रा प्रदाय (M1)	-१.६९		२१.९६		१७.८६	
७.	विस्तृत मुद्रा प्रदाय (M2)	१२.८७		१२.५०		१३.४०	
८.	कुल आन्तरिक कर्जा	६.०७		६.१८		२.०९	
९.	कुल निक्षेप	१३.००		१२.५८		१३.९५	
१०.	कुल निर्यात	-३.०		८१.८		१३.८	
११.	कुल आयात	-१.२		१३.३		१६.२	
१२.	कुल विदेशी विनिमय सञ्चिति	३२.६		३१.२		४५.६	
१३.	वार्षिक औसत उपभोक्ता मुद्रास्फीति	५.४४		४.०६		३.१०	
१४.	वार्षिक औसत थोक मुद्रास्फीति	३.९२		३.८४		४.३०	
	कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात						
१.	कुल उपभोग	९३.३	संशोधित अनुमान	९३.१	प्रारम्भिक अनुमान	९०.३	
२.	कुल गार्हस्थ्य बचत	६.७		६.९		९.७	
३.	कुल राष्ट्रिय बचत	३५.६		३८.४		४४.८	
४.	कुल लगानी (प्रचलित मूल्यमा)	२८.६		२९.४		३१.९	
५.	कुल स्थिर पुँजी निर्माण	२४.५		२३.६		२६.३	
६.	कुल राष्ट्रिय खर्चयोग्य आय	१२८.९		१३१.५		१३५.१	
७.	सरकारी राजस्व	१८.८०		१९.२९		१८.८१	
८.	सरकारी खर्च	२४.१९		२४.४१		२३.९७	
९.	भुक्तानी गर्न बाँकी कुल बाह्य ऋण	२१.८४		२२.६८		२४.२३	
१०.	भुक्तानी गर्न बाँकी कुल आन्तरिक ऋण	२०.४३		२०.३७		२०.७८	
११.	मुद्रा प्रदाय (M1)	१६.५		१८.७		२०.७	
१२.	विस्तृत मुद्रा प्रदाय (M2)	१२१.१		१२६.५		१३४.८	
१३.	कुल आन्तरिक कर्जा	११३.८५		११२.२०		१०७.६०	
१४.	कुल निक्षेप	११२.०		११७.२		१२५.४	
१५.	कुल निर्यात	२.६		४.५		४.८	
१६.	कुल आयात	२७.७		२९.१		३१.८	
१७.	विदेशी विनिमय सञ्चिति	३५.४		४३.२		५९.१	
१८.	व्यापार सन्तुलन (-घाटा)	-२५.०		-२४.६		-२७.०	
१९.	चालु खाता सन्तुलन (-घाटा)	३.८		६.६		१४.०	

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय र महालेखा नियन्त्रकको कार्यालय ।

तालिका ३ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर

(२०६७/६८ को मूल्यमा)

शीर्षक	वृद्धिदर (प्रतिशतमा)		
	२०८०/८१	२०८१/८२[सं.]	२०८२/८३[प्रा.]
१. कृषि क्षेत्र	**३.१०**	**३.०५**	**१.५८**
कृषि वन तथा मत्स्यपालन	३.१०	३.०५	१.५८
२. गैर-कृषि क्षेत्र	**३.४९**	**४.१२**	**४.५४**
क. उद्योग क्षेत्र	**०.२१**	**३.३१**	**५.६७**
खानी तथा उत्खनन्	३.३५	१.३९	३.५२
उत्पादनमूलक उद्योग	-२.०२	२.२७	२.८३
विद्युत्, ग्याँस स्टीम तथा एयर कन्डिस्निडको उत्पादन	११.६१	१२.७१	२०.९३
पानी आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन तथा उपचार गतिविधिहरूको उत्पादन	१.२७	२.०५	१.९९
निर्माण	-२.२०	०.९६	२.२१
ख. सेवा क्षेत्र	**४.४९**	**४.३६**	**४.२१**
थोक तथा खुद्रा व्यापार र मोटर तथा मोटरसाइकलको मर्मत	-०.३१	३.८८	४.५१
यातायात तथा भण्डारण	१३.४३	७.०७	५.७९
आवास तथा खाद्य सेवा गतिविधि	२१.०३	४.६१	३.१२
सुचना तथा सञ्चार	४.९१	४.८८	५.५३
वित्तिय तथा बीमा	९.९६	७.५५	९.१६
रियल स्टेट	२.२०	२.७७	२.६९
व्यावसायिक, वैज्ञानिक र प्राविधिक	४.१५	४.०३	३.२७
प्रशासनिक र समर्थन सेवा	४.४८	३.७३	४.५२
सार्वजनिक प्रशासन र रक्षा; अनिवार्य सामाजिक सुरक्षा	२.२५	३.००	०.२३
शिक्षा	२.९८	२.३६	१.५०
मानव स्वास्थ्य र सामाजिक कार्य	६.१३	४.६९	४.०४
कला तथा मनोरन्जन; अन्य सेवा गतिविधि र रोजगारदाताका रूपमा घरेलु गतिविधि; अविकसित वस्तु तथा आफ्नै प्रयोगको लागि घरेलु सेवा उत्पादन गतिविधि	५.४३	४.०६	२.६५

सं : संशोधित अनुमान, प्रा : प्रारम्भिक अनुमान

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।

तालिका ४ : प्रदेशगत आर्थिक वृद्धिदर र अंश

प्रदेश	२०८१/८२*		२०८२/८३**	
	वृद्धि दर	अंश	वृद्धि दर	अंश
कोशी	२.७२	१५.८४	३.१३	१५.८०
मधेश	४.४३	१३.२०	१.३१	१३.०८
बागमती	५.२९	३६.४०	५.४०	३६.७१
गण्डकी	४.९२	८.९४	५.०१	८.९८
लुम्बिनी	४.२७	१४.२५	२.८७	१४.१९
कर्णाली	५.२५	४.२५	२.९४	४.२०
सुदूर-पश्चिम	३.२१	७.१२	३.२८	७.०३
राष्ट्रिय	**४.४३**	**१००.००**	**३.८५**	**१००.००**

* संशोधित अनुमान ** प्रारम्भिक अनुमान

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।

तालिका ५ : राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क

वार्षिक औसत

(आधार वर्ष २०८०/८१= १००)

समूह/उप-समूहहरू	भार %	२०८०/८१	२०८१/८२	२०८२/८३	प्रतिशत परिवर्तन	
					२०८१/८२	२०८२/८३
कुल सूचकाङ्क	**१००**	**१००.००**	**१०४.०६**	**१०७.२६**	**४.०६**	**३.०८**
खाद्य तथा पेय पदार्थ	**३५.४९**	१००.००	१०४.६९	१०५.७८	४.६९	१.०४
खाद्य तथा खाद्यजन्य पदार्थ	८.०८	१००.००	१०६.१३	१०३.८६	६.१३	-२.१४
दलहन तथा गेडागुडी	१.७६	१००.००	१०७.९०	१०४.२२	७.९०	-३.४१
तरकारी	४.६५	१००.००	११०.७१	१०६.३४	१०.७१	-३.९५
मासु तथा माछा	६.७६	१००.००	९९.६६	१०२.६१	-०.३४	२.९७
दुग्धजन्य पदार्थ तथा अन्डा	४.२८	१००.००	१०३.२७	१०५.५७	३.२७	२.२३
घ्यू तथा तेल	२.९७	१००.००	१०८.७२	११९.६४	८.७२	१०.०५
फलफूल	३.२३	१००.००	१०४.६८	११२.११	४.६८	७.०९
चिनी तथा चिनीजन्य पदार्थ	१.१०	१००.००	१०१.१५	१०१.९३	१.१५	०.७७
मसला	१.८०	१००.००	९७.३८	९३.८२	-२.६२	-३.६६
गैर-मदिराजन्य पेय पदार्थ	०.८७	१००.००	१०४.५८	१०८.००	४.५८	३.२८
गैर-खाद्य वस्तु तथा सेवा	**६४.५१**	१००.००	१०३.७१	१०८.०७	३.७१	४.२१
मदिराजन्य पेय पदार्थ	१.२६	१००.००	१०५.६५	११०.५७	५.६५	४.६५
सूर्तिजन्य पदार्थ	१.०३	१००.००	१०४.३७	१०८.९२	४.३७	४.३६
कपडाजन्य तथा जुत्ता चप्पल	५.६५	१००.००	१०६.०९	१११.९९	६.०९	५.५६
घरायसी सामान तथा सेवा	१६.६६	१००.००	१०२.४३	१०३.९९	२.४३	१.५२
फर्निसिङ तथा घरायसी उपकरण	५.९१	१००.००	१०४.७८	१०८.८९	४.७८	३.९२
स्वास्थ्य	५.५१	१००.००	१०२.२३	१०४.८२	२.२३	२.५३
यातायात	६.२६	१००.००	१०३.५५	१०९.५६	३.५५	५.८०
सञ्चार	३.६०	१००.००	१०२.०२	१०२.९५	२.०२	०.९१
मनोरञ्जन तथा संस्कृति	१.५२	१००.००	१०१.९४	१०४.११	१.९४	२.१२
शिक्षा	४.६७	१००.००	१०३.९७	१११.२९	३.९७	७.०४
रेष्टुरेण्ट तथा आवास सेवाहरू	८.००	१००.००	१०३.५१	१०६.८६	३.५१	३.२४
बीमा तथा वित्तीय सेवाहरू	०.९३	१००.००	१००.२०	१००.२०	०.२०	-०.०१
विविध वस्तु तथा सेवाहरू	३.४९	१००.००	१०९.३९	१२८.६६	९.३९	१७.६१

तालिका ६ : राष्ट्रिय थोक मूल्य सूचकाङ्क

वार्षिक औसत

(आधार वर्ष २०७४/७५ = १००)

समूह/उप-समूहहरू	भार %	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०८०/८१	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
१. कुल सूचकाङ्क	**१००**	**१५०.७९**	**१५६.५९**	**१६३.२५**	**३.८४**	**४.२७**
१.१ प्राथमिक वस्तुहरू	**३३.५९**	**१५४.२०**	**१६५.४४**	**१५८.५६**	**७.२९**	**-४.१६**
खाद्य वस्तुहरू	३१.२७	१५४.८०	१६६.८९	१५८.१४	७.८१	-५.२४
गैर खाद्य वस्तुहरू	२.३१	१४६.०७	१४५.८३	१६४.२०	-०.१७	१२.६०
१.२ इन्धन तथा ऊर्जा	**८.७६**	**१६०.७०**	**१५४.४०**	**१६६.१२**	**-३.९२**	**७.६०**
पेट्रोलियम पदार्थ	५.६६	१९३.९७	१८४.२०	२०२.३५	-५.०३	९.८५
विद्युत्	३.१०	१००.००	१००.००	१००.००	०.००	०.००
१.३ औद्योगिक उत्पादन	**५७.६५**	**१४७.३०**	**१५१.७६**	**१६५.५५**	**३.०३**	**९.०९**
खाद्य, पेयपदार्थ तथा सुर्तीजन्य पदार्थ	१५.१६	१६३.७८	१६९.४२	१७४.६६	३.४४	३.०९
टेक्सटाइल	१.०१	१७०.३४	१६८.४७	१७८.८८	-१.१०	६.१८
छाला तथा छालाजन्य पदार्थ	०.२९	१३८.७२	१४२.५२	१४८.५८	२.७३	४.२५
काठ तथा काठबाट बनेका सामान	२.०७	१६३.१९	१६५.३६	१६९.५७	१.३३	२.५५
कागज तथा कागजजन्य उत्पादन	१.०८	१६३.३६	१६३.७१	१६६.४४	०.२२	१.६७
रसायन तथा रासायनिक पदार्थ	६.५५	१५३.१५	१५५.३८	१६३.०३	१.४५	४.९३
रबर तथा प्लाष्टिकजन्य पदार्थ	१.९२	१२१.८०	१२१.००	१२५.६६	-०.६६	३.८६
नन् मेटालिक मिनरल प्रडक्ट	४.५०	१०९.६०	९८.७९	१०८.७४	-९.८७	१०.०८
बेसिक मेटल्स	१२.५५	१५४.५९	१६८.११	२१२.७३	८.७५	२६.५४
विद्युत् तथा विद्युतीय पदार्थ	४.४५	१०४.४१	१०५.६३	१०६.७९	१.१६	१.१०
मेशिनरी तथा सामान	३.१७	१३६.४०	१३८.२१	१४०.४६	१.३३	१.६३
यातायात, इक्वीपमेण्ट तथा पार्टस्	३.८०	१४७.१५	१५१.९०	१५४.६०	३.२३	१.७८
अन्य वस्तुहरू	१.०८	१४१.९२	१४५.६७	१५०.३८	२.६५	३.२३
वृहत आर्थिक वर्गीकरण	**१००**	**१५०.७९**	**१५६.५९**	**१६३.२५**	**३.८४**	**४.२६**
उपभोग्य वस्तुहरू	३२.९०	१५१.२७	१६१.६५	१६०.५६	६.८६	-०.६७
मध्यवर्ती वस्तुहरू	५६.३०	१५५.३२	१५८.८५	१७०.५१	२.२७	७.३४
पुँजीगत वस्तुहरू	१०.८०	१२५.७३	१२९.३६	१३३.६१	२.८९	३.२९
निर्माण सामग्री	**१४.०३**	**१३७.४१**	**१३५.११**	**१३९.२८**	**-१.६८**	**३.०९**

तालिका ७ : राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क

वार्षिक औसत

(आधार वर्ष २०८०/८१ = १००)

समूह/उप-समूहहरू	भार %	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०८०/८१	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
कृषि, वन तथा माछापालन	**१९.३६**	१००.००	१०४.८७	११०.५०	४.८७	५.३७
औद्योगिक उत्पादन	**१८.१७**	१००.००	१०१.८७	१०७.८२	१.८७	५.८५
निर्माण	**१९.०१**	१००.००	१०२.१३	१०८.९३	२.१३	५.४१
थोक तथा खुद्रा व्यापार, मोटरगाडी र मोटरसाइकल मर्मत सम्भारका कार्यहरू	**१५.१२**	१००.००	१०२.३१	११०.२०	२.३२	७.७१
यातायात तथा भण्डारण	**५.३५**	१००.००	१०२.७६	१०६.७५	२.७६	४.१२
आवास तथा भोजन सेवा सम्बन्धी क्रियाकलापहरू	**४.४१**	१००.००	१०२.६४	१०९.४९	२.६५	६.६७
सूचना तथा सञ्चार	**१.०३**	१००.००	१०४.३१	१०७.४०	४.३६	३.०३
वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरू	**२.०८**	१००.००	१०२.८१	१०७.४८	२.८१	४.५५
सार्वजनिक प्रशासन तथा सुरक्षा	**२.६४**	१००.००	१००.००	१००.००	०.००	०.००
शिक्षा	**९.३०**	१००.००	१०३.२३	१०८.३३	३.२३	५.२४
मानव स्वास्थ्य तथा सामाजिक कार्य क्रियाकलापहरू	**३.५२**	१००.००	१०४.००	१०९.२८	४.००	५.०८
कुल सूचकाङ्क	**१००.००**	१००.००	१०२.८५	१०८.८१	२.८५	५.७९

तालिका ८ : नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति दर

(प्रतिशत परिवर्तन)

आर्थिक वर्ष	२०८०/८१			२०८१/८२			२०८२/८३		
महिना	**नेपाल**	**भारत**	**फरक**	**नेपाल**	**भारत**	**फरक**	**नेपाल**	**भारत**	**फरक**
साउन	७.५२	६.८३	०.६९	४.०९	३.६५	०.४४	१.६८	२.०७	-०.३९
भदौ	८.१९	५.०२	३.१७	३.८६	५.४९	-१.६३	१.८७	१.५४	०.३३
असोज	७.५	४.८७	२.६३	४.८२	६.२१	-१.३९	१.४७	०.२५	१.२२
कात्तिक	५.३८	५.५५	-०.१७	५.६	५.४८	०.१२	१.११	०.७१	०.४०
मंसिर	४.९५	५.६९	-०.७४	६.०५	५.२२	०.८३	१.६३	१.३३	०.३०
पुस	५.२६	५.१	०.१६	५.४०७	४.३१	१.०९७	२.४२	२.७५	-०.३३
माघ	५.०१	५.०९	-०.०८	४.१५९	३.६१	०.५४९	३.२५	३.२१	०.०४
फागुन	४.८२	४.८५	-०.०३	३.७४९	३.३४	०.४०९	३.६२	३.४०	०.२२
चैत	४.६१	४.८३	-०.२२	३.३८८	३.१६	०.२२८	४.४७	३.४८	०.९९
बैशाख	४.४	४.८	-०.४	२.७६६	२.८२	-०.०५	५.०४	३.९३	१.११
जेठ	४.१७	५.०८	-०.९१	२.७२	२.१	०.६२	५.२२	४.३८	०.८४
असार	३.५७	३.६	-०.०३	२.२	१.५५	०.६५	५.१४	४.४५	०.६९
वार्षिक औसत	**५.४४**	**५.११**	**०.३४**	**४.०६**	**३.९१**	**०.१६**	**३.०८**	**२.४६**	**०.४३**

तालिका ९ : वैदेशिक व्यापार स्थिति*

(रु. करोडमा)

विवरण	२०८०/८१[सं]	२०८१/८२[सं]	२०८२/८३[अ]	प्रतिशत परिवर्तन	
				२०८१/८२	२०८२/८३
कुल निर्यात	१५२३८.१	२७७०३.०	३१५२९.०	८१.८	१३.८
भारत	१०३१७.७	२२४६८.४	२५८६५.०	११७.८	१५.१
चीन	२५८.९	२६३.०	१८९.३	१.६	-२८.०
अन्य मुलुक	४६६१.५	४९७१.६	५४७४.८	६.७	१०.१
कुल आयात	१५९२९८.६	१८०४१२.३	२०९६३७.९	१३.३	१६.२
भारत	९९६६८.२	१०७११९.९	१२१०६०.१	७.५	१३.०
चीन	२९८७७.५	३४११०.५	४२५२४.७	१४.२	२४.७
अन्य मुलुक	२९७५२.९	३९१८१.९	४६०५३.१	३१.७	१७.५
व्यापार सन्तुलन	-१४४०६०.५	-१५२७०९.३	-१७८१०८.९	६.०	१६.६
भारत	-८९३५०.५	-८४६५१.५	-९५१९५.०	-५.३	१२.५
चीन	-२९६१८.६	-३३८४७.५	-४२३३५.४	१४.३	२५.१
अन्य मुलुक	-२५०९१.४	-३४२१०.३	-४०५७८.४	३६.३	१८.६
कुल व्यापार	१७४५३६.६	२०८११५.३	२४११६७.०	१९.२	१५.९
भारत	१०९९८५.९	१२९५८८.३	१४६९२५.१	१७.८	१३.४
चीन	३०१३६.३	३४३७३.५	४२७१४.०	१४.१	२४.३
अन्य मुलुक	३४४१४.४	४४१५३.५	५१५२७.९	२८.३	१६.७
				(प्रतिशतमा)	
१. निर्यात/ आयातको अनुपात	९.६	१५.४	१५.०		
भारत	१०.४	२१.०	२१.४		
चीन	०.९	०.८	०.४		
अन्य मुलुक	१५.७	१२.७	११.९		
२. कुल निर्यातमा अंश					
भारत	६७.७	८१.१	८२.०		
चीन	१.७	०.९	०.६		
अन्य मुलुक	३०.६	१७.९	१७.४		
३. कुल आयातमा अंश					
भारत	६२.६	५९.४	५७.७		
चीन	१८.८	१८.९	२०.३		
अन्य मुलुक	१८.७	२१.७	२२.०		
४. व्यापार सन्तुलनमा अंश					
भारत	६२.०	५५.४	५३.४		
चीन	२०.६	२२.२	२३.८		
अन्य मुलुक	१७.४	२२.४	२२.८		
५. कुल व्यापारमा अंश					
भारत	६३.०	६२.३	६०.९		
चीन	१७.३	१६.५	१७.७		
अन्य मुलुक	१९.७	२१.२	२१.४		
६. निर्यात तथा आयातको कुल व्यापारमा अंश					
निर्यात	८.७	१३.३	१३.१		
आयात	९१.३	८६.७	८६.९		

अ : अपरिष्कृत, सं : संशोधित

* भन्सार तथ्याङ्कमा आधारित

तालिका १० : भारततर्फ निर्यात गरिएका प्रमुख वस्तुहरू*

(रु. करोडमा)

क्र.सं.	वस्तुको नाम	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०८०/८१[सं]	२०८१/८२[सं]	२०८२/८३[अ]	२०८१/८२	२०८२/८३
क)	**प्रमुख वस्तुहरू**	**८२०६.०९**	**१८७२४.७५**	**२१८९३.८**	**१२८.२**	**१६.९**
१	ब्रान्स	४२.७५	२६.६७	१५८.१	-३७.६	-
२	अलैंची	७९३.६६	७६७.४०	१२६३.७	-३.३	६४.७
३	चोकर	०.०१	०.००	०.०	-	-
४	दालचिनी	२०.१०	१७.४५	२०.१	-१३.२	१५.०
५	तामाको तार	९१.३२	८४.६१	१२८.३	-७.३	५१.६
६	फलफूल	१.६८	०.८५	२.४	-४९.३	१८६.६
७	जी.आई.पाइप	७९.४३	४४.९१	३१.९	-४३.५	-२८.९
८	अदुवा	११२.७३	३९.८५	११७.२	-६४.७	१९४.०
९	हस्तकलाका सामान	२.६७	१.३९	१.८	-४८.०	२७.४
१०	जडीबुटी	१३४.२५	१६०.५९	१४६.५	१९.६	-८.७
११	जुस	८६५.८७	७७०.३८	७६४.८	-११.०	-०.७
१२	जुटका सामान	६७५.५८	८२२.२९	१००१.०	२१.७	२१.७
	जुटको बट्टा	४०४.०६	५६९.०१	७१४.०	४०.८	२५.५
	जुटको बोरा	२७१.५२	२५३.२८	२८७.१	-६.७	१३.३
१३	मार्बल स्ल्याब	१.२३	२.२२	०.०	८०.२	-
१४	औषधी (आयुर्वेदिक)	१५४.४१	१७५.५०	१९७.४	१३.७	१२.५
१५	तोरी तथा सर्स्यु	०.००	०.००	०.०	-	-
१६	चाउचाउ	९२.४०	१३९.६६	२१६.२	५१.१	५४.८
१७	पिना	२९५.५८	३६२.९८	३८४.३	२२.८	५.९
१८	पाम तेल	६३३.६५	२४१.४३	८३७.२	-६१.९	२४६.७
१९	कागज	३.०९	०.९६	२.७	-६९.०	१७६.९
२०	पार्टिकल बोर्ड	७४१.५३	७०९.९६	५७६.४	-४.३	-१८.८
२१	पश्मिना	१०.८४	१०.०५	१३.४	-७.४	३३.८
२२	प्लाष्टिकका सामान	३.८६	१३.०५	१८.०	२३८.२	३८.०
२३	पोलिष्टर धागो	९३८.२५	१२३३.५०	१३१५.३	३१.५	६.६
२४	तयारी पोशाक	१९.९७	१९.६८	१७.४	-१.४	-११.७
२५	खोटो	१४७.८६	२०५.८७	२२२.८	३९.२	८.२
२६	जुत्ता तथा चप्पल	१२७.७७	२००.०१	३१५.६	५६.५	५७.८
२७	छाला	९.७२	९.९६	२.८	२.४	-७२.३
२८	सोयाविन तेल	९०.१८	१०६७९.०८	१२८७४.४	-	२०.६
२९	चिया	३०९.३४	३९८.३३	३२३.१	२८.८	-१८.९
३०	लत्ताकपडा**	२५४.२४	३०९.१३	३६१.३	२१.६	१६.९
३१	धागो	१८२.७६	१२४.५०	१९२.१	-३१.९	५४.३
३२	मञ्जन	७८.१८	७५.६४	८०.३	-३.३	६.१
३३	टर्पेन्टाइन	२३.५१	४०.२५	४४.५	७१.२	१०.५
३४	तरकारी	१८.२२	१४.७९	१८.२	-१८.८	२३.२
३५	तार	६३.६४	१०.९५	१.८	-८२.८	-८३.६
३६	जिंक शिट	११८५.८०	१०१०.८५	२४३.०	-१४.८	-७६.०
ख)	**अन्य**	**२१११.६२**	**३७४३.६९**	**३९७१.२**	**७७.३**	**६.१**
	कुल जम्मा	**१०३१७.७१**	**२२४६८.४४**	**२५८६५.०**	**११७.८**	**१५.१**

* भन्सार तथ्याङ्कमा आधारित, ** पी.पी. फेब्रिक सहित, अ : अपरिष्कृत, सं : संशोधित

तालिका ११ : भारतबाट आयात गरिएका प्रमुख वस्तुहरू*

(रु. करोडमा)

क्र.सं.	वस्तुको नाम	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०८०/८१[सं]	२०८१/८२[सं]	२०८२/८३[अ]	२०८१/८२	२०८२/८३
क)	**प्रमुख वस्तुहरू**	**७८४१४.८**	**८४८२७.८**	**९६६५९.५**	**८.२**	**१३.९**
१	कृषि उपकरण तथा पार्टपुर्जा	५२७.४	७६३.६	९६९.७	४४.८	२७.०
२	अलुमिनियम लाप्सा, डण्डी, प्रोफाइल, पातलो पाता, आदि	८३७.६	७२८.६	१२८८.९	-१३.०	७६.९
३	शिशु आहार तथा दुग्ध उत्पादन	७०४.३	५९५.४	५२७.७	-१५.५	-११.४
४	अलकत्रा	९०१.१	१०८६.६	७७९.७	२०.६	-२८.२
५	किताब तथा पत्रिका	११२.६	११५.७	१२४.९	२.७	७.९
६	सिमेन्ट	२९.८	४८.८	१४२.७	६३.५	१९२.६
७	रासायनिक मल	४७.१	७९.८	४२.८	६९.४	-४६.४
८	रासायनिक पदार्थ	११६२.३	१३१४.५	१४३८.९	१३.१	९.५
९	कोइला	१९५७.४	२१९१.६	२२०५.९	१२.०	०.७
१०	कोल्ड रोल्ड शिट इन क्वाइल	१३.१	२१.२	१५.३	६१.६	-२७.६
११	खाना पकाउने चुलो	६४.९	६२.०	८७.९	-४.४	४१.७
१२	सौन्दर्यका सामान	३९६.९	४१५.९	४२०.३	४.८	१.१
१३	जिरा तथा मरिच	२६१.३	३०३.६	२८९.९	१६.२	-४.५
१४	ड्राइ सेल ब्याट्री	३७६.१	४२२.८	४०२.२	१२.४	-४.९
१५	विद्युत्तीय उपकरण	३८६७.७	३४४३.१	३७१६.३	-११.०	७.९
१६	इनामेल तथा अन्य पेन्ट्स	५३३.७	७०७.५	७६८.४	३२.६	८.६
१७	स्पंज आइरन	३९०२.७	४८७६.६	५८५२.३	२५.०	२०.०
१८	फलफूल	१०८८.०	९८२.९	९७५.७	-९.७	-०.७
१९	ग्लास सिट तथा ग्लास वेयर्स	६२३.३	७५७.०	८७१.५	२१.५	१५.१
२०	हट रोल्ड शिट इन क्वाइल	२०७१.२	२७६५.०	२२३४.३	३३.५	-१९.२
२१	अगरबत्ती	१२३.१	१३१.१	१३४.६	६.५	२.७
२२	इन्सेक्टीसाइड्स	४२५.८	४५६.३	४८८.५	७.२	७.१
२३	जीवित जनावर	२.७	१०.३	०.१	२८१.४	-९८.९
२४	एम.एस.बिलेट	१३८५.२	१३८३.२	११८४.५	-०.१	-१४.४
२५	एम.एस. तार, छड, बार, क्वाइल	९९३.९	१५९५.०	१४३२.६	६०.५	-१०.२
२६	औषधी	३५३२.८	३८७०.५	३८८६.८	९.६	०.४
२७	मोलासिस सुगर	४२.६	३८.९	५४.१	-८.८	३९.२
२८	अन्य मेशिनरी तथा पार्टपुर्जा	४४२५.८	४७७५.४	५८०९.०	७.९	२१.६
२९	अन्य स्टेशनरी सामान	१५४.५	१५६.३	१४६.२	१.१	-६.४
३०	कागज	९९८.७	१०१९.६	१०७३.४	२.१	५.३
३१	पेट्रोलियम पदार्थ	२९७६३.८	२८४४९.०	३४७३२.६	-४.४	२२.१
३२	पाइप तथा पाइप फिटिंग	५१९.६	३८६.३	४०७.०	-२५.७	५.४
३३	प्लाष्टिकका भाँडाकुडा	४८१.८	५१६.१	५८२.९	७.१	१२.९
३४	पोलिप्रोपाईलिन ग्रान्युअल्स्	५९५.४	७४७.७	७३७.१	२५.६	-१.४
३५	रेडियो, टिभी, डेक तथा पार्टपुर्जा	१२८.२	१३५.०	१७१.०	५.३	२६.७
३६	कच्चा कपास	१६.२	९.८	५.४	-३९.८	-४४.५
३७	तयारी पोशाक	९३९.२	९९५.८	१०७९.७	६.०	८.४
३८	धान तथा चामल	२२०९.८	३९८१.८	३९६६.१	८०.२	-०.४
३९	नुन	२५०.८	२३७.४	२४६.८	-५.३	४.०
४०	सेनीटरी वेयर्स	३२४.२	३७२.६	४२५.०	१४.९	१४.१
४१	जुत्ता तथा चप्पल	१०५.०	८३.८	८९.३	-२०.३	६.६
४२	स्टिल शिट	२७.८	१०.५	५.६	-६२.२	-४६.६
४३	चिया	२.८	७.९	५.०	१८२.१	-३६.१
४४	दूरसंचार उपकरण तथा पार्ट्स	९७५.६	१०४६.०	११६१.८	७.२	११.१
४५	लत्ताकपडा	१०८९.८	१०६०.६	११५०.७	-२.७	८.५
४६	धागो	१२८८.२	१५९६.०	१८९५.९	२३.९	१८.८
४७	सुर्ती	३५९.५	३८३.२	४७१.०	६.६	२२.९
४८	टायर, ट्युब्स तथा फ्लेप्स	१११२.८	१२०५.८	१३२४.६	८.४	९.९
४९	तरकारी	११२६.८	१३८८.९	१९३१.२	२३.३	३९.०
५०	सवारी साधन तथा स्पेयर पार्टपुर्जा	५१९०.५	६७२५.४	८४७२.०	२९.६	२६.०
५१	तारका सामान	३४३.२	३६९.६	४३३.५	७.७	१७.३
ख)	**अन्य**	**२१२५३.४**	**२२२९२.१**	**२४४००.६**	**४.९**	**९.५**
	कुल जम्मा	**९९६६८.२**	**१०७११९.९**	**१२१०६०.१**	**७.५**	**१३.०**

* भन्सार तथ्याङ्कमा आधारित, अ : अपरिष्कृत, सं : संशोधित

तालिका १२ : चीनतर्फ निर्यात गरिएका प्रमुख वस्तुहरू*

(रु. करोडमा)

क्र.सं.	वस्तुको नाम	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०८०/८१[सं]	२०८१/८२[सं]	२०८२/८३[अ]	२०८१/८२	२०८२/८३
क)	**प्रमुख वस्तुहरू**	**१११.४**	**१२३.९**	**६०.६**	**११.२**	**-५१.१**
१	अगरबत्ती	२.०	२.४	१.९	१९.२	-२०.९
२	हस्तकलाका सामान (धातु तथा काठ)	२६.५	२०.९	६.२	-२१.०	-७०.५
३	चाउचाउ	१५.०	२.४	४.५	-८३.८	८५.९
४	अन्य हस्तकलाका सामानहरू	३.६	३.१	२.९	-१५.३	-५.२
५	पश्मिना	३.५	५.३	४.५	४९.१	-१५.७
६	तयारी पोशाक	१६.०	१५.०	१४.५	-६.०	-३.४
७	तयारी छालाका सामानहरू	१.५	०.२	०.२	-८५.९	१७.०
८	रुद्राक्षका दानाहरू	२.७	२.०	१.५	-२५.१	-२७.८
९	प्रशोधित छाला	१.२	०.०	०.०	-	-
१०	चिया	०.१	०.७	०.०	-	-९६.६
११	ऊनी गलैचा	३९.२	७१.७	२४.३	८३.१	-६६.१
ख)	**अन्य**	**१४७.५**	**१३९.१**	**१२८.७**	**-५.६**	**-७.५**
	कुल जम्मा	**२५८.९**	**२६३.०**	**१८९.३**	**१.६**	**-२८.०**

* भन्सार तथ्याङ्कमा आधारित, अ : अपरिष्कृत, सं : संशोधित

तालिका १३ : चीनबाट आयात गरिएका प्रमुख वस्तुहरू*

(रु. करोडमा)

क्र.सं.	वस्तुको नाम	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०८०/८१[सं]	२०८१/८२[सं]	२०८२/८३[अ]	२०८१/८२	२०८२/८३
क)	**प्रमुख वस्तुहरू**	**१९७२८.५**	**२२६७९.६**	**२९१३४.७**	**१५.०**	**२८.५**
१	अलुमिनियम स्क्राफ, फ्लेक, फोइल, वार्स र रड	६.४	११.६	५.१	८१.२	-५६.०
२	स्याऊ	७५७.५	९७४.२	१२०३.१	२८.६	२३.५
३	झोला	१९२.३	२०६.५	२०३.५	७.४	-१.५
४	क्यामेरा	१२५.२	१५७.२	२१०.४	२५.६	३३.९
५	सेरामिक प्रोडक्ट्स	९९.०	११४.५	१६२.९	१५.६	४२.३
६	रासायनिक पदार्थ	२६२.०	३७९.२	३९३.८	४४.७	३.९
७	रासायनिक मल	११८३.७	९३१.२	३०४६.५	-२१.३	२२७.२
८	कम्प्युटर तथा पार्टपुर्जा	१०८८.४	१३०१.४	१५७७.३	१९.६	२१.२
९	सौन्दर्यका सामान	१८६.७	२२२.४	२९५.६	१९.१	३२.९
१०	ड्राइ सेल ब्याट्री	१२.७	१५.२	१५.१	२०.१	-१.२
११	विद्युत्तीय उपकरण	१८३५.३	२१३४.७	२३८४.७	१६.३	११.७
१२	फस्नर	४४.२	४३.७	४५.४	-१.०	३.८
१३	लसुन	२२२.४	६७०.०	२५१.५	२०१.३	-६२.५
१४	ग्लासवेयर्स	१९०.८	२०५.२	२६५.२	७.६	२९.२
१५	मेडिकलका सामान तथा पार्टपुर्जा	२९४.१	४०४.३	४३४.३	३७.५	७.४
१६	औषधी	१३५.६	२०८.७	१५२.७	५३.९	-२६.८
१७	धातु तथा काठका सामान	१६१.३	११३.३	१४९.३	-२९.७	३१.८
१८	अफिसका सामान तथा स्टेशनरी	१०१.२	१०१.७	११५.३	०.५	१३.४
१९	अन्य मेशिनरी तथा पार्टस्	२४४५.९	२३९०.२	२९१०.५	-२.३	२१.८
२०	अन्य स्टेशनरी सामान	१२३.१	१३८.२	१६३.२	१२.३	१८.१
२१	पि.भि.सि.कम्पाउण्ड	६५.५	१६२.४	२३८.६	१४८.०	४६.९
२२	प्याराफिन वाक्स	१.०	०.०	२.०	-९५.४	-
२३	पाइप तथा पाइप फिटिंग	६०.९	१३३.७	१२०.२	११९.५	-१०.१
२४	प्लाईउड तथा पार्टिकल बोर्ड	१३.२	११.५	१९.१	-१२.७	६६.३
२५	पोलिइथाइलिन टेरेफ्थालेट	८५.८	१००.३	११८.३	१६.९	१७.९
२६	पोलिथिन ग्रान्युअल्स्	२२.०	३७.५	१६७.४	७०.९	३४६.१
२७	कच्चा रेसम	२६९.७	३०८.८	३३३.८	१४.५	८.१
२८	कच्चा ऊन	३२.४	३२.९	३३.५	१.५	२.०
२९	तयारी पोशाक	२३०८.५	२८०८.४	३०१५.३	२१.७	७.४
३०	चाउचाउका लागि पाउडर	६०.६	७१.७	६३.७	१८.३	-११.२
३१	जुत्ता तथा चप्पल	८२७.७	८१४.२	८४२.०	-१.६	३.४
३२	चाँदी	१.६	१३२.१	२३३.६	-	७६.९
३३	स्मार्ट कार्ड	३२.१	२७.१	२८.४	-१५.५	४.८
३४	सोलार प्यानेल	९२.३	१८५.६	३९७.९	१०१.०	११४.४
३५	स्टिल रड तथा सिट	२०.२	७४.०	९१.९	२६५.५	२४.२
३६	स्टोरेज ब्याट्री	५७.०	९१.८	७७.८	६१.१	-१५.३
३७	दूरसञ्चारका उपकरण तथा पार्ट्स	२५९९.८	३०७३.७	४४८१.०	१८.२	४५.८
३८	लत्ताकपडा	१९७४.१	२१९७.६	२७२६.९	११.३	२४.१
३९	धागो	१९१.८	९१.३	११५.२	-५२.४	२६.२
४०	खेलौना	२४६.३	२८१.०	३१५.४	१४.१	१२.३
४१	यातायातका साधन तथा पार्टपुर्जा	६५४.०	६६९.१	८८६.९	२.३	३२.६
४२	टायर, ट्युव तथा फ्लेप	४८.१	१००.४	१३५.९	१०८.८	३५.३
४३	भिडियो टेलिभिजन तथा पार्टस्	३२२.८	३६२.०	४५२.८	१२.१	२५.१
४४	वेल्डिङ्ग रड	४५.९	७४.६	८२.६	६२.४	१०.७
४५	गहुँको पिठो	३५.३	२५.०	४५.१	-२९.४	८०.८
४६	लेख्ने तथा छाप्ने कागज	१९२.३	८९.५	१२३.७	-५३.५	३८.३
ख)	**अन्य**	**१०१४९.०**	**११४३०.९**	**१३३९०.०**	**१२.६**	**१७.१**
	कुल जम्मा	**२९८७७.५**	**३४११०.५**	**४२५२४.७**	**१४.२**	**२४.७**

* भन्सार तथ्याङ्कमा आधारित, अ : अपरिष्कृत, सं : संशोधित

तालिका १४ : अन्य मुलुकतर्फ निर्यात गरिएका प्रमुख वस्तुहरू*

(रु. करोडमा)

क्र.सं.	वस्तुको नाम	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०८०/८१[सं]	२०८१/८२[सं]	२०८२/८३[अ]	२०८१/८२	२०८२/८३
क)	**प्रमुख वस्तुहरू**	**२४७१.४**	**२३८३.७**	**२६३८.०**	**-३.६**	**१०.७**
१	हस्तकलाका सामान (काष्ठ तथा धातु)	३२.८	२९.२	२६.९	-११.१	-७.९
२	जडीबुटी	५७.९	३३.३	५२.८	-४२.४	५८.४
३	संगीत बाद्ययन्त्रहरू वा तिनका पार्ट्स वा एक्सेसरीज	८६.४	१०५.१	११२.२	२१.६	६.८
४	नेपाली कागज तथा त्यसबाट निर्मित वस्तु	६४.१	६४.१	६८.२	०.०	६.४
५	चाउचाउ	८९.२	९५.६	१७९.९	७.२	८८.१
६	अन्य हस्तकलाका सामानहरू	४६.१	२२.५	१९.१	-५१.३	-१४.९
७	पश्मिना	२८८.०	३०७.१	३५८.८	६.६	१६.९
८	दाल	३५.९	१७.०	१७.५	-५२.६	२.७
९	तयारी पोशाक	५९३.५	५४६.३	६२२.३	-७.९	१३.९
१०	छालाका तयारी वस्तु	३७.५	२३.७	२०.८	-३६.८	-१२.३
११	सुन चाँदीका सामान तथा गरगहना	४१.८	४३.९	४७.७	५.१	८.७
१२	प्रशोधित छाला	२८.६	३२.५	२७.९	१३.५	-१४.१
१३	चिया	५१.७	५७.८	७०.०	११.७	२१.१
१४	ऊनी गलैंचा	१०१७.९	१००५.६	१०१३.९	-१.२	०.८
ख)	**अन्य**	**२१९०.१**	**२५८७.९**	**२८३६.७**	१८.२	**९.६**
	कुल जम्मा	**४६६१.५**	**४९७१.६**	**५४७४.८**	**६.७**	**१०.१**

* भन्सार तथ्याङ्कमा आधारित, अ : अपरिष्कृत, सं : संशोधित

तालिका १५ : अन्य मुलुकबाट आयात गरिएका प्रमुख वस्तुहरू*

(रु. करोडमा)

क्र.सं.	वस्तुको नाम	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०८०/८१[सं]	२०८१/८२[सं]	२०८२/८३[अ]	२०८१/८२	२०८२/८३
क)	**प्रमुख वस्तुहरू**	**२२८९१.९**	**३२५३५.९**	**३९००६.१**	**४२.१**	**१९.९**
१	हवाइजहाजका स्पेयर पार्टपुर्जा	१३४०.६	७११.२	८८९.०	-४७.०	२५.०
२	झोला	६.९	८.०	७.८	१६.१	-२.३
३	सुपारी	६८.९	१०४.४	२५८.१	५१.६	१४७.१
४	क्यामेरा	८७.७	१४१.८	१७६.६	६१.६	२४.६
५	रासायनिक पदार्थ	१४५.९	१७९.७	१९४.७	२३.२	८.३
६	रासायनिक मल	२४१२.४	२१०८.८	१९१०.५	-१२.६	-९.४
७	चुरोट कागज	१६.२	२०.७	१२.३	२७.७	-४०.७
८	क्लोभ	२८.६	३७.२	२८.५	३०.०	-२३.३
९	कोइला	५९६.३	३६५.६	५३९.३	-३८.७	४७.५
१०	नरिवलको तेल	२.१	४.१	३.४	९३.८	-१७.२
११	कम्प्युटर तथा पार्टपुर्जा	१८४.७	२८१.२	५५३.५	५२.२	९६.९
१२	तामाको तार, रड, स्क्रयाप्स तथा शिट	४१८.०	३६२.२	२४२.५	-१३.३	-३३.१
१३	सौन्दर्यका सामान	१९६.७	२४८.९	३०५.३	२६.५	२२.७
१४	कच्चा पाम तेल	१०५९.८	६८१.७	१३७३.०	-३५.७	१०१.४
१५	कच्चा भटमासको तेल	१३४४.५	१०८००.२	१२२२२.४	-	१३.२
१६	ढोकाको ताल्चा	१.०	१.१	१.२	१८.३	७.५
१७	ड्राइसेल बेट्री	२.४	४.८	४.२	१००.२	-११.६
१८	खाने तेल	१८२३.९	२९६२.५	२२५१.८	६२.४	-२४.०
१९	विद्युत्तीय सामानहरू	२८३.०	२९६.९	३१४.२	४.९	५.८
२०	फल्यास लाइट	३.४	४.१	३.३	१७.९	-१७.७
२१	ग्लासवेयर्स	११६.६	१३२.०	१६६.५	१३.२	२६.२
२२	सुन	२५९३.५	१९९२.६	२९१२.९	-२३.२	४६.२
२३	इन्सेक्टिसाइड	१५.२	१२.९	९.६	-१४.८	-२५.५
२४	औषधि उपकरण तथा औजार	१०४८.४	९२२.०	११३५.२	-१२.१	२३.१
२५	औषधी	९२२.०	५५६.३	७०४.७	-३९.७	२६.७
२६	कार्यालय उपकरण तथा स्टेशनरी	१००.६	१३०.७	१२३.७	३०.०	-५.४
२७	तेलहन	१०७५.१	१४९९.०	१६७८.६	३९.४	१२.०
२८	अन्य मेशिनरी तथा पार्ट्स	१०१३.५	१०६२.८	१३५८.३	४.९	२७.८
२९	अन्य स्टेशनरी	४१५.९	४०३.१	४२०.४	-३.१	४.३
३०	पि.भि.सि.कम्पाउण्ड	२६५.०	२६८.४	२२८.०	१.३	-१५.०
३१	पाम आयल	२१७.६	५९६.०	५९१.८	१७३.९	-०.७
३२	केराउ	३६८.३	२४६.१	२३८.३	-३३.२	-३.२
३३	पेट्रोलियम पदार्थ	३०१.३	३२९.९	२५१.५	९.५	-२३.८
३४	पाइप तथा पाइप फिटिंग्स	२४.८	१७.८	८.४	-२८.४	-५३.०
३५	पोलिथिन ग्रान्युअल्स्	७६५.५	७३४.७	८७६.४	-४.०	१९.३
३६	पाउडर दूध	१८.०	१०.९	११.३	-३९.४	३.५
३७	जीवजन्तुको आहारको रूपमा प्रयोग हुने तयारी वस्तु	१०८.२	१२१.१	१३७.३	११.९	१३.३
३८	दाल	५२७.३	७२८.७	६०६.२	३८.२	-१६.८
३९	कच्चा ऊन	१६२.४	११०.३	१७०.६	-३२.१	५४.७
४०	तयारी पोशाक	७८.७	८१.८	७६.८	३.९	-६.१
४१	जुत्ता तथा चप्पल	५५.१	५९.८	४८.४	८.५	-१९.०
४२	चाँदी	३२६.९	५७०.५	३०४१.३	७४.५	-
४३	साना अलैंची	१४२.०	४१.०	३३.०	-७१.१	-१९.६

क्र.सं.	वस्तुको नाम	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०८०/८१[सं]	२०८१/८२[सं]	२०८२/८३[अ]	२०८१/८२	२०८२/८३
४४	स्टिल रड तथा शिट	२.३	४.१	१.१	७४.९	-७३.०
४५	स्टोरेज बेट्री	३१.९	२२.८	१७.४	-२८.६	-२३.५
४६	सिन्थेटिक तथा प्राकृतिक रबर	२२.५	३२.८	२८.५	४५.३	-१३.१
४७	सिन्थेटिक कार्पेट	१.८	१.९	५.३	१.९	१८२.८
४८	दूरसंचार उपकरण तथा पार्ट्स	१३८.३	२३७.९	२३२.३	७२.१	-२.४
४९	बोसो	१.६	१.०	०.३	-३४.८	-७३.४
५०	लत्ताकपडा डाइ	१९.४	१९.०	२४.४	-१.९	२८.२
५१	लत्ताकपडा	२८.५	३४.४	३३.७	२०.४	-२.०
५२	धागो	५३५.०	६५६.६	६५७.९	२२.७	०.२
५३	खेलौना	३६.८	४१.९	३६.०	१३.९	-१४.०
५४	यातायात उपकरण तथा पार्टपुर्जा	७३८.१	८५७.६	१२४०.९	१६.२	४४.७
५५	टायर, ट्युब तथा फ्लेप्स	५७.६	६४.१	४४.०	११.३	-३१.३
५६	भिडियो, टेलिभिजन तथा पार्टपुर्जा	१७५.८	२८९.४	२८५.४	६४.६	-१.४
५७	घडी तथा ब्याण्डस्	९३.२	८४.२	७३.३	-९.६	-१३.०
५८	लेख्ने तथा छाप्ने कागज	२३३.२	१५२.२	१३९.७	-३४.७	-८.२
५९	एक्सरे फिल्म	५२.१	५९.३	४६.०	१३.८	-२२.५
६०	जिंक इन्गट	३८.८	२३.५	१९.३	-३९.३	-१८.०
ख)	**अन्य**	**६८६१.०**	**६६४६.०**	**७०४७.०**	**-३.१**	**६.०**
	कुल जम्मा	**२९७५२.९**	**३९१८१.९**	**४६०५३.१**	**३१.७**	**१७.५**

* भन्सार तथ्याङ्कमा आधारित, अ : अपरिष्कृत, सं : संशोधित

तालिका १६ : शोधनान्तर स्थिति

(रु. करोडमा)

विवरण	वार्षिक			वार्षिक			प्रथम एघार महिना		
	२०८०/८१ सं			२०८१/८२ सं			२०८२/८३ अ		
	केडिट	डेबिट	खुद	केडिट	डेबिट	खुद	केडिट	डेबिट	खुद
चालु खाता	**२१४४०४.०६**	**१९२२६९.०७**	**२२१३४.९८**	**२५५०७९.७७**	**२१४०९६.१७**	**४०९८३.६०**	**३३७२१३.५६**	**२४४८५७.६३**	**९२३५५.९३**
वस्तु तथा सेवा	**४३४६२.९२**	**१८७८५९.११**	**-१४४३९६.१९**	**५४८८६.८८**	**२०९१७९.७२**	**-१५४२९२.८४**	**६३४९०.१६**	**२३८४७३.८८**	**-१७४९८३.७३**
वस्तु	**१८२३६.६७**	**१५७०११.३९**	**-१३८७७४.७३**	**३०८६३.८५**	**१७६१२६.४७**	**-१४५२६२.६१**	**३५८०७.०३**	**२०३४३०.७०**	**-१६७६२३.६७**
सेवा	**२५२२६.२५**	**३०८४७.७१**	**-५६२१.४६**	**२४०२३.०३**	**३३०५३.२५**	**-९०३०.२२**	**२७६८३.१३**	**३५०४३.१८**	**-७३६०.०५**
यातायात	३२९७.६४	७३२८.६१	-४०३०.९७	२९४१.०७	६२३३.५७	-३२९२.५०	३६९३.८३	७७६०.९७	-४०६७.१४
भ्रमण	८२३८.३८	१८९४३.४०	-१०७०५.०२	८८७०.७९	२२३७१.७९	-१३५०१.००	९००५.४८	२०९०९.७७	-११९०४.२९
व्यक्तिगत	८०९५.९५	१८६१९.२२	-१०५२३.२७	८८५२.५२	२१९३४.४३	-१३०८१.९१	९००१.०३	२०७१६.८९	-११७१५.८७
शिक्षा-सम्बन्धी	६०१.८१	१२५१३.१९	-११९११.३८	३८८.९२	१३८४८.४७	-१३४५९.५६	४६९.३१	१४१९२.२४	-१३७२२.९३
दूरसञ्चार, कम्प्युटर तथा सूचना सेवा	१५५४.४३	१९४.५५	१३५९.८८	२२३३.३४	६१४.८२	१६१८.५२	२४८६.२१	७६७.१२	१७१९.०९
व्यक्तिगत, सांस्कृतिक तथा मनोरञ्जनात्मक सेवा	-	-	-	-	-	-	५००.८७	२४७.८४	२५३.०३
सरकारी वस्तु तथा सेवा	२३७४.३१	१६२.१६	२२१२.१५	३४२८.०१	४५०.२४	२९७७.७७	४०७५.१२	७४१.९३	३३३३.१९
प्राथमिक आय	**१३१४७.०३**	**३७४०.२४**	**९४०६.८०**	**११५७६.७८**	**३७३०.०७**	**७८४६.७०**	**१४२६३.०४**	**५०७६.८०**	**९१८६.२४**
द्वितीय आय	**१५७७९४.१०**	**६६९.७३**	**१५७१२४.३७**	**१८८६१६.११**	**११८६.३८**	**१८७४२९.७३**	**२५९४६०.३७**	**१३०६.९५**	**२५८१५३.४२**
सरकार	११६५.६१	०.००	११६५.६१	१८०२.२०	०.००	१८०२.२०	३४०८.५४	०.००	३४०८.५४
वित्तीय संस्था, गैरवित्तीय संस्था, घरपरिवार, तथा गैर-लाभकारी संस्था	१५६६२८.४९	६६९.७३	१५५९५८.७६	१८६८१३.९०	११८६.३८	१८५६२७.५३	२५६०५१.८३	१३०६.९५	२५४७४४.८८
व्यक्तिगत ट्रान्सफर	१४४५३१.५१	६०६.०२	१४३९२५.४९	१७३१२७.०३	११२५.४८	१७२००१.५५	२३७०९२.३७	१२००.३४	२३५८९२.०३
विप्रेषण	१४४५३१.५१	६०६.०२	१४३९२५.४९	१७२३२७.०१	१११७.२३	१७१२०९.७८	२३६३१२.९९	११९८.२२	२३५११४.७७
१९	ग्लोबल आइ.एम.ई. लघुबित्त वित्तीय संस्था लि.	पोखरा, कास्की	२०७०-०२-०५	६४.८३	राष्ट्रियस्तर
२०	महुली लघुवित्त वित्तीय संस्था लि.	बगधुवा, सप्तरी	२०७७-०८-०८*	३८.७५	राष्ट्रियस्तर
२१	मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	बट्टार, नुवाकोट	२०७०-०४-०३	१४८.६४	राष्ट्रियस्तर
२२	समता घरेलु लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७८-०१-०२*	६६.०५	राष्ट्रियस्तर
२३	सामुदायिक लघुवित्त वित्तीय संस्था लि.	वनेपा, काभ्रेपलाञ्चोक	२०७१-०३-०१	१७.०८	बागमती प्रदेश र थप ५ जिल्ला (सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, भोजपुर, संखुवासभा)
२४	नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	निलकण्ठ, धादिङ	२०७८-०३-३०*	१५२.१४	राष्ट्रियस्तर
२५	ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.	बुटवल, रूपन्देही	२०७१-०४-३०*	१००.५४	राष्ट्रियस्तर

क्र.सं	नाम	केन्द्रीय कार्यालय	संचालन मिति	चुक्तापुँजी (रु.करोडमा)	कार्य क्षेत्र
२६	वीन नेपाल लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७८-०७-१५*	८.४३	प्रदेशस्तर (बागमती प्रदेश)
२७	उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लि.	सिद्धार्थनगर, रूपन्देही	२०७७-०३-२६*	२४.६९	राष्ट्रियस्तर
२८	नाडेप लघुवित्त वित्तीय संस्था लि.	गजुरी, धादिङ	२०७२-०२-०१	४८.५८	राष्ट्रियस्तर
२९	सपोर्ट लघुवित्त वित्तीय संस्था लि.	हाँसपोसा, इटहरी	२०७२-०३-२७	१३.४१	प्रदेशस्तर (कोशी प्रदेश)
३०	आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७८-०७-३०*	३६.७१	राष्ट्रियस्तर
३१	आशा लघुवित्त वित्तीय संस्था लि.	मदनपुर, नुवाकोट	२०७३-०५-१३	८०.२७	राष्ट्रियस्तर
३२	गुराँस लघुवित्त वित्तीय संस्था लि.	धनकुटाबजार, धनकुटा	२०७३-०८-०१	१३.२४	प्रदेशस्तर (कोशी प्रदेश)
३३	गणपति लघुवित्त वित्तीय संस्था लि.	दुलेगौडा (शुक्लगण्डकी), तनहुं	२०७३-०८-२४	१५.१६	राष्ट्रियस्तर
३४	इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि	गैंडाकोट, नवलपरासी	२०७८-०५-०४*	४९.७४	राष्ट्रियस्तर
३५	स्वाभिमान लघुवित्त वित्तीय संस्था लि	तिलोत्तमा, रूपन्देही	२०७४-०२-०८	१५.३४	प्रदेशस्तर (लुम्बिनी प्रदेश)
३६	सम्पदा लघुवित्त वित्तीय संस्था लि.	बन्दीपुर, तनहूँ	२०८१-०३-३०*	७०.०९	राष्ट्रियस्तर
३७	एनआइसी एसिया लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७७-१२-०८*	१७३.९४	राष्ट्रियस्तर
३८	महिला लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७५-०७-०१	२१.७६	राष्ट्रियस्तर
३९	मानुषी लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७५-०८-०१	१०.९४	राष्ट्रियस्तर
४०	युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि	कोहलपुर, बाँके	२०७८-०९-३०*	१४.८६	४-१० जिल्ला (बाँके, वर्दिया, कैलाली, कञ्चनपुर, दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी, सुर्खेत र डडेलधुरा)
४१	उपकार लघुवित्त वित्तीय संस्था लि	कोहलपुर, बाँके	२०७५-१२-११	१०.६१	प्रदेशस्तर (लुम्बिनीप्रदेश)
४२	धौलागिरी लघुवित्त वित्तीय संस्था लि	बाग्लुङ्ग-२, बाग्लुङ्ग	२०७५-११-०७	१३.३१	राष्ट्रियस्तर
४३	सिवाइसि नेपाल लघुवित्त वित्तीय संस्था लि	पोखरा ,कास्की	२०७९-११-३०*	२६.६४	राष्ट्रियस्तर
४४	नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि	कुस्मा, पर्वत	२०७५-११-२१	२९.१३	राष्ट्रियस्तर
४५	स्वस्तिक लघुवित्त वित्तीय संस्था लि	लाहान, सिराहा	२०७५-१२-१२	५.७८	प्रदेशस्तर (मधेश प्रदेश)
४६	श्रृजनशील लघुवित्त वित्तीय संस्था लि	गोलबजार, सिराहा	२०७५-१२-०१	१०.९४	राष्ट्रियस्तर
४७	मातृभूमी लघुवित्त वित्तीय संस्था लि	धनगढी, कैलाली (करपोरेट मण्डिखाटार)	२०७७-०३-२९*	६२.८४	राष्ट्रियस्तर
४८	जीवन विकास लघुवित्त वित्तीय संस्था लि	कटहरी, मोरङ	२०७७-०५-२२*	१७५.१२	राष्ट्रियस्तर
४९	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि	घोराही, दाङ	२०७६-०१-०२	८.९५	प्रदेशस्तर (लुम्बिनीप्रदेश)
५०	सञ्जीवनी लघुवित्त वित्तीय संस्था लि.	तुलसीपुर, दाङ	२०७६-१०-०१	८१.१४	प्रदेशस्तर (लुम्बिनी प्रदेश)
५१	अभियान लघुवित्त वित्तीय संस्था लि	पनौती, काभ्रेपलाञ्चोक	२०७६-०९-०१	२५.००	राष्ट्रियस्तर

* मर्जर/प्राप्तिपश्चात् प्रदान गरिएको इजाजतपत्रानुसारको सञ्चालन मिति ।

(५) पूर्वाधार विकास बैंक

क्र.सं	नाम	केन्द्रीय कार्यालय	सञ्चालन मिति	चुक्ता पुँजी (रु.करोडमा)	कार्य क्षेत्र
१	नेपाल पूर्वाधार बैंक लि.	नयाँबानेश्वर, काठमाडौं	२०७५-११-२२	२१६०.००	राष्ट्रियस्तर

(६) अन्य संस्था

(६.१) सहकारी संस्था

क्र.सं	संस्थाको नाम	कार्यालय	सम्पर्क कार्यालय	स्वीकृति प्रदान भएको मिति
१	राष्ट्रिय सहकारी बैंक लि.	पुल्चोक, ललितपुर	बानेश्वर, काठमाडौं	२०६७-०४-०४

(६.२) हायर पर्चेज

क्र.सं	संस्थाको नाम	कार्यालय	सम्पर्क कार्यालय	स्वीकृति प्रदान भएको मिति
१	ओम्नी हायर पर्चेज प्रा.लि.	आदर्शनगर, बीरगंज	आदर्शनगर, बीरगंज	२०७१-०१-२४
२	हुलास फिनसर्भ हायर पर्चेज लि.	टेकु, काठमाडौं	टेकु, काठमाडौं	२०७१-०४-१८
३	सिप्रदी हायर पर्चेज प्रा.लि.	गैरिधारा, काठमाडौं	थापाथली, काठमाडौं	२०७१-०७-२०
४	एम.ए.डब्लु. हायर पर्चेज प्रा.लि.	विराटनगर, मोरङ	टेकु, काठमाडौं	२०७१-०९-३०
५	नियोफिन हायर पर्चेज प्रा.लि.	पोखरा , कास्की	गैरीधारा, काठमाडौं	२०७१-१०-२१
६	स्याकार हायर पर्चेज प्रा.लि.	कान्तिपथ, काठमाडौं	कान्तिपथ, काठमाडौं	२०७३-०३-१०
७	जगद्रम्बा हायर पर्चेज लि.	नक्साल, काठमाडौं	नक्साल, काठमाडौं	२०७३-०९-१७
८	भेन्चर हायर पर्चेज प्रा.लि.	पानीपोखरी, काठमाडौं	पानीपोखरी, काठमाडौं	२०७६-०८-०३
९	मनोकामना हायर पर्चेज प्रा.लि.	पानीपोखरी, काठमाडौं	कान्तिपथ, काठमाडौं	२०७६-०९-२७
१०	अग्नी हायर पर्चेज प्रा.लि.	पानीपोखरी, काठमाडौं	पानीपोखरी, काठमाडौं	२०७७-०७-१३

(६.३) प्रतिनिधि कार्यालय

क्र.सं	संस्थाको नाम	कार्यालय	सम्पर्क कार्यालय	स्वीकृति प्रदान भएको मिति
१	श्री मशरेक बैंक पि एस सी	दुबई, युएई	नयाँ बानेश्वर, काठमाडौं	२०६७-०६-२६
२	दोहा बैंक	दोहा, कतार	थापाथली, काठमाडौं	२०७४-०१-११
३	आईसीआईसीआई बैंक लि.	मुम्बई, भारत	थापाथली, काठमाडौं	२०७६-१०-२१

(६.४) जलविद्युत् लगानी तथा विकास कम्पनी

क्र.सं	संस्थाको नाम	कार्यालय	सम्पर्क कार्यालय	स्वीकृति प्रदान भएको मिति
१	जलविद्युत् लगानी तथा विकास कम्पनी लि.	बबरमहल, काठमाडौं	बबरमहल, काठमाडौं	२०६९-०३-२६

भाग

२

नेपाल राष्ट्र बैंकको कामकारबाही

आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति	७०
मौद्रिक व्यवस्थापन	७०
वित्तीय क्षेत्र सुधार, नियमन तथा वित्तीय पहुँच विस्तार	७३
बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण	८१
गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण	८५
सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण	८५
विदेशी विनिमय व्यवस्थापन	८६
भुक्तानी प्रणाली	९०
सूचना प्रविधि	९३
मुद्रा व्यवस्थापन	९३
मानव संसाधन व्यवस्थापन	९६
विविध	९६
प्रदेशस्थित कार्यालयहरूका प्रमुख गतिविधिहरू	१०५
तालिकाहरू	१०६
अनुसूचीहरू	११४

भाग

२

नेपाल राष्ट्र बैंकको कामकारबाही

आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति

२.१ नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरेबमोजिम आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने मूल उद्देश्यका साथ २०८२ असार २७ गते आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति सार्वजनिक गरिएको थियो । आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा २०८२ मङ्सिर १५ गते, अर्धवार्षिक समीक्षा २०८२ फागुन १२ गते र तेस्रो त्रैमासिक समीक्षा २०८३ जेठ १ गते सार्वजनिक गरिएको थियो ।

उद्देश्य तथा लक्ष्यहरू

२.२ अर्थतन्त्र बिस्तारै लयमा फर्कन थालेको, मुद्रास्फीति वाञ्छित सीमाभित्र रहेको एवम् विदेशी विनिमय सञ्चितिको स्तर बढ्दै गइरहेको परिप्रेक्ष्यमा आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमा गरिएको थियो । बैंकिङ क्षेत्रमा पर्याप्त तरलता रहेकोले निक्षेप र कर्जाको भारित औसत ब्याजदरहरू घट्दो क्रममा रहेको स्थिति मौद्रिक नीति तर्जुमा गर्दाको समय कायम रहेको थियो । समग्र वित्तीय स्थायित्व कायमै रहेतापनि बैंक तथा वित्तीय संस्थाहरूको निष्कृय कर्जा अनुपात तथा गैरबैंकिङ सम्पत्ति एवम् कालोसूचीमा पर्ने ऋणीहरूको सङ्ख्या बढ्दै गएकोले सजग रहनुपर्ने स्थिति भने रहेको थियो । साथै, विश्वको आर्थिक वृद्धिदरमा क्रमिक सुधार देखिएको भएतापनि भूराजनीतिक तनाव र कतिपय मुलुकको कठोर व्यापार नीतिको कारण विश्व अर्थतन्त्रमा अनिश्चितता समेत बढेको स्थिति थियो ।

२.३ समष्टिगत आर्थिक स्थायित्व कायम राख्दै कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फ उन्मुख गराउने तथा मौद्रिक नीति एवम् नियामकीय नीतिहरूबीच समन्वय कायम गरी अर्थतन्त्रलाई थप गतिशील बनाउने उद्देश्यसहित अघिल्लो आर्थिक वर्षको सजगतापूर्वक लचिलो कार्यदिशालाई आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिले निरन्तरता दिएको थियो । यसका साथै, मुद्रास्फीति वाञ्छित सीमाभित्र रहेको एवम् विदेशी विनिमय सञ्चिति पर्याप्त रहेको अवस्थामा समग्र मागमा सुधार ल्याउन निजी क्षेत्रको पुँजी निर्माण र सरकारको आन्तरिक ऋण परिचालनका लागि अर्थतन्त्रमा न्यून ब्याजदर कायम गर्दै आर्थिक गतिविधि अभिवृद्धि गर्न मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा, अर्धवार्षिक समीक्षा एवम् तेस्रो त्रैमासिक समीक्षाले पनि सजगतापूर्ण लचिलो कार्यदिशालाई निरन्तरता दिएको थियो ।

२.४ आर्थिक वर्ष २०८२/८३ मा मुद्रास्फीतिलाई ५.० प्रतिशतको हाराहारीमा कायम राख्ने गरी मौद्रिक तरलता व्यवस्थापन गर्ने लक्ष्य लिइएकोमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.०८ प्रतिशत रहेको थियो (तालिका २.१) । आर्थिक वर्ष २०८२/८३ मा कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम राख्ने गरी विदेशी विनिमय व्यवस्थापन गर्ने लक्ष्य लिइएकोमा आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा कायम विदेशी विनिमय सञ्चिति १९.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको थियो (तालिका २.१) ।

तालिका २.१ : मुद्रास्फीति तथा विदेशी विनिमय सञ्चिति पर्याप्तता

विवरण	२०८०/८१	२०८१/८२	२०८२/८३	
			लक्ष्य	यथार्थ
वार्षिक औसत मुद्रास्फीति (प्रतिशतमा)	५.४४	४.०६	५.००	३.०८
विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात, महिनामा)	१३.०	१५.४	७.०	१९.६

२.५ आर्थिक वर्ष २०८२/८३ मा विस्तृत मुद्राप्रदायको वृद्धिदर १३.४ प्रतिशत रहेको छ (तालिका २.२) । त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा मौद्रिक क्षेत्रबाट निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धिदर ६.६ प्रतिशत रहेको छ (तालिका २.२) ।

तालिका २.२ : मुद्राप्रदाय तथा आन्तरिक कर्जा

विवरण	२०८०/८१	२०८१/८२	२०८२/८३
विस्तृत मुद्राप्रदायको वृद्धिदर (प्रतिशतमा)	१२.९	१२.५	१३.४
निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदर (प्रतिशतमा)	६.१	८.१	६.६

मौद्रिक नीतिको अन्तरिम तथा सञ्चालन लक्ष्य

२.६ नेपाली रुपैयाँको भारतीय रुपैयाँसँगको स्थिर विनिमयदरलाई आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अङ्कुशको रूपमा निरन्तरता दिई स्थिर विनिमयदरलाई मौद्रिक नीतिको अन्तरिम लक्ष्यको रूपमा लिइएको थियो ।

२.७ आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा यथावत् राख्दै खुला बजार कारोबार सञ्चालनलाई निरन्तरता दिइएको थियो । साथै, बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई नीतिगत दरको हाराहारीमा कायम हुने गरी खुला बजार कारोबार सञ्चालन गर्ने लक्ष्य राखिएको थियो । आर्थिक वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर २.७३ प्रतिशत रहेको थियो ।

मौद्रिक नीतिका उपकरणहरू

२.८ मौद्रिक नीतिले तोकेको कार्यदिशालाई कार्यान्वयन गर्न ब्याजदर कोरिडरको माथिल्लो सीमाको रूपमा रहेको बैंकदरलाई आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिले ६.५ प्रतिशतबाट घटाई ६.० प्रतिशत, नीतिगत दरलाई ५.० प्रतिशतबाट घटाई ४.५ प्रतिशत र ब्याजदर कोरिडरको तल्लो सीमाको रुपमा रहेको स्थायी निक्षेप सुविधा दरलाई ३.० प्रतिशतबाट घटाई २.७५ प्रतिशत कायम गरिएको थियो (तालिका २.३) । त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत ब्याजदर कोरिडरको माथिल्लो सीमाको रूपमा रहेको बैंकदरलाई थप घटाई ५.७५ प्रतिशत, नीतिगत दरलाई थप घटाई ४.२५ प्रतिशत र ब्याजदर कोरिडरको तल्लो सीमाको रुपमा रहेको निक्षेप सङ्कलन दरलाई यथावत् राखी २.७५ प्रतिशत कायम गरिएको थियो (तालिका २.३) ।

तालिका २.३ : ब्याजदर कोरिडर तथा नीतिगत दर (प्रतिशतमा)

विवरण	२०८२/८३ को मौद्रिक नीति जारी हुनुपूर्व	२०८२/८३ को मौद्रिक नीति	२०८२/८३ को मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा	२०८२/८३ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा	२०८२/८३ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा
बैंक दर	६.५	६.०	५.७५	५.७५	५.७५
नीतिगत दर	५.०	४.५	४.२५	४.२५	४.२५
स्थायी निक्षेप सुविधा दर	३.०	२.७५	२.७५	२.७५	२.७५

२.९ बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातका दरहरूको साविका व्यवस्थाहरुलाई नै आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति र समीक्षाहरुमा निरन्तरता दिइएको थियो (तालिका २.४) ।

तालिका २.४ : बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात (प्रतिशतमा)

शीर्षक	२०८०/८१	२०८१/८२	२०८२/८३
अनिवार्य नगद अनुपात			
वाणिज्य बैंक	४.०	४.०	४.०
विकास बैंक	४.०	४.०	४.०
वित्त कम्पनी	४.०	४.०	४.०
वैधानिक तरलता अनुपात			
वाणिज्य बैंक	१२.०	१२.०	१२.०
विकास बैंक	१०.०	१०.०	१०.०
वित्त कम्पनी	१०.०	१०.०	१०.०

मौद्रिक व्यवस्थापन

तरलता व्यवस्थापन

२.१० आर्थिक वर्ष २०८२/८३ मा बजारमा देखिएको तरलताको उतारचढावलाई सम्बोधन गर्नका लागि खुला बजार कारोबार तथा ब्याजदर करिडोरका विभिन्न उपकरणहरु प्रयोगमा ल्याइएको छ ।

२.११ आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तथा सोको आवधिक समीक्षामार्फत् परिवर्तन भएका मौद्रिक उपायहरु अन्तर्गतका व्यवस्थाहरुलाई सम्बोधन गर्नेगरी "नेपाल राष्ट्र बैंक खुला बजार विनियमावली, २०७८" मा छैठौं तथा "नेपाल राष्ट्र बैंक खुला बजार कारोबारसम्बन्धी कार्यविधि, २०७८" मा आठौं संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ ।

२.१२ आर्थिक वर्ष २०८२/८३ मा ४ दिनदेखि १७५ दिनसम्मको निक्षेप संकलन बोलकबोलमार्फत ८४ पटक, १५७ पटक स्थायी निक्षेप सुविधामार्फत तथा एक वर्ष अवधिको नेपाल राष्ट्र बैंक ऋणपत्रमाफत जम्मा १७ पटक तरलता प्रशोचन गरिएको छ। २०८३ असारमा निक्षेप संकलन बोलकबोलमार्फत, स्थायी निक्षेप सुविधामार्फत र नेपाल राष्ट्र बैंक ऋणपत्रमाफत गरिएको तरलता प्रशोचनको बक्यौता रकम क्रमशः रु.७५५ अर्ब ६५ करोड, रु.१२१ अर्ब ७५ करोड र रु.४०० अर्ब रहेको छ ।

२.१३ आर्थिक वर्ष २०८२/८३ मा अधिक तरलताको अवस्थालाई सम्बोधन गर्न नेपाल राष्ट्र बैंक ऋणपत्र, २०८३ र नेपाल राष्ट्र बैंक ऋणपत्र, २०८४ का विभिन्न सिरिजहरु जारी गरिएको छ। नेपाल राष्ट्र बैंक ऋणपत्र, २०८३ मार्फत् ९ वटा सिरिजहरु गरी कुल रु.२ खर्ब र नेपाल राष्ट्र बैंक ऋणपत्र, २०८४ मार्फत् ८ वटा सिरिजहरु गरी कुल रु.२ खर्ब तरलता प्रशोचन गरिएको छ। यसरी यस आर्थिक बर्षमा नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत कुल रु.४ खर्ब तरलता प्रशोचन गरिएको छ ।

तालिका २.५ : आर्थिक वर्ष २०८२/८३ मा तरलता प्रशोचन

क्र.सं.	उपकरण	पटक	रकम (रु.करोडमा)
१	**निक्षेप संकलन**	८४	३,६२,०३०.००
२	**स्थायी निक्षेप सुविधा**	१५७	३८,४९,५९५.००
३	**नेपाल राष्ट्र बैंक ऋणपत्र**	-	४०,०००.००
	जम्मा		४२,५१,६२५.००

२.१४ बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो स्वामित्वमा रहेका सरकारी ऋणपत्र धितो स्वरूप सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा रोक्का राखी दैनिक तरलता सुविधाको लागि यस बैंकमा अनुरोध गरेको अवस्थामा सुरक्षणपत्रको अधिकतम ९० प्रतिशत रकम न्यूनतम तीन महिना अवधिको लागि दैनिक तरलता सुविधा

सीमा कायम गर्ने र दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि, २०७६ (तेस्रो संशोधन, २०८०) को अधिनमा रही दैनिक तरलता सुविधासम्बन्धी कार्य सम्पादन हुने गरेको छ ।

सरकारी ऋणपत्रसम्बन्धी कारोवार

२.१५ आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा नेपाल राष्ट्र बैंकको स्वामित्वमा कुल रु. ७ अर्ब ५६ करोड १५ लाखको सरकारी ऋणपत्र रहेका छन् ।

तालिका २.६ : नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रको विवरण

सि.नं	ऋणपत्रको किसिम	रकम (रु.करोडमा)			प्रतिशत परिवर्तन	
		२०८०/८१	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
१.	ट्रेजरी बिल्स		२५.००	-	१००	(१००)
२.	विकास ऋणपत्र	१६४८.४०	८७८.६२	६५३.६२	(४६.७०)	(२५.६१)
३.	नागरिक बचतपत्र	३९०.६४	३००.२१	१०२.५३	(२३.१५)	(६५.८५)
४.	वैदेशिक रोजगार बचतपत्र	०.६५	०.६५	-	-	(१००)
जम्मा		२०३९.६९	१२०४.४८	७५६.१५	(४०.९५)	(३७.२२)

आन्तरिक ऋण व्यवस्थापन

२.१६ मौद्रिक व्यवस्थापन विभागले नेपाल सरकारको तर्फबाट आन्तरिक ऋण उठाउने र सोको व्यवस्थापन गर्ने कार्य गर्दै आएकोमा सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ र सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० कार्यान्वयनमा आएपश्चात् नेपाल सरकार, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट २०८० चैत १५ गतेदेखि आन्तरिक ऋण निष्काशन र २०८१ असार १ देखि सरकारी ऋणपत्रहरुको दोस्रो बजार कारोवार, भुक्तानी र व्यवस्थापन सम्बन्धी कार्य थालनी भए पश्चात् मिति २०८१/०३/०१ भन्दा अघि परिपक्व हुने विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको साँवा र आर्जित ब्याजको सोधभर्ना मात्र यस बैंकबाट हुने गरेको छ । आर्थिक वर्ष २०८२/८३ मा यस बैंकमार्फत साँवा तथा ब्याज गरी जम्मा रु. १ करोड ४४ लाख सोधभर्ना गरिएको छ ।

वित्तीय क्षेत्र सुधार, नियमन तथा वित्तीय पहुँच विस्तार

नियमन तथा वित्तीय क्षेत्र सुधार

नियामकीय व्यवस्थाहरू

२.१७ बैंक तथा वित्तीय संस्थाहरुको लागि आ.व. २०८२/०८३ मा जारी गरिएका मुख्य निर्देशन, मार्गदर्शन तथा सूचनाहरु देहायबमोजिम रहेका छन् ।

(क) Long Form Audit सम्बन्धमा :

Long Form Audit Report लाई समय सापेक्ष र प्रभावकारी बनाउन आर्थिक वर्ष २०८१/८२ देखिको बाह्य लेखापरीक्षण प्रयोजनका लागि विद्यमान ढाचाँमा समयसापेक्षरुपमा संशोधन/थप गरी जारी गरिएको ।

(ख) सहुलियतपूर्ण कर्जा सम्बन्धमा :

परम्परागत सीप र पेशाको आधुनिकीकरण एवं प्रवर्द्धन गर्दै उद्यमशीलताको विकास तथा प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण गर्ने उद्देश्यले सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२ जारी गरिएको ।

(ग) पुँजी सम्बन्धी व्यवस्थामा संशोधन :

- Capital Adequacy Framework 2015 बमोजिम बैंक तथा वित्तीय संस्थाहरुलाई लगाइएको Counter Cyclical Buffer आ.व.२०८२/८३ को लागि शून्य प्रतिशत कायम गरिएको छ ।
- बैंक तथा वित्तीय संस्थाले गैर बैंकिङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म उक्त सम्पत्तिवापत् सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न सकिने व्यवस्था गरिएको छ ।

(घ) संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था :

संस्थागत सामाजिक उत्तरदायित्व कोषमार्फत् गरिब, विपन्न तथा लक्षित वर्गको हित तथा उत्थानमा योगदान पुऱ्याउने उद्देश्यले "बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मार्गदर्शन, २०८१ (प्रथम संशोधन, २०८२)" जारी गरिएको छ ।

(ङ) मार्जिन प्रकृतिको शेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा सम्बन्धमा :

कुनै एक वा सबै इजाजतपत्रप्राप्त संस्थाहरुबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको अधिकतम एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) कुल रु.२५ करोड रहेकोमा उक्त सीमालाई हटाइएको छ ।

(च) Margin Lending प्रकृतिको शेयर सुरक्षण राखी प्रवाह हुने कर्जाका सम्बन्धमा :

धितोपत्र विनिमय बजारमा सूचीकृत संस्थाको सबलताको आधारमा कर्जा प्रवाहको लागि इजाजतपत्रप्राप्त संस्थाले Product Paper बनाउँदा संस्थाको वित्तीय तथा सबलता सूचकहरु समावेश गरी संस्थाको सबलता मूल्यांकन गर्ने विधि अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै, सबलता मूल्यांकनको आधारमा उच्च मूल्यांकन हुने संस्थाको शेयरको कर्जा मूल्य अनुपात बढीमा १० प्रतिशत विन्दुसम्म थप गर्न सकिने व्यवस्था कायम गरिएको छ ।

(छ) अधिविकर्ष लगायतका प्रयोजन नखुलेका व्यक्तिगत कर्जाको सम्बन्धमा :

बैंक तथा वित्तीय संस्थाहरुले निश्चित प्रयोजन नखुलेका व्यक्तिगत अधिविकर्ष कर्जा (Overdraft), धितो कर्जा (Mortgage Loan), सम्पत्ति कर्जा (Property Loan), व्यक्तिगत आवधिक कर्जा (Personal Term Loan), सेयरको धितोमा प्रदान गरिएको कर्जा लगायत जुनसुकै शीर्षकका व्यक्तिगत प्रयोजनका कर्जाहरु प्रतिव्यक्ति रु. १ करोडसम्म मात्र प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ ।

(ज) खराब कर्जा सम्बन्धमा :

लिलामी प्रक्रिया शुरु भएपश्चात् कर्जा नियमित भएको खण्डमा उक्त कर्जालाई खराब वर्गमा वर्गीकरण गरिरहन नपर्ने व्यवस्था गरिएको छ ।

(झ) इजाजतपत्रप्राप्त संस्थाहरुको शाखा कार्यालय समायोजन गर्ने सम्बन्धमा :

विद्युतीय भुक्तानी कारोबार बढिरहेको तथा वित्तीय संस्थाको शाखा उल्लेख्य रहेको सन्दर्भमा बैंक तथा वित्तीय संस्था स्वयम्ले महानगरपालिकामा रहेका शाखा समायोजन/एकीकरण गर्न सक्ने व्यवस्था गरिएको छ ।

(ञ) चेक क्लियरिङ्ग तथा भुक्तानी व्यवस्था सम्बन्धमा

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले रु. ५ लाख वा सोभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक वा सम्बन्धित व्यक्तिको खातामा मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरिएको छ ।

(ट) कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण सम्बन्धमा :

- महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित उद्यम/व्यवसायहरूमा प्रवाहित कर्जाको हकमा ऋणीको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा

आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिने व्यवस्था गरिएको छ ।

- जाजरकोट, रुकुमलगायतका भूकम्पप्रभावित क्षेत्रमा परियोजना रहेका व्यावसायिक कर्जा तथा उक्त क्षेत्रमा बसोवास गरिरहेका व्यक्तिहरूले लिएको कर्जा पुनरतालिकीकरण/पुनरसंरचना गर्न चाहेमा बैंक तथा वित्तीय संस्थाले ऋणीको आवश्यकता र औचित्यको आधारमा ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी बुझाउनुपर्ने ब्याज रकमको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी पुनरतालिकीकरण/पुनरसंरचना गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

- नेपाल सरकारबाट स्वीकृति प्राप्त निकायमा दर्ता भई सञ्चालनमा रहेका जग्गा विकास तथा भवन निर्माणसँग सम्बन्धित फर्म/कम्पनीलाई प्रवाहित कर्जाको हकमा ऋणीको अनुरोधमा संशोधित व्यावसायिक योजना तथा नगदप्रवाह लगायतका पक्षहरुको विश्लेषणसहित बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरेमा आवश्यकता र औचित्यको आधारमा एक पटकको लागि कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिने व्यवस्था गरिएको छ ।

(ठ) तोकिएको क्षेत्रमा कर्जा प्रवाह सम्बन्धमा :

- २०८३ पुस मसान्तदेखि न्यूनतम १० प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै, पर्यटन, लघु, घरेलु, साना तथा मझौला उद्यम/व्यवसाय, उर्जा, सूचना प्रविधि तथा सञ्चार प्रविधिमा आधारित उद्योग तथा स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात उद्योगमा २०८३ पुस मसान्तदेखि कुल कर्जा सापटको न्यूनतम २० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- २०८३ पुस मसान्तदेखि यस बैङ्कबाट इजाजतपत्रप्राप्त "ख" वर्गका वित्तीय संस्थाले कुल कर्जा तथा सापटको न्यूनतम २० प्रतिशत र "ग" वर्गका वित्तीय संस्थाले न्यूनतम १५ प्रतिशत कृषि, पर्यटन, लघु, घरेलु साना तथा मझौला उद्यम/व्यवसाय, उर्जा, सूचना प्रविधि तथा सञ्चार प्रविधिमा आधारित उद्योग तथा स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात उद्योग क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- वैदेशिक रोजगारीमा जाने युवाहरूलाई धितो लिई वा नलिई प्रवाह भएको रु.३ लाखसम्मको कर्जालाई विपन्न वर्गको कर्जामा गणना गर्न सकिने व्यवस्था गरिएको छ । साथै यस्तो व्यवस्था महिलाको हकमा बढीमा रु. ५ लाख हुने व्यवस्था कायम गरिएको छ ।

(ड) सरल बैंकिङ्गसम्बन्धी व्यवस्था सम्बन्धमा :

- इजाजतपत्रप्राप्त संस्थाले एक आपसमा सहकार्य गरी एटिएम लाउञ्ज भएका स्थानमा Braille signs control buttons र audio support सहितको कम्तीमा एक अपाङ्गमैत्री एटिएम राख्नुपर्ने व्यवस्था गरिएको छ ।

- इजाजतपत्रप्राप्त संस्थाले आफ्नो वेबसाइट तथा मोबाइल बैंकिङ्ग एप दृष्टि सम्बन्धी अपांगता भएका व्यक्तिहरुले समेत प्रयोग गर्न सकिने गरी विकास गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- इजाजतपत्रप्राप्त संस्थाले आफूले जारी गर्ने डेविट/क्रेडिट कार्डमा दृष्टिविहीनमैत्री tactile features राख्नुपर्ने व्यवस्था गरिएको छ ।

(ढ) अतिरिक्त कार्यालय समय सम्बन्धमा :

यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्ना कर्मचारीहरुलाई कार्यालय समयका अतिरिक्त समयमा काममा खटाउँदा प्रचलित व्यवस्थाबमोजिम अतिरिक्त परिश्रमिक प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै, इजाजतपत्रप्राप्त संस्थाले आफ्ना कर्मचारीलाई कार्यालय समयका अतिरिक्त समयमा काम गर्न बाध्य पार्न नपाइने व्यवस्था गरिएको छ।

(ण) अन्तरबैंक कारोबार/सापटी/लगानी व्यवस्था सम्बन्धमा :

अन्तर्राष्ट्रिय दातृ निकायको सहयोगमा सञ्चालित नेपाल सरकारको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि इजाजतपत्रप्राप्त संस्थाबीच हुने कर्जा कारोबार अन्तरबैंक कारोबार/सापटी (Interbank Transactions/Borrowings) मा गणना नहुने व्यवस्था गरिएको छ।

(त) मेरो कित्ता प्रणाली सम्बन्धमा :

इजाजतपत्रप्राप्त संस्थाले नापी कार्यालयबाट प्राप्त गर्ने सेवाहरु जस्तैः जग्गाको नक्सा, फिल्डबुक र प्लट रजिष्टर प्रिन्ट लिन तथा सोसँग सम्बन्धित राजश्व अनलाईनमार्फत् भुक्तानीका लागि मेरो कित्ता (Mero Kitta) प्रणालीमा संस्थागत प्रयोगकर्ता बनेर उक्त प्रणालीमार्फत् गर्नुपर्ने व्यवस्था कायम गरिएको छ।

(थ) खाता/रोक्का फुकुवा सम्बन्धमा

इजाजतपत्रप्राप्त संस्थाले वित्तीय अपराध न्यूनीकरणका लागि आवश्यक समन्वय गर्न कुनै कसुरको अनुसन्धान गर्ने वा कानून कार्यान्वयन गर्ने अधिकारीको मौखिक/लिखित अनुरोधमा वित्तीय अपराधसँग सम्बन्धित बैंक खाता अल्पकालीन अवधिका लागि रोक्का राख्न २४/७ कार्य गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिएको छ। साथै, कुनै कसुरको अनुसन्धान गर्ने वा कानून कार्यान्वयन गर्ने अधिकारीले इजाजतपत्रप्राप्त संस्थासँग विवरण माग गरेमा सोझै यथाशीघ्र उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ।

(द) निष्कृय खाताको संख्या न्यूनीकरण गर्ने सम्बन्धमा :

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्कृय खाताको संख्या न्यूनीकरण गर्ने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छ :

- इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफूसँग रहेका निष्कृय खातालाई न्यून गर्ने सम्बन्धमा कार्ययोजना बनाई २०८३ पुस मसान्तसम्ममा लागू गर्नुपर्ने,
- इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका सक्रिय खाता निष्कृय हुनुपूर्व Call, SMS, e-mail लगायतका माध्यमबाट ग्राहकलाई नियमित रूपमा जानकारी गराउने व्यवस्था गर्नुपर्ने,
- इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निष्कृय खाता सक्रिय गराउनको लागि कम्तिमा ६ महिना अवधिको अन्तरालमा Call, SMS, e-mail लगायतका माध्यमबाट सम्बन्धित ग्राहकहरुलाई अनुरोध गर्नुपर्ने तथा सोको अभिलेख समेत राख्नुपर्ने,
- इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू सम्बन्धित संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालय वा Mobile/Web application मार्फत समेत ग्राहकले सहजरुपमा बन्द गर्न सक्ने व्यवस्था गर्नुपर्ने। साथै, यसरी ग्राहकले उपस्थित भई वा Mobile/Web application मार्फत ग्राहकले खाता बन्द गर्न अनुरोध गरेको खण्डमा उक्त खातामा रहेको मौज्दात निजले अनुरोध गरेको अन्य बैंक तथा वित्तीय संस्थामा रहेको निजको खातामा रकमान्तर गरी खाता बन्द गरिदिनुपर्ने,

- इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालयबाट समेत ग्राहक पहिचान गरी सहजरुपमा खाता पुनः सक्रिय गर्नसक्ने व्यवस्था गर्नुपर्ने,
- इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्कृय भई पुनः सञ्चालन भएका खातामा हुने अस्वभाविक कारोबारको निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने,
- इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्कृय खाता, सोको प्रयोग गरी हुनसक्ने Money Mule कारोबार तथा वित्तीय अपराधको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न नियमितरुपमा विभिन्न सामग्री निर्माण गरी प्रसारण गर्नुपर्ने,
- इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा भएका खाताहरुबाट हुनसक्ने Money Mule क्रियाकलापको पहिचान तथा सोको न्यूनीकरण प्रयोजनार्थ कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने ।

(ध) चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ सम्बन्धमा :

- चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रको आधारमा आवश्यकतानुसार परिमार्जन गरी चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ (चौथो संशोधन सहित) जारी गरिएको छ ।
- चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ (चौथो संशोधन सहित) मा भएको Variance सम्बन्धी व्यवस्था २०८४ साउन १ गतेदेखि लागु हुने व्यवस्था गरिएको छ ।

(न) ऋण मुल्य अनुपात (Loan to Value Ratio) व्यवस्था सम्बन्धमा :

- निजी आवासीय घर निर्माण/खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा रु.२ करोडबाट बढाई रु.३ करोड कायम गरिएको छ । पहिलो घर निर्माण/खरिद गर्दा यस्तो कर्जा प्रवाहको लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्था गरिएको छ ।
- इजाजतपत्रप्राप्त संस्थाहरुले सार्वजनिक यातायातको रुपमा प्रयोग हुने यात्रुबाहक ठूला विद्युतीय सवारी साधनका लागि कर्जा प्रवाह गर्दा ऋण मूल्य अनुपात (Loan to Value Ratio) ८० प्रतिशतसम्म कायम गर्न सकिने व्यवस्था गरिएको छ ।

(प) वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था :

"ग" वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीहरूले प्राथमिक पुँजीको १५ गुणासम्म निक्षेप परिचालन गर्न सक्ने सीमा हटाइएको छ ।

(फ) कालोसूचीबाट नाम हट्न सक्ने सम्बन्धी व्यवस्था :

इजाजतपत्रप्राप्त संस्थाले आफूले प्राप्त गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल हुने गरी गैर-बैकिङ्ग सम्पत्ति सकार गरेमा कालोसूचीबाट नाम हट्न सक्ने व्यवस्था कायम गरिएको छ ।

(म) संगठित संस्थाको शेयर, डिवेञ्चर तथा अन्य लगानी सम्बन्धी व्यवस्था :

नेपाल सरकारले तोकेको पूर्वाधार क्षेत्रमा लगानी गर्ने उद्देश्यले स्थापना भएका निकायले निश्चित परियोजना स्थापना गर्नका लागि वित्तीय स्रोत जुटाउन जारी गरेका डिबेञ्चरमा गरेको लगानी ।

(य) लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनमा संशोधन/थप :

- इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले लाभांश घोषणा/वितरण गर्दा लाभांश वितरण पछिको पुँजीकोष अनुपात तथा निष्कृय कर्जा अनुपातलाई आधार मानी लाभांश वितरणको सीमा कायम गरिएको छ ।

- लघुवित्त वित्तीय संस्थाले नगद लाभांश वितरणको प्रस्ताव गर्नुपरेमा न्यूनतम ९ प्रतिशत पुँजीकोष अनुपात कायम गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै १५ प्रतिशत भन्दा बढी निष्कृय कर्जा अनुपात भएका लघुवित्त वित्तीय संस्थाहरुले लाभांश वितरण गर्न नपाउने व्यवस्था कायम गरिएको छ।
- विपन्न तथा न्यून आय भएका समूहमा आवद्ध भएका वा नभएका व्यक्तिहरुलाई स्वीकारयोग्य धितो लिई कृषि, लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाइ प्रतिव्यक्ति बढीमा रु.१५ लाख रुपैयाँसम्म लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ।
- थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्था र खुद्रा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाबीच एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भई एकीकृत कारोबार सञ्चालन गरेमा त्यस्तो लघुवित्त वित्तीय संस्थाले खुद्रा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको रुपमा मात्र कार्य गर्नुपर्ने व्यवस्था गरिएको छ। तर, थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाले गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भई एकीकृत कारोबार सञ्चालन गरेको मितिले ५ वर्षसम्म थोक कर्जाको कारोबार गर्न सकिने व्यवस्था कायम गरिएको छ।
- ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा भएको रकम दैवीप्रकोप/दुर्घटनामा परेका ग्राहकको परिवारलाई सहयोग गर्न सकिने व्यवस्था गरिएको छ।

(र) पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशनमा संशोधन/थप :

- Capital Adequacy Framework 2018 बमोजिम पूर्वाधार विकास बैंकलाई लगाइएको Counter Cyclical Buffer आ.व.२०८२/८३ को लागि शून्य प्रतिशत कायम गरिएको छ।
- पूर्वाधार विकास बैंकले २०८५ असार मसान्तसम्म आफ्नो अघिल्लो त्रयमासमा कायम रहेको कुल कर्जा सीमाको अधिकतम एक तिहाइ मात्र Credit Sale/Purchase/Repurchase तथा Takeover गर्न सकिने तथा २०८५ असार मसान्तपछि यस किसिमको Credit Sale /Purchase/Re-purchase तथा Takeover सम्बन्धी व्यवस्था स्वत: निष्क्रिय हुने व्यवस्था कायम गरिएको छ।

(ल) थप गरिएका निर्देशनहरु :

- यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरु र पूर्वाधार विकास बैंकका लागि आ.व. २०८१/८२ देखि लागू हुने गरी व्याज आम्दानी लेखाकंन सम्बन्धी Guidance Note on Interest Income Recognition, 2025 जारी गरिएको छ।
- यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरु र पूर्वाधार विकास बैंकका लागि जारी गरिएको NFRS 9- Expected credit Loss Related Guidelines, 2024 मा पहिलो संशोधन गरी जारी गरिएको छ।
- यस बैंकबाट जारी गरिएको इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०७७ (प्रथम संशोधन सहित) लाई प्रतिस्थापन गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०८२ जारी गरिएको छ।
- यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंकका लागि Framework for Dealing with Domestic Systemically Important Banks (D-SIBs), 2025 जारी गरिएको छ।

- यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गर्नको लागि तयार गरिएको Artificial Intelligence Guidelines को मस्यौदा उपर सम्बन्धित सरोकारवाला निकाय तथा व्यक्तिसँग राय/सुझाव संकलन गर्ने प्रयोजनार्थ यस बैंकको वेबसाइटमा प्रकाशन गरिएको छ ।
- यस बैंकबाट सीमित बैंकिङ कारोबार गर्ने गरी इजाजतपत्रप्राप्त सहकारी बैंकका लागि निर्देशन, २०८२ जारी गरिएको छ ।
- यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुका लागि नमुनाको रुपमा जारी भएको कर्मचारी सेवा विनियमावलीमा संशोधन/परिमार्जन/थप गरी संशोधित मस्यौदा यस बैंकको वेबसाइटमा प्रकाशन गरिएको छ ।
- बैंक तथा वित्तीय संस्थाहरूमा प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य आर्थिक सुविधाहरूको निर्धारण सम्बन्धमा एकरूपता कायम गर्न, जोखिम व्यवस्थापन र संस्थागत सुशासन प्रवर्द्धन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन, २०८३ जारी गरिएको छ ।

वित्तीय स्थायित्व प्रतिवेदन तथा तथ्याङ्क प्रकाशन

२.१८ नेपाल राष्ट्र बैंकले नियमित रूपमा वित्तीय स्थायित्व प्रतिवेदन (Financial Stability Report) प्रकाशन गर्ने गरेको छ । सोही क्रममा २०८२ असार महिनाको तथ्याङ्कमा आधारित सत्रौं वित्तीय स्थायित्व प्रतिवेदन (Financial Stability Report) प्रकाशित भएको छ ।

२.१९ बैंक तथा वित्तीय संस्थाहरूका लागि जारी एकीकृत निर्देशनबमोजिम नेपाल राष्ट्र बैंकमा प्राप्त तथ्याङ्कका आधारमा नियमित रूपमा वेबसाइटमार्फत मासिक विवरण तयार गरी प्रकाशन गरिएको छ ।

वित्तीय पहुँच अभिवृद्धि

२.२० वित्तीय संस्थाहरूको सञ्जाल विस्तारसँगै वित्तीय पहुँच बढ्दै गएको छ । नेपाल सरकारको प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा बाणिज्य बैंकको शाखा पुऱ्याउने लक्ष्य अनुरूप २०८३ असार मसान्तमसम्म सबै स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति रहेको छ ।

तालिका २.७ : स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति


प्रदेश	स्थानीय तहको सङ्ख्या	वाणिज्य बैंक पुगेका स्थानीय तहको सङ्ख्या			
		२०८० असार	२०८१ असार	२०८२ असार	२०८२ असार
कोशी	१३७	१३७	१३७	१३७	१३७
मधेश	१३६	१३६	१३६	१३६	१३६
बागमती	११९	११९	११९	११९	११९
गण्डकी	८५	८५	८५	८५	८५
लुम्बिनी	१०९	१०९	१०९	१०९	१०९
कर्णाली	७९	७९	७९	७९	७९
सुदूर-पश्चिम	८८	८७	८७	८८	८८
जम्मा	**७५३**	**७५२**	**७५२**	**७५३**	**७५३**

२.२१ २०८३ असार मसान्तमा २० वाणिज्य बैंक, १७ विकास बैंक, १६ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी जम्मा १०५ वटा बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन् । २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्त वित्तीय संस्थासमेत) को शाखा सङ्ख्या ११,५२६ रहेकोमा २०८३ असार मसान्तमा ११,३३२ रहेको छ ।

२.२२ २०८३ असार मसान्तमा सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंकहरूको जम्मा चुक्ता पुँजी रु.४ खर्ब ११ अर्ब २२ करोड रहेको छ भने विकास बैंकको चुक्ता पुँजी रु.४५ अर्ब ९९ करोड र वित्त कम्पनीको चुक्ता पुँजी रु.१५ अर्ब ३२ करोड रहेको छ।

२.२३ साथै, समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको कुल निक्षेप १३.८ प्रतिशतले वृद्धि भई रु.८,३११ अर्ब पुगेको छ। त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको कुल कर्जा अघिल्लो वर्षको तुलनामा ६.५३ प्रतिशतले वृद्धि भई रु.५,९५६ अर्ब पुगेको छ।

चार्ट २.१ : कुल कर्जाको संरचना (आर्थिक वर्ष २०८२/८३)



वित्तीय संस्थाहरु एकआपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी कार्य

२.२४ आर्थिक वर्ष २०८२/८३ मा ग्रामिण विकास लघुवित्त र समाज लघुवित्तलाई तथा पोखरा फाइनान्स र समृद्धि फाइनान्सलाई एक आपसमा गाभ्न गाभिन स्वीकृति प्रदान गरिएको छ।

बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू रोक्का, फुकुवा तथा विवरण माग

२.२५ आर्थिक वर्ष २०८२/८३ मा नेपाल प्रहरीको अपराध अनुसन्धानसम्बन्धी विभिन्न कार्यालय, आन्तरिक राजस्व विभाग, करदाता सेवा कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयजस्ता निकायको अनुरोधमा बैंक तथा वित्तीय संस्थामा रहेका खाता रोक्का राख्ने, फुकुवा गर्ने तथा विवरण पत्राचार गर्ने तथा माग गर्ने कार्य गरिएको छ।

सहुलियतपूर्ण कर्जा तथा विपन्न वर्ग कर्जा

२.२६ "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम २०८३ असार मसान्तसम्ममा ४७,६२५ ऋणीलाई रु.३६ अर्ब ६० करोड २० लाख कर्जा लगानी रहेको छ। उक्त कार्यविधिबमोजिम प्रवाह गरेका कर्जाहरुमा आ.व.२०८१/८२ सम्मको सम्पूर्ण व्याज अनुदान रकम बैंक तथा वित्तीय संस्थाहरु र निक्षेप तथा कर्जा सुरक्षण कोषलाई भुक्तानी दिइएको छ।

२.२७ आ.व. २०८२/८३ मा "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्नो कुल कर्जाको न्युनतम ५ प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाहित गर्नु पर्ने व्यवस्था रहेको छ। २०८३ असार मसान्तसम्म वाणिज्य बैंकहरुले आफ्नो कुल कर्जाको ५.१७ प्रतिशत, विकास बैंकले ६.१२ प्रतिशत र वित्त कम्पनीहरुले ५.७४ प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गरेका छन्।

मार्जिन कारोबारका लागि कर्जा प्रदान गर्न स्वीकृति प्रदान

२.२८ नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको सिफारिसबमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ बमोजिम ५७ सेयर ब्रोकर संस्थाहरूलाई मार्जिन कारोबारका लागि कर्जा प्रवाह गर्ने अनुमति प्रदान गरिएको छ ।

बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण

बैंक सुपरिवेक्षण

२.२९ आर्थिक वर्ष २०८२/८३ मा जोखिममा आधारित सुपरिवेक्षण विधि अवलम्बन गरी कुल १० वाणिज्य बैंकहरू तथा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको समष्टिगत स्थलगत निरीक्षण (Full Scope Onsite Inspection) सम्पन्न गरिएको छ ।

२.३० बैंकको चौथो रणनीतिक योजना २०२२-२०२६ बमोजिम १० ठूला वाणिज्य बैंकको Extensive Assets Quality Review (Loan Porfolio Review) कार्य गर्न छनौट भएको परामर्शदाता हवलादर युनुस एण्ड क., चार्टर्ड एकाउण्टेण्ट्स, बंगलादेशबाट लक्षित स्थलगत निरीक्षण गरिएको छ । स्थलगत निरीक्षणका क्रममा बैंकहरुमा देखिएका कमी कमजोरीहरुलाई सुधार गराउने तथा बैंकहरुबाट प्राप्त विवरणको आधारमा निरन्तर रुपमा बैंकहरुको मूल्याङ्कन गर्ने कार्य गरिएको छ ।

२.३१ आर्थिक वर्ष २०८२/८३ मा २ वाणिज्य बैंकहरूको IT and Cyber Risk सम्बन्धी लक्षित स्थलगत निरीक्षण सम्पन्न गरिएको छ । स्थलगत निरीक्षणका क्रममा बैंकहरूमा Information Security, IT Governance, IT Operations, Outsourcing Management लगायतका क्षेत्रमा देखिएका कमी कमजोरीहरूलाई सुधार गराउने तथा बैंकहरूबाट प्राप्त विवरणको आधारमा निरन्तर रूपमा बैंकहरूको मूल्याङ्कन गर्ने कार्य गरिएको छ ।

२.३२ सार्वजनिक सञ्चार माध्यम, सरकारी एवम् अन्य निकायहरुको अनुरोध, वित्तीय ग्राहकहरुको उजुरी तथा अन्य श्रोतबाट वाणिज्य बैंकहरुसँग सम्बन्धित २३६ वटा उजुरीहरु प्राप्त भएका छन् । कुल उजुरी तथा गुनासाहरुमध्ये करिब २६ प्रतिशत बैंक जमानत दाबी भुक्तानी नपाएको, १९ प्रतिशत वित्तीय सेवा, ८ प्रतिशत भ्रष्टाचार, १२ प्रतिशत कर्मचारी, ७ प्रतिशत वित्तीय ठगी, र २८ प्रतिशत अन्य विषयहरुसँग सम्बन्धित रहेको छ ।

२.३३ गैर-स्थलगत सुपरिवेक्षण अन्तर्गत सम्पूर्ण वाणिज्य बैंकहरुबाट नियमित रुपमा तथ्याङ्क लिई सो को आधारमा देहाय बमोजिमका कार्यहरु सम्पन्न गरिएको छ :

- अनिवार्य नगद मौज्दात अनुपात (CRR) को दुई/दुई हप्तामा अनुगमन प्रतिवेदन तयार गरिएको छ ।
- कर्जा निक्षेप अनुपात (CD Ratio) को दैनिक अनुगमन गरी मासिक प्रतिवेदन तयार गरिएको छ ।
- वैधानिक तरलता अनुपात (SLR) तथा स्प्रेड दर (Spread Rate) सम्बन्धी विवरण नियमित अनुगमन गरी मासिक प्रतिवेदन तयार गरिएको छ ।
- विपन्न वर्ग कर्जा (Deprived Sector Lending) तथा प्राथमिकता प्राप्त क्षेत्र कर्जा (Priority Sector Lending) को अनुगमन गरी त्रैमासिक प्रतिवेदन तयार गरिएको छ ।
- वाणिज्य बैंकहरुको पूँजी पर्याप्तता सम्बन्धमा मासिक अनुगमन गरिएको छ ।
- वाणिज्य बैंक तथा पूर्वाधार विकास बैंकको वित्तीय विश्लेषण तथा ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशन पालनाको अनुगमन, CAELS Analysis, Early Warning Signals, Stress Testing Result आदि समेटी त्रैमासिक रुपमा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गरिएको छ ।

- वाणिज्य बैंकहरुको वित्तीय विश्लेषणका आधारमा त्रैमासिक रुपमा मुख्य वित्तिय सूचकहरु (Key Financial Indicators) तयार गरी बैंकको वेबसाइटमा प्रकाशन गरिएको छ ।
- बैंक तथा वित्तीय संस्थाहरुको अघिल्लो आ.व. २०८१/८२ को नेपाल वित्तीय प्रतिवेदन मापदण्ड बमोजिमको वित्तीय विवरणको आधारमा २० वटा वाणिज्य बैंक तथा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि. लाई वित्तीय विवरण प्रकाशित गर्न स्वीकृति प्रदान गरिएको छ । वित्तीय विवरण प्रकाशित गर्न स्वीकृति प्रदान गर्दा बैंकहरुमा स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षणका क्रममा देखिएका कैफियत लगायत वाह्य लेखापरीक्षकले औल्याएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउनका लागि बैंकहरुलाई निर्देशन दिइएको छ ।

२.३४ यस बैंकबाट सम्पन्न गरिएका समष्टिगत, लक्षित तथा विशेष स्थलगत निरीक्षण तथा नियमित गरिने गैर-स्थलगत सुपरिवेक्षणका आधारमा तयार गरिएका प्रतिवेदनहरूमा उल्लेख गरिएका कैफियतहरू तथा तत् सम्बन्धमा जारी गरिएका निर्देशनहरूको पालना भए/नभएको कार्यको नियमित अनुगमन गर्ने गरिएको छ । सम्पूर्ण वाणिज्य बैंकहरूको अर्धवार्षिक रूपमा अनुगमन प्रतिवेदन तयार गरिएको छ ।

२.३५ वाणिज्य बैंकहरूको समष्टिगत सुपरिवेक्षण तथा वित्तीय स्थितिको विश्लेषणसहित समसामयिक विषयवस्तुहरू समेटेर आर्थिक वर्ष २०८१/८२ को वार्षिक बैंक सुपरिवेक्षण प्रतिवेदन प्रकाशन गरिएको छ ।

२.३६ आर्थिक वर्ष २०८२/८३ मा २ वटा वाणिज्य बैंकको विदेशी विनिमय कारोबार (वस्तु तथा सेवा आयात/निर्यात, विदेशी लगानी, ट्रेड फाईनान्स आदि सँग सम्बन्धित) लक्षित स्थलगत निरीक्षण सम्पन्न गरी बैंकमा देखिएका कमी कमजोरीहरुलाई सुधार गराउने कार्य गरिएको छ ।

२.३७ वाणिज्य बैंकहरुको तरलता जोखिम व्यवस्थापनलाई सुदृढ बनाउन आन्तरिक तरलता पर्याप्तता मूल्याङ्कन प्रक्रिया (Internal Liquidity Adequacy Assessment Process- ILAAP) सम्बन्धी अध्ययन सम्पन्न गरी मार्गदर्शनको खाका तयार गरिएको छ ।

२.३८ बैंकका ठूला ऋणीहरूको Interconnectedness सम्बन्धी विश्लेषण कार्य सम्पन्न गरिएको छ ।

२.३९ बैंकले पेस गरेको ICAAP Report को आधारमा Supervisory Review and Evaluation Process (SREP) गरिएको छ ।

२.४० वाणिज्य बैंकका मुख्य परिसूचकहरू देहायबमोजिम रहेका छन् (तालिका २.८) ।

तालिका २.८ : वाणिज्य बैंकका मुख्य परिसूचकहरू

क्र.सं.	परिसूचकहरू	२०८२ असार मसान्त	२०८३ असार मसान्त
१	कुल सङ्ख्या	२० (निफ्रासहित २१)	२० (निफ्रा सहित २१)
२	कुल चुक्ता पुँजी (रु. अर्बमा)	३८५.३३	४११.२२
३	प्राथमिक पुँजीकोष (रु. अर्बमा)	६००.०१	६२७.९०
४	कुल पुँजीकोष (रु. अर्बमा)	७६४.६८	८०७.४२
५	कुल निक्षेप (रु. अर्बमा)	६५४१.६५	७,५०१.८६
६	कुल कर्जा (रु. अर्बमा)	४९६३.१५	५,२९०.५४
७	प्राथमिक पुँजीकोष अनुपात (प्रतिशत)	१०.०३	९.८०
८	पुँजीकोष अनुपात (प्रतिशत)	१२.७८	१२.६०
९	कर्जा-स्रोत परिचालन अनुपात (प्रतिशत)	७६.६३	७१.०३
१०	खुद तरलता अनुपात (प्रतिशत)	३५.०७	३८.८५
११	वैधानिक तरलता अनुपात (प्रतिशत)	३०.१३	३४.६०
१२	निष्क्रिय कर्जा अनुपात (प्रतिशत)	४.४४	५.५६
१३	विपन्न वर्ग कर्जा अनुपात (प्रतिशत)	५.४१	५.१९

वित्तीय संस्था सुपरिवेक्षण

२.४१ आर्थिक वर्ष २०८२/८३ मा संचालनमा रहेका १६ विकास बैंकहरू र १४ वित्त कम्पनीहरूको समष्टिगत/लक्षित स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ। सो मध्ये ७ विकास बैंकहरूको जोखिममा आधारित सुपरिवेक्षण सम्पन्न भएको छ। सोही क्रममा समस्याग्रस्त घोषित १ विकास बैंक र १ वित्त कम्पनीको समेत निरीक्षण कार्य सम्पन्न गरिएको छ।

२.४२ सेवाग्राहीहरू एवम् विभिन्न निकायहरुबाट विभिन्न माध्यमद्वारा आएको गुनासोको आधारमा समीक्षा अवधिमा ४ विकास बैंकहरुको ५ पटक र २ वित्त कम्पनीहरुको ३ पटक विशेष निरीक्षण कार्य सम्पन्न गरिएको छ।

२.४३ वार्षिक साधारण सभा प्रयोजनको लागि १६ विकास बैंक र १४ वित्त कम्पनीहरूलाई आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको छ।

२.४४ नियमित रूपमा गैरस्थलगत सुपरिवेक्षण कार्य गरी विकास बैंक तथा वित्त कम्पनीहरूको पुँजीकोषको पर्याप्तता, अनिवार्य नगद अनुपात (CRR), वैधानिक तरलता अनुपात (SLR), ऋण तथा निक्षेप अनुपात (C/D Ratio), आधार दर, स्प्रेड दर, क्षेत्रगत कर्जा, विपन्नवर्ग कर्जा लगायतका नियमनकारी व्यवस्थाहरूको अनुगमन गरी त्रैमासिक गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गरिएको छ।

२.४५ प्रचलित कानुन, यस बैंकद्वारा जारी नियमन व्यवस्था तथा दिइएका निर्देशनको अनुपालना नभएकोले २०८३ असार मसान्तसम्ममा १ विकास बैंकको प्रमुख कार्यकारी अधिकृतलाई नसिहत दिइएको छ। ३ विकास बैंकलाई ४ पटक सचेत गराईएको छ भने १ वित्त कम्पनी तथा ३ विकास बैंकलाई नगद जरिवाना गरिएको छ। यस अवधिमा १ विकास बैंकलाई शीघ्र सुधारात्मक कारबाही (Prompt Corrective Action) गरिएको छ भने १ विकास बैंकलाई लिखित आदेश जारी गरिनुका साथै १ वित्त कम्पनीलाई शीघ्र सुधारात्मक कारवाही फुकुवा गरिएको छ।

२.४६ यस बैंकबाट इजाजतपत्र प्रदान गरिएका 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरूको आर्थिक वर्ष २०८१/८२ को वार्षिक सुपरिवेक्षण प्रतिवेदन वेबसाइटमार्फत् सार्वजनिक गरिएको छ।

२.४७ २०८३ असार मसान्तमा विकास बैंकहरूको अपरिस्कृत वित्तीय विवरणअनुसार निष्कृय कर्जा अनुपात औसतमा ५.३७ प्रतिशत रहेको छ भने कुल पूँजीकोष अनुपात औषतमा १४.५७ प्रतिशत रहेको छ। सो अनुपात आर्थिक वर्ष २०८१/८२ असार मसान्तमा क्रमशः ४.६३ र १३.९४ प्रतिशत रहेको थियो। त्यसैगरी, समीक्षा अवधिको असार मसान्तमा वित्त कम्पनीहरूको निष्कृय कर्जा अनुपात औषतमा ७.६६ रहेको छ भने कुल पुँजीकोष अनुपात औषतमा १३.६० प्रतिशत रहेको छ। उक्त अनुपात आर्थिक वर्ष २०८१/८२ को असार मसान्तमा क्रमश ८.५९ प्रतिशत र १३.३९ प्रतिशत रहेको थियो।

२.४८ २०८३ असार मसान्तमा कायम रहेको विकास बैंक र वित्त कम्पनीहरूको अपरिष्कृत प्रमुख वित्तीय सूचकहरू देहायबमोजिम रहेका छन् (तालिका २.९)।

तालिका २.९ : विकास बैंक र वित्त कम्पनीहरूको प्रमुख परिसूचकहरू (अपरिष्कृत)

क्र.सं.	सूचकहरू	विकास बैंक	वित्त कम्पनी
१.	कुल संख्या	१७	१६
	क) राष्ट्रिय स्तर	८	१४
	ख) प्रदेश/जिल्ला स्तर	९	२
२.	कुल चुक्ता पुँजी (रु. अर्बमा)	४५.४५	१४.१५
३.	प्राथमिक पुँजी (रु.अर्बमा)	६४.२६	१३.६०
४.	कुल पुँजी कोष (रु.अर्बमा)	७९.८१	१६.८४
५.	कुल निक्षेप (रु.अर्बमा)	६६१.९१	१४२.८५

क्र.सं.	सूचकहरू	विकास बैंक	वित्त कम्पनी
६.	कुल ऋण (रु.अर्बमा)	५५१.४६	१०७.३६
७.	प्राथमिक पुँजी अनुपात (प्रतिशतमा)	११.७३	११.६०
८.	कुल पुँजी अनुपात (प्रतिशतमा)	१४.५७	१४.३६
९.	कुल कर्जा/निक्षेप अनुपात (प्रतिशतमा)	८४.१०	७५.२१
१०.	तरलता अनुपात (प्रतिशतमा)	२७.९१	३३.१४
११.	वैधानिक तरलता अनुपात (प्रतिशतमा)	२५.९५	३०.८४
१२.	निष्किय कर्जा अनुपात (प्रतिशतमा)	५.३७	७.६६
१३.	विपन्न वर्ग कर्जा अनुपात (प्रतिशतमा)	६.१५	५.९०
१४.	निर्देशित क्षेत्र कर्जा (प्रतिशतमा)	२२.६९	२३.९७

नोट : परिसूचकहरुमा समस्याग्रस्त घोषित कर्णाली विकास बैंक, नेपाल शेयर मार्केट एण्ड फाइनान्स लि. र क्यापिटल मर्चेण्ट बैंकिंग एण्ड फाईनान्स कम्पनी लि. को तथ्याङ्क समावेश गरिएको छैन ।

लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण

२.४९ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको संख्या २०८३ असार मसान्तमा ५१ रहेको छ । यसमध्ये ३ वटा थोक कर्जा प्रदायक संस्था र बाँकी ४८ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु रहेका छन् । २०८३ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाका शाखाको संख्या ४,९२४ रहेको छ र ती संस्थाहरुमा कुल १५ लाख ४३ हजार समूह, ६५ लाख २९ हजार सदस्य र २७ लाख १२ हजार ऋणी आवद्ध रहेका छन् । खुद्रा कर्जाको कारोवार गर्ने ४८ वटा लघुवित्त वित्तीय संस्थामध्ये २ संस्थाले सर्वसाधारणबाट निक्षेप संकलनको अनुमति पाएका छन् । ५१ वटा संस्थाहरु मध्ये ३९ वटा राष्ट्रियस्तर, ८ वटा प्रदेशस्तर र ४ वटा जिल्लास्तर लघुवित्त वित्तीय संस्थाहरू देहाय बमोजिम रहेका छन् ।

२.५० आर्थिक वर्ष २०८२/८३ मा ४० लघुवित्त वित्तीय संस्थाहरूको समष्टिगत स्थलगत निरीक्षण र २ लघुवित्त वित्तीय संस्थाहरूको विशेष निरीक्षण सम्पन्न गरिएको छ ।

२.५१ समीक्षा अवधिमा आर्थिक वर्ष २०८१/८२ को दोस्रो अर्धवार्षिक र आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक कार्यान्वयन प्रतिवेदन (Enforcement Report) तथा आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक, आर्थिक वर्ष २०८२/८३ को प्रथम, दोस्रो र तेस्रो त्रैमासिक गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गरी बैंकको वेबसाइटमा प्रकाशित गरिएको छ ।

२.५२ लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०८१/८२ को वार्षिक निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन तयार गरी बैंकको वेबसाइटमा प्रकाशित गरिएको छ ।

२.५३ लघुवित्त वित्तीय संस्थाहरुको जोखिममा आधारित निरीक्षण तथा सुपरिवेक्षणको लागि जोखिममा आधारित सुपरिवेक्षण कार्यविधि (Risk Based Supervision Manual) तयार गरिएको छ ।

२.५४ समीक्षा अवधिमा यस बैंकको निर्देशन तथा संस्थाको विनियमावली पालना नगर्ने ५ वटा लघुवित्त वित्तीय संस्थाको संचालक समिति र प्रमुख कार्यकारीलाई सचेत गराइएको छ ।

२.५५ कुल पुँजीकोष ८ प्रतिशत कायम गर्नुपर्नेमा पुँजीकोष ८ प्रतिशतभन्दा कम भएको हुँदा बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ बमोजिम १० वटा लघुवित्त वित्तीय संस्थालाई आर्थिक वर्ष २०८२/८३ मा शीघ्र सुधारात्मक कारबाही प्रक्रिया अगाडि बढाइएको छ ।

२.५६ सञ्जिवनी लघुवित्त वित्तीय संस्था लि. (साविकको सुपर लघुवित्त वित्तीय संस्था लि.) तुलसीपुर, दाङलाई समस्याग्रस्त अवस्थाबाट फुकुवा गरी नियमित वित्तीय कारोबार गर्न स्वीकृति प्रदान गरिएको छ ।

२.५७ २०८३ असार मसान्तमा लघुवित्त सम्बन्धी कारोबार गर्ने "घ"वर्गका वित्तीय संस्थाहरूको साधन, स्रोत तथा उपयोगको स्थिति देहायबमोजिम रहेको छ (तालिका २.१०)।

तालिका २.१० : आर्थिक वर्ष २०८२/८३ को साधन, स्रोत तथा उपयोगको स्थिति

(रु. करोडमा)

विवरण	२०८१ असार	२०८२ असार	२०८३ असार*	प्रतिशत परिवर्तन	
				२०८१/८२	२०८२/८३
पुँजी तथा जगेडा कोष	६,३०१.५४	६,९०३.९७	७,१९९.०१	९.५६%	४.२७%
बचत तथा निक्षेप	१७,६६६.०८	१९,९७५.६१	२३,१८९.२९	१३.०७%	१६.०९%
सापटी	२३,०७४.५९	२३,९४६.८४	२४,४५८.०७	३.७८%	२.१३%
अन्य	७,६४७.२२	८,१२९.८०	८,६४०.४६	६.३१%	६.२८%
नाफा हिसाब	६८३.६६	८८७.६२	१,२१३.३६	२९.८३%	३६.७०%
जम्मा साधन	**५५,३७३.०९**	**५९,८४३.८३**	**६४,७००.१९**	**८.०७%**	**८.१२%**
तरल कोष	३,४५९.१६	४,२५६.८०	५,१०६.२१	२३.०६%	१९.९५%
लगानी	१,०१९.१०	१,०४९.९६	९९०.४४	३.०३%	-५.६७%
कर्जा तथा सापट	४५,५८५.२६	४८,९६७.२८	५३३९४.७१	७.४२%	९.०४%
अन्य	५,२६३.४५	५,५११.७१	५१७२.३०	४.७२%	-६.१६%
नोक्सान हिसाब	४६.१३	५८.०८	३६.५४	२५.९१%	-३७.०९%
जम्मा उपयोग	**५५,३७३.०९**	**५९,८४३.८३**	**६४,७००.१९**	**८.०७%**	**८.१२%**

*अपरिष्कृत

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण

२.५८ समीक्षा अवधिमा विप्रेषण कारोबार गर्ने १५ कम्पनीहरूको समष्टिगत स्थलगत निरीक्षण र ११ बैंकहरू गरी जम्मा २६ विप्रेषण कारोबार गर्ने बैंक/कम्पनीहरूको निरीक्षण कार्य सम्पन्न गरिएको छ। साथै, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेण्ट कम्पनी लि. र राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्थलगत निरीक्षण कार्यसमेत सम्पन्न गरिएको छ।

२.५९ समीक्षा अवधिमा उपत्यकाभित्रका ३६ मनिचेन्जर कम्पनी, ३७ टुर्स ट्राभल्स तथा ट्रेकिङ्ग कम्पनी, ८ हायरपर्चेज कम्पनी, १८ होटल, ४ क्यासिनो, ८ कार्गो कम्पनी, ५ एयरलायन्स कम्पनी र अन्य ५ गरी १२१ कम्पनीहरू तथा उपत्यकाबाहिरका ९ मनिचेञ्जर, ९ होटल, १२ ट्राभल्स तथा टुर्सहरू, ५ क्यासिनो र ४ अन्य गरी जम्मा ३९ कम्पनीहरूको स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ।

२.६० विदेशी मुद्रा कारोबार गर्ने इजाजतपत्रप्राप्त संस्थामध्ये थप ६०० वटा कम्पनीको E-mapping गरिएको छ।

सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण

२.६१ नेपाल राष्ट्र बैंक सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (प्रोलिफरेसन फाइनान्सिङ्ग) निवारणसम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०८३ कार्यन्वयनमा ल्याइएको छ। यसका साथै "A manual for supervision and inspection of banks and financial institutions on anti-money laundering and countering the financing of terrorism" अद्यावधिक गरिएको छ।

२.६२ आर्थिक वर्ष २०८२/८३ मा ४१ सूचक संस्थाहरूको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी जोखिममा आधारित स्थलगत निरीक्षण र २ संस्थाको विशेष स्थलगत निरीक्षण गरिएको छ।

२.६३ समीक्षा अवधिमा सम्पत्ति शुद्धीकरण, आतङ्कारी क्रियाकलाप तथा आम-विनाशकारी हातहतियार निर्माणमा वित्तीय लगानीको निवारणसँग सम्बन्धित प्रचलित कानुन, ऐन, नियम तथा बैंकबाट जारी भएका निर्देशनहरूको अनुपालना सम्बन्धी गरिएको स्थलगत निरिक्षण प्रतिवेदनको आधारमा कारवाही स्वरुप १ विप्रेषण कम्पनीलाई सचेत तथा आर्थिक जरिवाना तथा १ विकास बैंकलाई आर्थिक जरिवाना गरिएको छ ।

२.६४ ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ मा उल्लिखित क्रियाकलापमध्ये नेपाल राष्ट्र बैंकसँग सम्बन्धित कार्यको नियमित विवरण नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा अर्थ मन्त्रालयमा पठाउने गरिएको छ ।

विदेशी विनिमय व्यवस्थापन

विदेशी विनिमय नियमन

२.६५ भारत बाहेक अन्य मुलुकहरुको भ्रमणमा जाने नेपाली नागरिकहरुलाई राहदानी बापत प्रतिपटक सटही दिने अमेरिकी डलर २,५००।- वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा को सीमालाई वृद्धि गरी अमेरिकी डलर ३,०००।- वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा कायम गरिएको छ । साथै, सटही सुविधा परिवर्त्य विदेशी मुद्राको खातामा समेत जम्मा गरी उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ ।

२.६६ इजाजतपत्रप्राप्त वाणिज्य बैंकहरुले प्राथमिक पूँजीको २० प्रतिशतसम्म गर्न पाउने प्रोप्राइटरी डेरिभेटिभ्स (Proprietary Derivatives) कारोबारको कुल बक्यौता (खरिद बिक्री दुबैको जोड) सम्बन्धी सीमालाई वृद्धि गरी ३० प्रतिशत पुऱ्याइएको छ ।

२.६७ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद-६ख. तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग निवारण नियमावली, २०८१ को परिच्छेद-६ बमोजिम सूचक संस्थाले निर्वाह गर्नुपर्ने दायित्वका सम्बन्धमा "Guideline on Targeted Financial Sanctions for Financial Institutions" जारी गरिएको छ ।

२.६८ आयातकर्ताको अनुरोधमा नियमानुसार खोलिने प्रतीतपत्र Issuing Bank ले आफ्नो Correspondent बैंकमार्फत् विदेशस्थित Beneficiary को नाममा स्वीफ्टमार्फत् पठाउनु पर्ने व्यवस्थामा यस बैंकबाट स्वीकृतिप्राप्त विद्युतीय भुक्तानीका उपकरण थप गरिएको छ ।

२.६९ आयात गरिएको वस्तु प्रचलित कानुनी व्यवस्थाबमोजिम नेपाल सरकारका निकायले लिलाम बिक्री गरेमा वा नष्ट गरेमा वा वस्तु आयातको क्रममा दुर्घटना, चोरी आदि कारणबाट नेपाल भित्रिन नसकेमा सोको प्रमाणित कागजातका आधारमा त्यस्तो आयात सम्बन्धी धरौटी फिर्ता गर्न सहजीकरण गरिएको छ ।

२.७० सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम सडकमा नचल्ने वा दर्ता गराउन नपर्ने सवारी साधनको पैठारीमा सहजीकरण गरिएको छ ।

२.७१ नेपाली बीमा कम्पनीहरुले विशेषज्ञ सेवा (जस्तैः Actuary, Survey, Valuation आदि) का लागि प्राकृतिक व्यक्तिलाई गर्नुपर्ने भुक्तानीको सटही सुविधा नेपाल बीमा प्राधिकरणको सिफारिस समेतको आधारमा वाणिज्य बैंकबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ ।

२.७२ निर्यात प्रयोजनका लागि रकम प्राप्त भएको ४ महिनाभित्रमा अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त प्रयोजनको लागि प्राप्त भएको रकमको अग्रिम भुक्तानी प्रमाणपत्र जारी गरे पश्चात् निर्यातकर्तालाई रकम भुक्तानी दिनुपर्ने व्यवस्था गरिएको छ ।

२.७३ कुनै देशको सरकारी निकाय, कूटनीतिक नियोग (नेपाल वा विदेशमा अवस्थित), वा विदेशी संस्था (विदेशी सरकारी निकायबाट नेपाल समेत हेर्ने गरी तोकिएको) ले भिसा सम्बन्धी कार्यको लागि नेपालका संस्थालाई

तोकेमा सो प्रमाणित हुने कागजातको आधारमा सम्बन्धित सरकारी निकाय/नियोग वा विदेशी संस्था (विदेशी सरकारी निकायबाट आधिकारिक रुपमा तोकिएको) लाई भिसा शुल्क पठाउन सकिने व्यवस्था गरिएको छ ।

२.७४ भारत बाहेकका मुलुकबाट हुने सेवा आयातको भुक्तानीको सीमा अमेरिकी डलर ५,०००।- र अमेरिकी डलर १२,०००।- (नियामक निकायको सिफारिसको आधारमा) बाट वृद्धि गरी क्रमशः अमेरिकी डलर ८,०००।- र अमेरिकी डलर १५,०००।- कायम गरिएको छ । साथै, भारतबाट हुने सेवा आयातको सीमालाई भारतीय रुपैयाँ ३ लाख र ३० लाखको (नियामक निकायको सिफारिसको आधारमा) बाट वृद्धि गरी क्रमशः भारतीय रुपैयाँ ५ लाख र ४० लाख कायम गरिएको छ ।

२.७५ नेपाली नागरिकलाई प्राविधिक शिक्षा, व्यावसायिक तालिम तथा अनलाइनमार्फत् गरिने अध्ययनबापतको सेवा भुक्तानी गर्न एकै पटक वा पटक-पटक गरी वार्षिक अमेरिकी डलर ५,०००।- सम्मको सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

२.७६ विदेशी संस्थाले नेपालमा सञ्चालन गर्ने भाषा परीक्षा वा मानकीकृत परीक्षण जस्तैः TOEFL, IELTS, PTE, GRE, GMAT, SAT आदि सेवा आयात नेपाली संस्थाले गर्दा सोबापतको भुक्तानीको लागि प्रति पटक अमेरिकी डलर १५,०००।- सम्मको सटही सुविधा वाणिज्य बैंकले प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ ।

२.७७ विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त ट्राभल, टूर लगायतका संस्थाले विदेश (भारत बाहेक) भ्रमणमा जाने नेपालीलाई आवश्यक पर्ने होटलको लागि सम्बन्धित विदेशी सेवा प्रदायक वा त्यस्तो सेवाको प्रबन्ध गर्ने विदेशी संस्थासँग सम्झौता गरी सेवा प्रदान गर्न सक्ने र यस्तो सेवाबापत विदेशी संस्थालाई भुक्तानी गर्नुपर्ने रकमको लागि आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा वाणिज्य बैंकबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ ।

२.७८ विदेशी लगानी तथा उक्त लगानीबाट आर्जित रकम फिर्ता र विदेशी ऋणको सावाँ तथा ब्याज भुक्तानीमा हुने विदेशी विनिमय जोखिम व्यवस्थापनको लागि विदेशी लगानीकर्ता, विदेशी लगानी भएको कम्पनी, विदेशी ऋण प्रवाह गर्ने ऋणदाता वा विदेशी ऋण भित्र्याउने ऋणीलाई इजाजतपत्रप्राप्त वाणिज्य बैंक र पूर्वाधार विकास बैंकले हेजिङ्ग सेवा, फरवार्ड लगायतका उपकरण उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ ।

२.७९ नेपालमा वेनेफिसियरीलाई भुक्तानी हुन नसकेको विप्रेषण रकम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले विप्रेषण कारोबारको लागि आवद्ध विदेशी संस्था र नेपालमा विप्रेषण पठाउने व्यक्तिको अनुरोधमा त्यस्तो रकम नेपाल भित्रिएको १५ कार्यदिन व्यतित भएपश्चात् यस बैंकको स्वीकृति नलिई फिर्ता पठाउन सकिने व्यवस्था गरिएको छ ।

२.८० गैर-नेपाली बासिन्दा व्यक्तिलाई भ्रमण, औषधोपचार, उच्च शिक्षा अध्ययनलगायत विभिन्न प्रयोजनको लागि आवश्यक पर्ने सटही सुविधा आवश्यकता र औचित्यको आधारमा यस बैंकबाट प्रदान गरिने व्यवस्था गरिएको छ ।

२.८१ आयात गर्न सकिने सुनको दैनिक परिमाण हाललाई २५ (पच्चीस) किलोग्राम कायम गरिएको छ ।

२.८२ नेपाली/विदेशी नागरिक वा नेपालमा दर्ता भएका फर्म/कम्पनी/संस्था/शाखा कार्यालयले बिक्री, कमीशन, शुल्क, पारिश्रमिक लगायत विभिन्न प्रयोजनका लागि फिर्ता नहुने गरी विदेश (नागरिक वा फर्म/कम्पनी/संस्था) बाट प्राप्त हुने रकम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीमार्फत् सम्बन्धित वेनेफिसियरीको खातामा जम्मा गर्नेगरी विप्रेषण रकम ल्याउन सकिने दैनिक रु.२० लाखको सीमालाई वृद्धि गरी दैनिक रु.२५ लाख कायम गरिएको छ ।

२.८३ सुनचाँदी व्यवसाय गर्ने उद्योगले चाँदीका गरगहना, कलात्मक वस्तु, भाँडाकुँडा आदि बनाउन औद्योगिक कच्चा पदार्थको रुपमा आफ्नै प्रयोजनको लागि चाँदी आयात गर्दा पाउने सटही सुविधाको सीमा प्रति पटक अमेरिकी डलर तीन लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राबाट वृद्धि गरी अमेरिकी डलर पाँच लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा कायम गरिएको छ । साथै, चाँदी आयात गर्ने उद्योग र अन्य व्यवसायीले महिनामा एकपटक मात्र आयात गर्ने भएमा क्रमशः अमेरिकी डलर बीस लाख र अमेरिकी डलर चार लाखको सीमासम्म हुने गरी सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

२.८४ नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मा पाँचौ संशोधन गरी जारी गरिएको छ । विनियमावलीको उक्त संशोधनमार्फत विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान, विदेशमा लगानी गर्न तथा विदेशी ऋण भित्र्याउने लगायत अन्य व्यवस्थामा सहजीकरण गरिएको छ ।

२.८५ नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ मा दोस्रो संशोधन गरी जारी गरिएको छ ।

२.८६ प्रतितपत्रविना ड्राफ्ट/टी.टी. को माध्यमबाट हुने वस्तु आयातको सम्बन्धमा काबु बाहिरको परिस्थितिका कारणले १२० दिनभन्दा बढी समय लागेमा आयातकर्ताले औचित्य पुष्टि हुने कारणसहित निवेदन दिएमा र सो कारणप्रति बैंक आश्वस्त भएमा बैंकको केन्द्रीय कार्यालयस्थित सम्बन्धित विभागीय प्रमुखको स्वीकृतिमा सामान आयात गर्न सकिने व्यवस्था गरिएको छ ।

२.८७ नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक/वित्तीय संस्थाहरूलाई आवश्यक पर्ने सेवा आयात, सदस्यता शुल्क, आदि Beneficiary संस्थाको नाउँमा भुक्तानी गर्ने विदेशी मुद्राको सटही सुविधाको लागि यस बैंकको स्वीकृति लिनुनपर्ने र अमेरिकी डलर ३,००,०००।- भन्दा बढी रकमको सेवा सम्झौता गर्नुपूर्व बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागलाई अनिवार्य जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ ।

२.८८ इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपाल सरकारको अनुमति लिई खुलेका नेपालस्थित शिक्षण संस्थाहरुलाई सम्बन्धन, परीक्षा लगायतका शुल्कहरुको भुक्तानीको लागि अमेरिकी डलर ५,००,०००।- वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको सटही सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ ।

२.८९ नेपालमा विधिवत रुपमा दर्ता भई कारोबार गरिरहेका पुनर्बीमा दलाल कम्पनीहरुले विदेशी मुद्रामा पुनर्बीमक कम्पनीहरूलाई भुक्तानी गर्नुपर्ने पुनर्बीमा प्रिमियमको सटही सुविधा वाणिज्य बैंकहरू तथा राष्ट्रिय स्तरका विकास बैंकहरूले प्रदान गर्नसक्ने व्यवस्था गरिएको छ ।

२.९० नेपाली वायुयान सञ्चालक संस्थालाई सेवा आयातको लागि नियामक निकायको सिफारिसको आधारमा बैंक तथा वित्तीय संस्थाहरुले सटही सुविधा प्रदान गर्नसक्ने व्यवस्था गरिएको छ ।

२.९१ सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारणमा आधारित उद्योगले अनलाइनमार्फत् सफ्टवेयर लगायतका सूचना प्रविधिसँग सम्बन्धित सेवा खरिद गर्ने प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाले वार्षिक अधिकतम अमेरिकी डलर ३,०००।- वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गर्न सक्ने तथा यस्ता उद्योगले सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गरेमा विदेशी मुद्रा आर्जन गरेको रकम समेत थप गरी उक्त कार्डमा बढीमा अमेरिकी डलर ५,०००।- वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा राख्न सक्ने व्यवस्था गरिएको छ ।

२.९२ अनलाईनमार्फत विदेशी मुद्रा आर्जन गर्ने नेपाली नागरिकले यस्तो कार्यसँग सम्बन्धित सूचना प्रविधि सेवा खरिद गर्ने प्रयोजनको लागि वार्षिक अधिकतम अमेरिकी डलर २५,०००।- वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म बैंकिङ्ग उपकरणमार्फत् भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको छ ।

२.९३ विदेशी विनिमय कारोबार सम्बन्धमा जारी एकीकृत परिपत्र-२०८१ मा मिति २०८२/१२/२४ सम्म जारी परिपत्र/सूचना समेत समावेश गरी परिमार्जन गरिएको एकीकृत परिपत्र-२०८२ जारी गरिएको छ ।

विदेशी मुद्रा कारोबार गर्न इजाजत

२.९४ नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ बमोजिम विदेशी विनिमय कारोबार गर्न इजाजतपत्र लिएका संस्थाहरू २०८३ असार मसान्तमा २० वाणिज्य बैंक, ९ विकास बैंक, ७ फाइनान्स कम्पनी, २१ क्यासिनो र २२९५ अन्य संस्थाहरू गरी जम्मा २३५२ वटा संस्थाहरू रहेका छन् । त्यसैगरी, नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ बमोजिम १४२ वटा मनिचेञ्जरहरूलाई इजाजतपत्र प्रदान गरिएको छ ।

२.९५ नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ बमोजिम विप्रेषण कारोबार गर्न इजाजतपत्रप्राप्त संस्थाहरूमा १९ वाणिज्य बैंक, ६ विकास बैंक र २३ अन्य संस्थाहरू गरी जम्मा ४८ वटा संस्थाहरू रहेका छन् ।

वस्तु तथा सेवा आयात/निर्यात

२.९६ आर्थिक वर्ष २०८२/८३ मा विदेशी फर्म, कम्पनी तथा संस्थासँग नेपालमा दर्ता भएका फर्म, कम्पनी वा संस्थाले सम्झौता गरी सेवा खरिद गरे बापत् वाणिज्य बैंकहरूले प्रदान गर्न सक्ने विदेशी मुद्रा सटही सुविधाको सीमाका अतिरिक्त यस बैंकमा पेश हुन आएका १,२४७ वटा फाईलहरू मार्फत् रु. २० अर्ब ५० करोड बराबरको विदेशी मुद्राको सटही सुविधा प्रदान भएको छ ।

विदेशी विनिमय सञ्चिति तथा लगानी

२.९७ २०८२ असार मसान्तमा अमेरिकी डलरमा १७ अर्ब ५० करोड रहेको यस बैंकको विदेशी विनिमय सञ्चिति लगानी २०८३ असार मसान्तमा अमेरिकी डलरमा २३ अर्ब १३ करोड पुगेको छ । मूलतः विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धिसँगै वाणिज्य बैंकहरूसँग खरिद गरिएको अमेरिकी डलरको परिमाणमा भएको वृद्धिका कारण कुल सञ्चिति लगानी बढ्न गएको हो ।

२.९८ सुरक्षा, तरलता र प्रतिफललाई प्राथमिकता दिदै विदेशी विनिमय सञ्चिति लगानीलाई बैंकले विभिन्न राष्ट्रका सरकारी ट्रेजरी बिल्स, नोट्स तथा बण्डस्, बैंक फर इन्टरनेसनल सेटलमेन्टले जारी गरेका FIXBIS र Medium Term Instruments (MTI), विभिन्न विदेशी बैंकहरूमा आवधिक निक्षेप, Unallocated Gold (सुन) लगायतका उपकरणहरूमा केन्द्रित गरेको छ ।

२.९९ बैंकले अमेरिकी डलर, युरो, पाउण्ड स्टर्लिङ्, चीनियाँ युआन, जापानीज येन, अष्ट्रेलियन डलर, क्यानेडियन डलर र भारतीय रुपैयाँमा अंकित लगानीयोग्य उपकरणहरूमा लगानी गर्दै आएको छ । कुल लगानीमा मुख्य हिस्सा रहेको अमेरिकी डलरको अंश २०८३ असार मसान्तमा ५९.११ प्रतिशत रहेको छ ।

२.१०० आर्थिक वर्ष २०८२/८३ मा अमेरिकी फेडरल रिजर्भ बैंकलगायत अधिकांश केन्द्रीय बैंकहरूले नीतिगत दरहरू घटाएका छन् । अमेरिकी फेडरल रिजर्भ बैंकले डिसेम्बर २०२५ देखि नीतिगत दर ०.२५ प्रतिशत विन्दुले घटाई ३.५०-३.७५ प्रतिशत कायम गरेको छ । त्यसैगरी, भारतीय रिजर्भ बैंकले डिसेम्बर २०२५ देखि नीतिगत दर ५.५० प्रतिशतबाट ५.२५ प्रतिशत कायम गरेको छ । समीक्षा वर्षमा, बैंक अफ इङ्गल्याण्ड, पिपुल्स बैंक अफ चाइना र बैंक अफ क्यानेडाले नीतिगत दर घटाएका छन् भने युरोपेली केन्द्रीय बैंक, रिजर्भ बैंक अफ अष्ट्रेलिया र बैंक अफ जापानले नीतिगत दर बढाएका छन् । अधिकांश केन्द्रीय बैंकहरूले नीतिगत दर घटाएको कारण २०८३ असार मसान्तमा विदेशी विनिमय सञ्चिति लगानीको औसत प्रतिफल दर ३.९३ प्रतिशत रहेको छ । यस्तो प्रतिफल दर २०८२ असार मसान्तमा ४.२३ प्रतिशत रहेको थियो ।

२.१०१ विदेशी विनिमय सञ्चिति व्यवस्थापनलाई थप प्रभावकारी बनाउने प्रयोजनका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषले उपलब्ध गराएको प्राविधिक सहायता प्रतिवेदन (Technical Assistance Report Nepal: Improving the Foreign Exchange Reserves Management Framework) बाट प्राप्त सुझावहरूलाई क्रमशः कार्यान्वयन गर्दै लगिएको छ ।

वैदेशिक लगानी तथा ऋण

२.१०२ आर्थिक वर्ष २०८२/८३ मा विदेशी लगानी स्वीकृत भई विदेशी मुद्रा भित्र्याउनु पूर्व यस बैंकलाई दिइने लिखित जानकारी मार्फत रु.६८ अर्ब २२ करोड, शेयर स्वामित्व परिवर्तन मार्फत् नेपाली शेयरधनीहरुको हिस्सा घट्ने गरी भएको विदेशी लगानीको स्वीकृति बापत रु.२ अर्ब ८५ करोड तथा विदेशी लगानीको समर्थन स्वीकृतिमार्फत् रु.२ अर्ब ८४ करोड गरी कुल रु.७३ अर्ब ९१ करोड बराबरको विदेशी लगानी भित्र्याउन अनुमति प्रदान गरिएको छ । साथै, उक्त अवधिमा यस बैंकबाट अनुमति प्राप्त बैंक/वित्तीय संस्थालाई रु.६ अर्ब ९३ करोड र अन्य उद्योग/कम्पनीलाई रु.१४ अर्ब ८० करोड गरी कुल रु.२१ अर्व ७३ करोड बराबरको वैदेशिक ऋण भित्र्याउन अनुमति प्रदान गरिएको छ ।

२.१०३ समीक्षा वर्षमा रु.१९ अर्ब ५० करोड बराबरको विदेशी लगानी तथा रु.५० अर्ब २२ करोड बराबरको विदेशी ऋणको लेखाङ्कन भएको छ । साथै, उक्त अवधिमा प्रत्यक्ष विदेशी लगानी अन्तरगतको शेयर बिक्री बापत प्राप्त रकम फिर्ता, ऋणमार्फत भित्रिएको विदेशी ऋणको साँवा र ब्याज, विदेशी लगानीबाट आर्जित लाभांश, प्रविधि हस्तान्तरण बापतको रोयल्टी तथा विदेशी लगानीसँग सम्बन्धित विभिन्न शुल्कहरू भुक्तानीको लागि जम्मा रु.२४ अर्ब ३४ करोड बराबरको विदेशी मुद्रा सटहीको स्वीकृति प्रदान गरिएको छ ।

भुक्तानी प्रणाली

२.१०४ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई भुक्तानी सेवा प्रदायकको रूपमा कार्य गर्न अनुमतिपत्र प्रदान गर्ने व्यवस्थाअनुरूप आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा २० वाणिज्य बैंक, १७ विकास बैंक, १५ वित्त कम्पनी र १९ (थप ७ गरी) लघुवित्त वित्तीय संस्थाहरूलाई अनुमतिपत्र प्रदान गरिएको छ । समीक्षा अवधिमा १३ भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूको अनुमतिपत्र नवीकरण गरिएको छ ।

२.१०५ नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) लाई National Payment Interface Cross Border (NPIx) अन्तर्गत International Card Network हरु सँग समन्वय गरी Cross Border Card to QR (Nepal Pay and Other Interoperable QR) मार्फत Merchants Payments (P2M) को Acquiring सेवा सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ । साथै, NCHL लाई श्रीलंकास्थित Lankapay Private Limited (Lanka Pay) ले जारी गरेको Lanka QR मा आबद्ध मर्चेन्टलाई नेपालमा जारी भएका उपकरणमार्फत Merchant Payments (P2M) को Issuing कारोबार सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ ।

२.१०६ "भुक्तानी तथा फर्स्यौट विनियमावली (संशोधनसमेत), २०७७" को व्यवस्थाबमोजिम २ भुक्तानी सेवा प्रदायक संस्थाहरूलाई एक आपसमा गाभिई एकीकृत कारोबार सुरु गर्न अन्तिम स्वीकृति प्रदान गरिएको छ ।

२.१०७ प्रणालीगत रुपमा महत्वपूर्ण भुक्तानी प्रणालीहरुको पहिचान गरी त्यस्ता प्रणालीहरुको सञ्चालन एवं व्यवस्थापनलाई थप सुदृढ, सुरक्षित तथा प्रभावकारी बनाउने उद्देश्यले "Framework for Identifying Systemically Important Payment Systems (SIPS)" जारी गरिएको छ ।

२.१०८ पछिल्लो समय विद्युतीय माध्यमबाट हुने भुक्तानीको कारोबारमा उल्लेख्य वृद्धि हुँदै आएको सन्दर्भमा ग्राहकको भौतिक उपस्थिति बिना नै बैंक तथा वित्तीय संस्थाहरुमा कर्जाको आवेदन देखि कर्जा प्रवाह गर्नेसम्मको

प्रक्रियाको सहजीकरणका लागि "**विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्बन्धी मार्गदर्शन, २०७८**" मा प्रथम संशोधन गरी जारी गरिएको छ ।

२.१०९ सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण विनियमावली, २०८१ मा भएको संशोधन/परिमार्जनलाई कार्यान्वयनमा ल्याउनका लागि भुक्तानी सेवा प्रदायक (PSPs) लाई "Guideline on Targeted Financial Sanctions for Payment Service Providers (PSPs)" जारी गरिएको छ ।

२.११० भुक्तानी प्रणालीको सुरक्षा, जोखिमको पहिचान र व्यवस्थापन, संस्थागत सुशासन, अन्तरदेशीय भुक्तानी कारोबार, आधिकारिक प्रतिनिधिसम्बन्धी व्यवस्था लगायतका विषयहरुमा समयानुकुल सुधार गरी भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८२ जारी गरिएको छ ।

२.१११ यातायात क्षेत्रमा डिजिटल भुक्तानीको प्रबर्द्धन/विस्तारको लागि NFC Based Metro Card (Prepaid Card), डिजिटल माध्यमबाट भुक्तानी गर्नको लागि e-money Wallet (UTN Wallet), व्यक्तिगत तथा व्यवसायिक अन्तरदेशीय भुक्तानीलाई सरल र सहज बनाउन Visa Direct Account (VDA) जस्ता नवप्रवर्तनमा आधारित प्रविधिमैत्री सेवाहरु सञ्चालनको लागि स्वीकृति प्रदान गरिएको छ ।

२.११२ आ.व. २०८२/८३ को मौद्रिक नीतिबमोजिम "Fintech Strategy for Digital Financial Services (2026/27-2030/31) तयार गरिएको छ भने उक्त नीतिमा उल्लिखित व्यवस्थाबमोजिम विद्युतीय वित्तीय क्षेत्रमा उदीयमान नवप्रवर्तनको उत्तरदायी विस्तार सुनिश्चित गरी नवप्रवर्तन प्रबर्द्धन गर्न "Guidelines on the Regulatory Sandbox" कार्यान्वयनमा ल्याइएको छ ।

२.११३ नेपालमा White-Label ATM को सम्भावना तथा सोको विस्तारका लागि गर्नुपर्ने कानूनी तथा नियामकीय व्यवस्थाहरु समेटेर सुझाव सहितको विस्तृत अध्ययन गरिएको छ ।

२.११४ नेपालमा उदीयमान फिनटेक कम्पनी तथा बैंक वा वित्तीय संस्थाको साझेदारी (Bank-Fintech Partnership) मार्फत प्रवाह गर्न सकिने नवीनतम डिजिटल वित्तीय सेवा (Innovative Digital Financial Services) बारे जानकारी लिने र यस्ता साझेदारीमा निहित जोखिम तथा सोको व्यवस्थापन सम्बन्धमा सरोकारवालाको धारणा एवं विज्ञहरुको राय/सुझाव प्राप्त गर्ने उद्देश्यसहित अनलाइन सर्वेक्षण सम्पन्न गरिएको छ ।

२.११५ विद्युतीय वित्तीय सेवाको प्रवर्द्धनमा Application Programming Interface (API) Sharing को भूमिका तथा सो सम्बन्धमा गर्नुपर्ने कानूनी तथा नियामकीय व्यवस्था समावेश गरी नेपालको सन्दर्भमा API Standardization तथा Data Sharing सम्बन्धी सुझावसहितको विस्तृत अध्ययन सम्पन्न भएको छ ।

२.११६ सम्पूर्ण भुक्तानी प्रणालीको फर्स्यौट एकद्वार प्रणालीमार्फत गर्ने सम्बन्धमा अन्य मुलुकको असल अभ्यास तथा नेपालको विद्यमान कानुनी, नीतिगत एवम् प्रणालीगत व्यवस्था सम्बन्धमा अध्ययन सम्पन्न गरिएको छ ।

२.११७ संस्थाको सञ्चालन अवस्था अत्यन्त कमजोर रहेको र लामो समयदेखि कारोबार नगरी निष्क्रिय रहेको १ भुक्तानी सेवा प्रदायकको अनुमतिपत्र नवीकरण गरिएको छैन । यसैगरी, १ भुक्तानी सेवा प्रदायकको अनुमतिपत्र स्वतः खारेज भएको छ ।

२.११८ विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारको लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण आर्थिक वर्ष २०८२/८३ मा विद्युतीय कारोबार उल्लेख्य बढेको छ (तालिका २.११ र २.१२) ।

तालिका २.११ : विद्युतीय भुक्तानीका सूचकहरू

क्र.सं.	सूचकहरू	२०८२ असार मसान्त	२०८३ असार मसान्त	प्रतिशत परिवर्तन
		सङ्ख्यामा		
१	भुक्तानी प्रणाली सञ्चालक (PSO)	९	८	-११
२	भुक्तानी सेवा प्रदायक (PSP)	२३	१९	-१७
३	भुक्तानी सेवा प्रदायकहरू (PSPs) मा आधिकारिक एजेन्ट	४,२७,७८७	३४५,३९४	-१९
४	वालेट प्रयोगकर्ता	२,६७,६५,६६०	२७,६९८,९१८	३
५	डेबिट कार्ड	१,३६,६५,७९२	१३,७०८,७७०	०
६	क्रेडिट कार्ड	३,१८,४२८	३२०,७७५	१
७	प्रिपेड कार्ड	२,५०,६९५	२७९,९११	१२
८	मोबाइल बैकिङ प्रयोगकर्ता	२,७७,४१,२८४	३०,०९४,०११	८
९	इन्टरनेट बैकिङ प्रयोगकर्ता	२२,१९,३४१	२,५६६,१७४	१६
१०	RTGS सहभागी	४४	४५	२
११	ConnectIPS का प्रयोगकर्ता	१४,४१,४७१	१,५९६,४९०	११
१२	ECC मा सहभागी	५४	५४	०

२.११९ RTGS प्रणालीमा २० वाणिज्य बैंक, १२ विकास बैंक, १३ वित्त कम्पनी र नेपाल पूर्वाधार विकास बैंक गरी हाल जम्मा ४६ बैंक तथा वित्तीय संस्थाहरू आबद्ध भएका छन् (तालिका २.११)।

तालिका २.१२ RTGS का प्रत्यक्ष सहभागी संस्थाहरु

क्र.सं.	सहभागी संस्थाहरु	२०८२ असार मसान्त	२०८३ असार मसान्त
१	'क' वर्गका वाणिज्य बैंक	२०	२०
२	'ख' वर्गका विकास बैंक	११	१२
३	'ग' वित्तीय संस्था तथा अन्य (NIFRA)	१३	१४
जम्मा		**४४**	**४६**

२.१२० समीक्षा अवधिमा RTGS प्रणालीमार्फत देहायबमोजिम कारोबार भएको छ (तालिका २.१२)।

तालिका २.१३ : RTGS प्रणालीमार्फत भएका कारोबार विवरण

Types of Transfers	कारोबार सङ्ख्या	कारोबार रकम (रु.दस लाख)
Customer Transfers	३,५४,४७१	६८,६८,८०६
Interbank Transfer	५९,४३४	३८,४६,५४७
NCHL Settlements	३,५०,४३२	९९,००,४३६
NRB Payments	८०,६५२	९,१७,७५,६४०
Total	**८,४४,९८९**	**११,२३,९१,४२९**

२.१२१ आर्थिक वर्ष २०८२/८३ मा यस बैंकबाट भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त गरी सञ्चालनमा रहेका भुक्तानी सेवा प्रदायक (Payment Service Provider -PSP) १९ तथा भुक्तानी प्रणाली सञ्चालक (Payment Systems Operator -PSO) ५ गरी २४ संस्थाहरूको गैर-स्थलगत सुपरिवेक्षण तथा ३ भुक्तानी प्रणाली सञ्चालक र १३ भुक्तानी सेवा प्रदायक संस्थाहरूको स्थलगत निरीक्षण सम्पन्न गरिएको छ।

२.१२२ समीक्षा अवधिमा १९ भुक्तानी सेवा प्रदायक तथा ५ भुक्तानी प्रणाली सञ्चालक सहित २४ संस्थाहरूलाई वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको छ।

२.१२३ आर्थिक वर्ष २०८२/८३ को भुक्तानी तथा फर्स्यौटसम्बन्धी Oversight प्रतिवेदन तयार गरिएको छ।

सूचना प्रविधि

२.१२४ बैंकमा संचालनमा रहेका Mint Billing System(MBS), Inventory Management System (IMS) र Note Chest Transaction System (NCTS) मा देखिएका Vulnerabilities को Patch Management कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ ।

२.१२५ बैंकबाट प्रकाशन गरिने तथ्याङ्कहरू सहज रूपमा पहुँचयोग्य हुनेगरी बैंकको वेवसाइटमा आवश्यक परिमार्जन गरिएको छ ।

२.१२६ Portfolio Analysis Reporting System (PARS), Risk Based Internal Audit (RBIA) Software को खरिद प्रक्रिया सम्पन्न भइ System Development को चरणमा रहेको छ ।

२.१२७ Real Time Gross Settlement (RTGS) प्रणालीलाई मजबुत वनाउन नयाँ Firewall ले प्रतिस्थापन गरी संचालनमा ल्याइएको छ ।

२.१२८ Account Status Information System (ASIS) प्रणालीको Pilot Testing गरिएको छ ।

२.१२९ संस्थाभित्र विकास तथा सञ्चालन भइरहेका विभिन्न प्रणालीहरूको Source Code सुरक्षित तथा केन्द्रीकृत रूपमा व्यवस्थापन गर्ने उद्देश्यले आन्तरिकरुपमा GitLab System संचालनमा ल्याइएको छ ।

२.१३० SWIFT System को पुरानो MT Format लाई ISO २००२२ MX Standard मा परिवर्तन गरी कार्यान्वयनमा ल्याइएको छ ।

२.१३१ बैंकको सूचना प्रविधि उपकरणहरूको लगत तयार गरी साइबर सूरक्षा मापदण्ड अनुसार कम्प्युटरहरूलाई अद्यावधिक गरिएको र Web Application बनाई कार्यान्वयनमा ल्याइएको छ ।

२.१३२ Olympic Banking System को DR Drill सम्पन्न गरिएको छ ।

मुद्रा व्यवस्थापन

२.१३३ बैंकनोटको सुरक्षण विशेषता तथा नोटमा प्रयोग हुने प्राविधिक स्पेशिफिकेशनलाई अन्तर्राष्ट्रिय स्तरअनुसार अद्यावधिक/परिमार्जित गर्दै बैंकनोटलाई थप सुरक्षित तथा गुणस्तरीय बनाउँदै लगिएको छ । बैंकनोट डिजाइन, छपाई तथा आपूर्तिको लागि ६ अन्तर्राष्ट्रिय सेक्युरिटी प्रिन्टर्स कम्पनीहरूलाई पूर्वयोग्यता सूचीमा समावेश गरिएको छ ।

२.१३४ आर्थिक वर्ष २०८२/८३ मा देहायअनुसारका विभिन्न दरका नोट छपाइसम्बन्धी कार्य गरिएको छ:

- रु.५ दरको ३५ करोड थान बैंकनोट करार सम्झौताबमोजिम आपूर्ति भई ढुकुटी दाखिला भएको छ ।
- रु.१० दरको ३४ करोड थान बैंकनोट डिजाइन, छपाई तथा आपूर्तिका लागि करार सम्झौताबमोजिम पहिलो लट र दोस्रो लट अन्तर्गतको २३ करोड थान बैंकनोट आपूर्ति भई ढुकुटी दाखिला भएको छ ।
- रु.१०० दरको ३० करोड थान बैंकनोट डिजाइन, छपाई तथा आपूर्तिका लागि भएको करार सम्झौताबमोजिम पहिलो लट र दोस्रो लट अन्तर्गतको २१ करोड थान बैंकनोट आपूर्ति भई ढुकुटी दाखिला भएको छ ।
- रु.५०० दरको २३ करोड थान बैंकनोट डिजाइन, छपाई तथा आपूर्तिका लागि भएको करार सम्झौताबमोजिम पहिलो लट अन्तर्गतको १२ करोड थान बैंकनोट आपूर्ति भई ढुकुटी दाखिला भएको छ ।

- रु.५० दरको ४२ करोड थान र रु.१००० दरको ४३ करोड थान बैंकनोट डिजाइन, छपाई तथा आपूर्तिका लागि करार सम्झौता भएको छ ।

२.१३५ २०८३ असार मसान्तमा विभिन्न दरका रु.८८ अर्ब ९४ करोड ८ लाख ५० हजार बराबरको नयाँ नोट स्टक मौज्दात रहेको छ । अघिल्लो वर्ष यस्तो मौज्दात रु.५१ अर्ब ५१ करोड ८२ लाख ४९ हजार रहेको थियो (तालिका २.१३) ।

तालिका २.१४ : नयाँ नोट स्टक मौज्दात विवरण

दर (रु.)	२०८१ असार	२०८२ असार	२०८३ असार	वृद्धि प्रतिशत	
				२०८१ असार	२०८२ असार
१	५०,०००	५०,०००	५०,०००	-	-
२	६,३००,०००	६,३००,०००	६३,००,०००	-	-
५	१७१,२५०,०००	६५०,०००,०००	१,४३,९५,००,०००	२.८०	१.२१
१०	७२४,३९९,०४०	१,४४४,८९९,०४०	२,५३,८५,००,०००	०.९९	०.७६
२०	२,०२१,०००,०००	५,६४७,०००,०००	५,३०,४०,००,०००	१.७९	(०.०६)
५०	२८७,५००,०००	२८५,०००,०००	२२,२५,००,०००	(०.०१)	(०.२२)
१००	५,०१०,०००,०००	४,७८५,०००,०००	२१,६८,००,००,०००	(०.०४)	३.५३
५००	६२,२५०,०००,०००	२२,७००,०००,०००	५२,४५,००,००,०००	(०.६४)	१.३१
१०००	७४,६००,०००,०००	१६,०००,०००,०००	५,३०,००,००,०००	(०.७९)	(०.६७)
कुल रकम	**१४५,०७०,४९९,०४०**	**५१,५१८,२४९,०४०**	**८८,९४०,८५०,०००**	**४.११**	**५.८६**

२.१३६ आर्थिक वर्ष २०८२/८३ मा विभिन्न दरका रु. ४,६१,०१,५००,००० नयाँ नोटहरू देहायबमोजिम निष्कासन (Stock Out) भएको छ (तालिका २.१४) ।

तालिका २.१५ : नोट स्टकबाट चलनचल्तीमा निष्कासित नोटको विवरण

दर (रु.)	जम्मा Stock Out बाकसमा (प्रति बाकस ५० हजार थान बैंकनोट)	जम्मा Stock Out रकम (रु.)
५	१,२४२	३१०,५००,०००
१०	६६१	३३०,५००,०००
२०	३४३	३४३,०००,०००
५०	२५	६२,५००,०००
१००	८२१	४,१०५,०००,०००
५००	१,२१०	३०,२५०,०००,०००
१०००	२१४	१०,७००,०००,०००
जम्मा	**४,५१३**	**४६,१०१,५००,०००**

२.१३७ २०८२ असार मसान्तसम्ममा विभिन्न दरका गरी रु.७६१.४१ अर्ब बराबरका नोटहरू चलनचल्तीमा रहेकोमा २०८३ असार मसान्तसम्ममा ६.०८ प्रतिशतले वृद्धि भई रु.८०७.६९ अर्ब बराबरका नोट चलनचल्तीमा रहेको छ (तालिका २.१५) ।

तालिका २.१६ : चलनचल्तीमा रहेको बैंकनोटको विवरण (२०८३ असार मसान्तसम्म)

दर (रु.)	चलनचल्तीमा रहेका नोट (थान)	रकम (रु.)
१	१६,०९,६४,८६०	१६,०९,६४,८६०
२	९,२५,२२,१९०	१८,५०,४४,३८०
५	७९,४६,८०,२८४	३,९७,३४,०१,४२०
१०	५९,५४,६८,०८६	५,९५,४६,८०,८६०
२०	३८,४५,८७,०५४	७,६९,१७,४१,०८०
२५	२२,८०,३६०	५,७०,०९,०००
५०	२६,१५,७९,९९६	१३,०७,८९,९९,८००
१००	३३,६८,३९,९७१	३,३६,८३,९९,७१००
२५०	३,४९,६८४	८७,४२,१०००
५००	३७,६३,२४,२५३	१८,८१,६२,१२,६५००
१०००	५५,४६,५४,६१४	५५,४६,५४,६१,४०००
जम्मा	**३,५६,०२,५१,३५२**	**८,०७,६९,००,००,०००**

२.१३८ २०८३ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरू एवम् सर्वसाधारणले यस बैंकमा जम्मा गर्न/सट्टाभर्ना लिन ल्याएका झुत्रा, मैला र च्यातिएका तथा चलनचल्तीमा पठाउन अयोग्य विभिन्न दरका रु.७६५ अर्ब ७४ करोड बराबरका नोट धुल्याउने कार्य गरिएको छ (तालिका २.१६) ।

तालिका २.१७ : चलनचल्तीमा पठाउन अयोग्य नोटहरू धुल्याने कार्यको विवरण

दर (रु.)	२०८१/८२ सम्ममा	२०८२/८३ सम्ममा	आर्थिक वर्ष २०८२/८३ मा धुल्याइएको नोटको संख्या	आर्थिक वर्ष २०८२/८३ मा धुल्याइएको नोट (रु.)
५	१,०९८,५२९,९३०	११२०५३०७८७	२२०००८५७	११०,००४,२८५
१०	१,०७२,८६२,१६५	११०८१०८८५३	३५२४६६८८	३५२,४६६,८८०
२०	७४२,२९५,८००	७६८५६४३८५	२६२६८५८५	५२५,३७१,७००
५०	६७०,७१८,८३१	६९३८४५२१०	२३१२६३७९	१,१५६,३१८,९५०
१००	७७५,९६६,४९३	८०५३५००७६	२९३८३५८३	२,९३८,३५८,३००
५००	३५९,४७०,३३२	३७७९६४९४९	१८४९४६१७	९,२४७,३०८,५००
१०००	४२३,७३८,८३७	४२९४७९४५२	५७४०६१५	५,७४०,६१५,०००
जम्मा	**५,१४३,५८२,३८८**	**५,३०३,८४३,७१२**	**१६०,२६१,३२४**	**२०,०७०,४४३,६१५**

२.१३९ नोट राष्ट्रको सम्पत्ति भएको हुँदा यसको हिफाजतसाथ प्रयोग गर्नेसम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । साथै, बैंकले सफा नोट नीतिको प्रभावकारी कार्यान्वयन तथा सुकिलो नोटको प्रवाहलाई प्रवर्धन गर्न दसैं, तिहार तथा छठ पर्वमा नयाँ बैंक नोटको सट्टा सुकिलो नोट व्यवस्थापन गरेको छ ।

२.१४० समीक्षा अवधिमा नोटकोष व्यवस्थापन निर्देशिका, २०८२ जारी भई सो निर्देशिकामा रहेका व्यवस्थाहरुबमोजिम नोटकोषहरुको निरिक्षण तथा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

मानव संसाधन व्यवस्थापन

२.१४१ २०८३ असारमसान्तमा बैंकमा प्रशासनतर्फ १,०९१ र प्राविधिकतर्फ ७५ गरी कुल १,१६६ जना कर्मचारीहरू कार्यरत रहेका छन् । कार्यरत कुल मानव संसाधनमध्ये तहगत रुपमा हेर्दा अधिकृततर्फ ७०२, सहायकतर्फ ४१३ र श्रेणीविहीन कार्यालय सहयोगीतर्फ ५१ जना रहेका छन् । आर्थिक वर्षको अन्त्यमा कार्यरत कर्मचारीहरूमध्ये अधिकृतस्तरका कर्मचारीको सहायक र कार्यालय सहयोगी कर्मचारीहरुसंगको अनुपात १.५१:१ कायम हुन आउँछ जुन अघिल्लो वर्ष १.३८:१ रहेको थियो । सहयोगी सेवामा करारमा नियुक्ति गरिने व्यवस्थाअनुसार २०८३ असार मसान्तमा विभिन्न समूह/पद अन्तर्गत २७५ जना करार सेवामा कार्यरत रहेका छन् ।

२.१४२ आर्थिक वर्ष २०८२/८३ कुल ३१ जना कर्मचारीहरू बैंक सेवाबाट अलग भएका छन् जसमध्ये २९ जनाले अनिवार्य अवकाश पाएको, १ जनाको राजिनामा स्वीकृत भएको तथा १ जनाको निधन भएको थियो ।

२.१४३ मानव संसाधन व्यवस्थापनको नियमित प्रक्रिया अन्तर्गत गत आर्थिक वर्ष जम्मा ५०९ जना कर्मचारीहरूको सरुवा गरिएको छ ।

२.१४४ नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ मा चौथो संशोधन गरी योगदानमा आधारित निवृत्तिभरणसम्बन्धी व्यवस्था लागू गरिएको छ । त्यस्तै, विनियमावलीको पाँचौँ संशोधनमार्फत् महिला कर्मचारीलाई गर्भपतन भएमा वा शिशु मृत जन्मिएमा समेत प्रसूति बिदा प्रदान गर्ने र यस अघि प्रसूति बिदा सेवा अवधिभर दुई पटकसम्म प्रदान गर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था संशोधन गरी आवश्यकता अनुसार जति पटक पनि प्रसूति बिदा दिन सकिने व्यवस्था गरिएको छ ।

२.१४५ "नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८" को विनियम १७२ र "नेपाल राष्ट्र बैंक सेवा पुरस्कारसम्बन्धी कार्यविधि, २०७८" बमोजिमको व्यवस्था र प्रक्रियाअनुसार यस बैंकको ७१औँ वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल राष्ट्र बैंक सर्वोत्कृष्ट सेवा पुरस्कार १ जना र नेपाल राष्ट्र बैंक उत्कृष्ट सेवा पुरस्कार ४ जना कर्मचारीहरूलाई प्रदान गरिएको छ ।

२.१४६ आर्थिक वर्ष २०८२/८३ मा विभिन्न तहमा रिक्त रहेका स्थायी पदहरूमा कार्यक्षमता मूल्याङ्कन बढुवाबाट ९३ जना, आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट २४ जना बढुवा गरिएको छ ।

२.१४७ समीक्षा अवधिमा स्वत बढुवातर्फ सहायक प्रथम (सूचना प्रविधि) पदमा १५ जना, मुख्य प्लम्बर पदमा १ जना र श्रेणीविहीन कार्यालय सहयोगी पदमा ४ जना गरी कुल २० जना बढुवा गरिएको छ ।

विविध

बजेट व्यवस्थापन, संस्थागत जोखिम न्यूनीकरण तथा रणनीतिक योजना

बजेट एवम् जोखिम व्यवस्थापन

२.१४८ नेपाल राष्ट्र बैङ्क बजेट तर्जुमा, कार्यान्वयन एवम अनुगमन निर्देशिका, २०७९ मा भएको व्यवस्थाबमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि बैङ्कको वार्षिक बजेट सञ्चालक समितिको मिति २०८३/३/३१ को बैठकबाट स्वीकृत भएको छ ।

२.१४९ समीक्षा अवधिमा आर्थिक वर्ष २०८१/८२ को चौथो त्रयमास तथा आर्थिक वर्ष २०८२/८३ को पहिलो, दोस्रो तथा तेस्रो त्रयमासको जोखिम व्यवस्थापन समीक्षा प्रतिवेदन तयार गरिएको छ । साथै, विभिन्न विभाग/कार्यालय/महाशाखा/इकाइमा जोखिम व्यवस्थापन सम्बन्धमा निरिक्षण गरी प्राप्त सुझावहरू कार्यान्वयवनमा ल्याइएको छ ।

२.१५० समीक्षा अवधिमा Business Continuity Plan, 2025 (First Amendment, 2026) को प्रथम संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ ।

२.१५१ समीक्षा अवधिमा Risk Management Procedure, 2023 (First Amendment, 2025) को प्रथम संशोधन जारी गरी लागु गरिएको छ ।

रणनीतिक योजना कार्यान्वयन

२.१५२ २०८३ असार मसान्तसम्मको प्रगति विवरणको आधारमा बैङ्कको चौथो रणनीतिक योजना (सन् २०२२-२०२६) को आर्थिक वर्ष २०८२/८३ को वार्षिक समीक्षा सम्पन्न गरिएको छ । समीक्षा अवधिमा सम्पन्न गर्नुपर्ने १८४ कार्यहरूमध्ये १०४ कार्यहरू सम्पन्न भएका, ६८ कार्य प्रगतिमा रहेका, २ कार्यहरू शुरु हुन बाँकी रहेका र बाँकी १० कार्यहरू योजनाबाट हटाइएका छन् ।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कार्य

२.१५३ एसिया प्यासिफिक समूह (Asia Pacific Group on Money Laundering - APG) ले सन् २०२२/२३ मा AML/CFT सम्बन्धी नेपालको पारस्परिक मूल्याङ्कन, त्यस पश्चात्का प्रक्रिया र नेपाललाई फेब्रुअरी, २०२५ मा Financial Action Task Force (FATF) ले सघन अनुगमनको सूचीमा राखेपछिको थप प्रक्रियाका लागि वित्तीय जानकारी इकाई (FIU-Nepal) ले प्राथमिक सम्पर्क विन्दुका रुपमा कार्य गरिरहेको तथा आवश्यक समन्वय/सहकार्यसमेत गर्दै आएको छ ।

२.१५४ वित्तीय जानकारी इकाई (FIU-Nepal) ले मुख्य अनुसन्धानकारी तथा नियामक निकायहरूसँग goAML को माध्यमबाट शंकास्पद कारोबार/गतिविधि प्रतिवेदनलगायत् विश्लेषणको निश्कर्ष प्रवाह, पृष्ठपोषण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वयलगायतको सूचना आदान प्रदान गर्दै आएको छ ।

२.१५५ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम इकाईले सूचक संस्थाहरूमार्फत सीमा कारोबार विवरण (TTR), शङ्कास्पद कारोबार/गतिविधि प्रतिवेदन (STR/SAR) र आवश्यकताअनुसार थप सूचनाहरू प्राप्त गर्ने गरेको छ । बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालक, मुद्रा विप्रेषक/स्थानान्तरणकर्ता, मुद्रा सटहीकर्ता, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष, पूर्वाधार विकास बैंक, हायर पर्चेज कर्जा दिने कम्पनी, सहकारी बैंक, बीमा कम्पनी, धितोपत्रसम्बन्धी कम्पनी, सहकारी संस्थालगायतका वित्तीय संस्थाहरू (Financial Institutions-FIs) तथा क्यासिनो, बहुमुल्य धातु/वस्तु व्यवसायी, घरजग्गा खरिद/बिक्री व्यवसायी, लेखापरीक्षण व्यवसायीलगायतका गैरवित्तीय पेसा/व्यवसायीहरू (Designated Non-Financial Businesses and Professions-DNFBPs) लाई सूचक संस्थाको रूपमा goAML System मा आबद्ध गरी प्रतिवेदनहरू प्राप्त भएका छन् । समीक्षा अवधिको अन्त्यसम्म ५,६०१ सूचक संस्थाहरु goAML System मा आबद्ध गरिएको छ ।

२.१५६ आर्थिक वर्ष २०८२/८३ मा इकाईले जम्मा २,३७३,१४५ सीमा कारोबार विवरण प्राप्त गरेको छ । इकाईले शङ्कास्पद कारोबार/गतिविधि प्रतिवेदनहरूको विश्लेषण गरी आवश्यकता अनुसार अन्य कुनै सूचना प्राप्त भएमा भविष्यमा पुनः विश्लेषण गर्ने गरी अभिलेखीकरण गर्ने वा अनुसन्धान गर्ने निकायमा निष्कर्ष प्रवाह गर्ने गरेको छ ।

तालिका २.१८ : शंकास्पद कारोबार/गतिविधिसम्बन्धी विवरण (आर्थिक वर्ष २०८२/८३ मा प्राप्त)

विवरण	सङ्ख्या
शंकास्पद कारोबार प्रतिवेदन प्राप्त गरेको	१०,१०५
शंकास्पद कारोबार प्रतिवेदन विश्लेषण गरेको	२,४६३
विश्लेषणको निष्कर्ष प्रवाह गरिएको (Intelligence Report)	४५५ (समावेश STR : १,५४५)

२.१५७ समीक्षा अवधिको अन्त्यसम्म इकाईले १९ सम्बद्ध निकायहरुसँग Memorandum of Understanding (MOU) गरेको छ। साथै, समान प्रकृतिको काम गर्ने २१ विदेशी मुलुकका निकाय (FIU) हरूसँग MOU गरेको छ

२.१५८ Egmont Group को Egmont Secure Web (ESW) मार्फत इकाईले समान प्रकृतिको काम गर्ने विदेशी मुलुकको निकाय (FIU) सँग आवश्यक सूचना माग गर्ने र त्यस्तो निकायको अनुरोधमा सूचना दिने कार्यलाई निरन्तरता दिएको छ। समीक्षा अवधिमा विदेशी FIU हरूसँग जम्मा ७२ पटक यस्तो सूचना आदान-प्रदान भएको छ।

२.१५९ यस बैंकअन्तर्गतको वित्तीय जानकारी इकाईले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम स्थापित सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी समन्वय समिति (Coordination Committee, CC) को सचिवालयको रूपमा निरन्तर कार्य गर्दै आएको छ।

२.१६० 'Virtual Assets' सम्बन्धी रणनीतिक विश्लेषण प्रतिवेदन प्रकाशन गरिएको छ।

२.१६१ भौतिक तथा विद्युतीय माध्यमबाट सूचक संस्था, नियामक निकाय, कानुन कार्यान्वयन गर्ने निकाय तथा अन्य सरोकारवालासँग कार्ययोजनामा उल्लेख भएका सम्पूर्ण तथा थप समेत गरी कुल ३८ वटा अन्तरक्रिया, गोष्ठी, ज्ञान आदानप्रदान लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन्।

कानुन तथा बहस/पैरवी

२.१६२ नेपाल राष्ट्र बैंकको निर्देशन उल्लंघन गरेको कारण बैंक तथा वित्तीय संस्था तथा यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरू र संलग्न पदाधिकारीलाई गरिएको नियामकीय कारवाही उपरका पूनरावेदन र यस बैंकलाई समेत विपक्षी बनाई विभिन्न अदालतमा रहेका मुद्दाको विवरण देहायबमोजिम रहेको छ (तालिका २.१८)।

तालिका २.१९ : अदालतमा रहेका मुद्दाको विवरण

क्र.सं.	मुद्दाहरू	सङ्ख्या
१.	२०८३ असार मसान्तमा फैसला हुन बाँकी मुद्दा	२१०
२.	आर्थिक वर्ष २०८२/८३ मा फैसला भएका जम्मा मुद्दा	१९४
३.	२०८३ असार मसान्तमा दामासाहीसम्बन्धी मुद्दा	३

२.१६३ मुद्दा मामिलासम्बन्धी कागजातलाई डिजिटाइजेसन प्रक्रियामा लैजान समीक्षा अवधिसम्ममा ४४१ मुद्दा मामिलासम्बन्धी कागजात Litigation Management System (LMS) मा अद्यावधिक गरिएको छ।

२.१६४ विदेशी विनिमय (नियमित गर्ने) नियमहरु, २०२० को संशोधन प्रस्ताव निर्माण गरी सञ्चालक समितिमा पेश भई सञ्चालक समितिको निर्देशनबमोजिम अर्थ मन्त्रालयमा प्रेषित गरिएको छ।

२.१६५ भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ संशोधनको मस्यौदा अर्थ मन्त्रालयमा पेश गरिएको छ।

आन्तरिक लेखापरीक्षण

२.१६६ बैंकका सम्पूर्ण विभाग/कार्यालय/महाशाखा/इकाईहरुको Audit Universe को अद्यावधिक तथा Risk Ranking को मुल्याङ्कन गरी आ.व. २०८३/८४ देखि आ.व. २०८५/८६ सम्मको तीन वर्षीय जोखिममा आधारित लेखापरीक्षण योजना र सोसँग एकरुपता कायम हुने गरी तयार पारिएको वार्षिक लेखापरीक्षण योजना अद्यावधिक गरिएको छ।

२.१६७ आन्तरिक लेखापरीक्षण विभागबाट विदेशी विनिमय व्यवस्थापन विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, मानव संशाधन व्यवस्थापन विभाग, सम्पत्ति तथा सेवा

व्यवस्थापन विभाग, बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभाग र गैर बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागको वार्षिक अवधिको जोखिममा आधारित लेखापरीक्षण सम्पन्न गरिएको छ ।

२.१६८ समीक्षा अवधिमा बैंकिङ विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभाग, मानव संसाधन व्यवस्थापन विभाग, बैंक सुपरिवेक्षण विभाग, मुद्रा व्यवस्थापन विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, मौद्रिक व्यवस्थापन विभाग, आर्थिक अनुसन्धान विभाग, वित्त व्यवस्थापन विभाग र गैर बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागको विशेष आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ ।

२.१६९ विभागका लागि आवश्यक Risk Based Internal Audit (BRIA) Software खरिदका लागि Phoenix Business Pvt. Ltd., काठमाडौसँग भएको खरिद सम्झौता बमोजिम कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको छ ।

२.१७० प्रदेशस्थित ८ ओटै कार्यालयहरु तथा वित्त व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग र बैंकिङ्ग विभागको आ.व. २०८२/८३ को प्रथम र तेस्रो त्रैमासिक अवधिको र अन्य विभागहरुको प्रथम अर्द्धवार्षिक अवधिको स्थलगत आन्तरिक लेखापरीक्षणबाट प्राप्त कैफियतहरुको सम्बन्धमा दिइएका निर्देशनहरुको कार्यान्वयन तथा कैफियत सुधारको स्थितिको अनुगमन प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेस गरिएको छ ।

२.१७१ Nepal Rastra Bank Internal Audit Charter, 2019 को पहिलो संशोधन र Nepal Rastra Bank, Internal Audit Manual, 2025 को दोस्रो संशोधन बैंकको सञ्चालक समितिबाट स्वीकृति पश्चात् कार्यान्वयनमा ल्याइएको छ ।

२.१७२ Nepal Rastra Bank Internal Audit Manual 2019 (Second Amendment 2025) बमोजिम Auditable Areas को जोखिम मूल्याङ्कन गर्न तोकिएका आधारलाई सोही Manual मा भएको व्यवस्था बमोजिम Assumptions तयार गरी सोमा आधारित रहेर सोही Auditable Areas को भार (Weight) निर्धारण गरिएको छ ।

सम्पत्ति तथा सेवा व्यवस्थापन

२.१७३ बालुवाटार तथा थापाथलीस्थित नवनिर्मित भवनमा आन्तरिक सजावट (मालसामान तथा निर्माण कार्य) सम्बन्धी परामर्शदाताको छुट्टा-छुट्टै प्रतिवेदन स्वीकार गर्ने कार्य सम्पन्न भएको छ ।

२.१७४ बालुवाटार तथा थापाथलीस्थित नवनिर्मित भवनमा आन्तरिक सजावट (मालसामान तथा निर्माण कार्य) को सुपरिवेक्षण सम्बन्धी परामर्श सेवा खरिद गर्ने कार्य सम्पन्न भएको छ ।

२.१७५ शहरी विकास तथा भवन निर्माण विभागमार्फत बैंकको सानो ठिमी लगायत अन्य कार्यालयमा भौतिक संरचना निर्माण गर्ने कार्य सम्बन्धी समझदारीपत्रमा उक्त विभागसंग हस्ताक्षर सम्पन्न भएको छ ।

२.१७६ कार्यालय परिसर बाहिर रहेका विभिन्न विभाग/महाशाखा/कार्यालय/इकाईहरुलाई बैंकको बालुवाटार तथा थापाथली परिसर भित्र रहेका भवनमा स्थानान्तरण गर्ने कार्य सम्पन्न भएको छ ।

२.१७७ बालुवाटार परिसरमा स्तनपान कक्ष सञ्चालनमा ल्याइएको छ । बालुवाटार परिसरमा शिशु स्याहार केन्द्र निर्माणका लागि बोलपत्र आह्वान, मूल्यांकन तथा सम्झौता सम्पन्न गरी हाल निर्माण कार्य भइरहेको छ ।

२.१७८ बालुवटार परिसरस्थित ब्लक "डी" भवनमा आवश्यक मर्मत-सम्भार कार्य सम्पन्न गरी तथ्याङ्क महाशाखालाई स्थानान्तरण गरिएको छ ।

२.१७९ Extensive Asset Quality Review (Loan Portfolio Review – LPR) of 10 Commercial Banks of Nepal सम्बन्धी कार्य गर्नका लागि यस बैंक र परामर्शदाता श्री Howladar Yunus & Co., Chartered Accountants, Dhaka, Bangladesh बीच मिति २०८२/०५/१२ मा भएको सम्झौता बमोजिम परामर्शदाताबाट कार्य समाप्ति पश्चात् अन्तिम भूक्तानी भएको छ ।

२.१८० यस बैंकको Data Centre (DC) र Disaster Recovery (DR) Site को लागि Firewall System for DC - १ सेट र Firewall System for DR - २ सेट खरिद गर्न मिति २०८२/०९/१६ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टलमार्फत् आह्वान भएको बोलपत्रमा बोलपत्रदाताहरुले पेश गरेको बोलपत्रहरुको मूल्याङ्कन पश्चात् न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता श्री Astral Computers Nepal Pvt. Ltd., ज्ञानेश्वर, काठमाडौंसँग मिति २०८३/०१/२२ मा सम्झौता भएको छ।

२.१८१ Portfolio Analysis and Reporting System (PARS) र RBIA सफ्टवेयर निर्माण गर्नका लागि परामर्श सेवा खरिद गर्न सेवा प्रदायकसँग सम्झौता सम्पन्न गरी कार्य सुरु भएको छ।

२.१८२ यस बैंकको बालुवाटारस्थित केन्द्रीय कार्यालयको लागि आवश्यक सरसफाई सेवा खरिद गर्न श्री Infotech Services Pvt. Ltd., Sanepa, Lalitpur सँग मिति २०८२/११/१७ मा सम्झौता गरिएको छ।

२.१८३ यस बैंकको उपत्यका बाहिरका कार्यालयहरुमा कार्यरत कर्मचारीहरु काज वा बिदामा र पूर्व कर्मचारीहरु काठमाडौं आउँदा बास बस्न आवश्यक अतिथि गृहको लागि श्री Pashupati Boutique Hotel and Spa Pvt. Ltd., पिङ्गलास्थान, गौशाला, काठमाडौंसँग मिति २०८२/११/०८ गते सम्झौता गरिएको छ।

बैंकिङ कारोबार

२.१८४ नेपाल सरकारअन्तर्गतका निकाय/कार्यालयहरूको अनुरोधमा आर्थिक वर्ष २०८२/८३ मा जम्मा ४४ प्रतीतपत्र जारी गरिएको छ। साथै, समीक्षा वर्षमा जम्मा २६ प्रतीतपत्रहरू बन्द गरिएको छ।

२.१८५ नेपाल सरकार अन्तर्गतका विभिन्न निकाय तथा कार्यालयद्धारा सञ्चालित विभिन्न परियोजना निर्माणमा जापान सरकार अन्तर्गतको JICA बाट प्राप्त हुने अनुदानका लागि आर्थिक वर्ष २०८२/८३ मा जापानीज येन ६ अर्ब २१ करोड, ३८ लाख ८७ हजार ९ सय ५० बराबरको ५ वटा Authorization to Pay (A/P) खोलिएको छ।

२.१८६ समीक्षा अवधिमा सरकारी कारोबार गर्ने विभिन्न वाणिज्य बैंकका उपत्यका बाहिरका २२ तथा उपत्यका भित्रका ४ गरी कुल २६ बैंक शाखा/केन्द्रीय कार्यालयहरूको सरकारी कारोबारको निरीक्षण गरिएको छ।

२.१८७ समीक्षा अवधिमा कुल ५ वटा वाणिज्य बैंकका २५ वटा शाखालाई सरकारी कारोबार गर्ने स्वीकृति प्रदान गरिएको छ। यसका अलावा ९ वटा वाणिज्य बैंकका ११ वटा शाखालाई स्थानीय तहहरुमा संकलन हुने संघीय/प्रादेशिक स्तरको राजश्व/पुँजीगत लाभकर समेत बुझ्ने स्वीकृति प्रदान गरिएको छ। यसैगरी दुई वटा वाणिज्य बैंकका ७ वटा एक्स्टेन्सन काउन्टरबाट भइरहेको सरकारी कारोबारको स्वीकृति रद्ध गरिएको छ। साथै, एक वटा वाणिज्य बैंकको सरकारी कारोबार गर्ने एक्स्टेन्सन काउन्टरको हिसाब मिलान शाखा परिवर्तन गर्न स्वीकृत प्रदान भएको छ।

२.१८८ समीक्षा अवधिमा सरकारी कारोबार निर्देशिका, २०७६ (दोस्रो संशोधन, २०८१) को अनुसुची २४ मा कार्यालय कोड र राजश्व शिर्षक थप गरी संशोधित भौचर प्रयोगमा ल्याउन सरकारी कारोबार गर्ने वाणिज्य बैंकहरुलाई निर्देशन दिइएको छ।

२.१८९ समीक्षा अवधिमा महालेखा नियन्त्रक कार्यालयबाट जारी एक्स्ट्रा बजेटरी निकायको बैंक खाता, लेखा प्रणाली र वित्तीय प्रतिवेदन व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ अनुसार एक्स्ट्रा बजेटरी निकायको बैंक खाता (क २.१० समूहको खाता) खोली सञ्चालन गर्नुपर्ने र साविकको खाता बन्द गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दा र हाल खारेज भएका तथा गाभिएका कार्यालयहरुको नाममा हाल सञ्चालनमा नरहेका खाता बन्द गर्दा सम्बन्धित कार्यालयको आधिकारिक पत्र तथा कोष तथा लेखा नियन्त्रक कार्यालय / महालेखा नियन्त्रक कार्यालयको सिफारिसको आधारमा त्यस्ता खाता बन्द गर्ने व्यवस्था कार्यान्वयनको लागि सरकारी कारोबारमा संलग्न बैंकहरुलाई पत्राचार गरिएको छ।

२.१९० समीक्षा अवधिमा बैंकका २ प्रदेशस्थित कार्यालयहरूको इलेक्ट्रोनिक चेक क्लियरिङ (ECC) तथा अन्तरबैंक भुक्तानी प्रणाली (IPS) को कार्यान्वयनको अवस्थासम्बन्धमा स्थलगत अनुगमन सम्पन्न गरिएको छ ।

२.१९१ समीक्षा अवधिमा इलेक्ट्रोनिक चेक क्लियरिङ्ग (ECC) प्रणाली तथा अन्तर बैंक भुक्तानी प्रणाली (IPS) मार्फत नेपाली तथा विदेशी परिवर्त्य मुद्रामा देहायबमोजिमको कारोबार सम्पन्न भएको छ (तालिका २.१९) ।

तालिका २.२० : ECC प्रणाली तथा IPS मार्फत भएका कारोबार विवरण

क्र.सं.	माध्यम	मुद्रा	कारोबार सङ्ख्या	कारोबार रकम
१	ECC - Inward	नेपाली	९,३९९	रु.३८ अर्ब ५९ करोड ।
		अमेरिकी डलर	०	
		युरो	०	
२	ECC - Outward	नेपाली	१,६६६	रु.१४ अर्ब १० करोड ।
		अमेरिकी डलर	३४६	अमेरिकी डलर ६ लाख ६४ हजार ।
३	IPS - Inward	नेपाली	४,१६८	रु.२५ अर्ब ७३ करोड ।
		अमेरिकी डलर	२	अमेरिकी डलर ३ हजार ।
४	IPS - Outward	नेपाली	४११,२७६	रु.६२ अर्ब २३ करोड ।

२.१९२ नेपाल राष्ट्र बैंकमा जम्मा हुन आएका नगद विदेशी मुद्राहरू विदेशस्थित एजेन्सी खाताहरूमा जम्मा गर्ने प्रयोजनका लागि समीक्षा अवधिमा कुल १५ पटक कार्गो गरी कुल रु.१९ अर्ब ८५ करोड बराबरको विदेशी मुद्राहरू बैंकसँग Bank Notes Purchase Agreement गरिएका Mashreq Bank Psc, Dubai र CIMB Bank, Singapore मा जम्मा गरिएको छ ।

२.१९३ आर्थिक वर्ष २०८२/८३ मा वाणिज्य बैंकहरूबाट भारतीय रूपैयाँ ८२ अर्ब ४३ करोड खरिद गरिएको तथा वाणिज्य बैंकहरूलाई भारतीय रूपैयाँ ४२० अर्ब ६४ करोड बराबर बिक्री गरिएको छ । सोही अवधिमा रिजर्भ बैंक अफ इण्डिया, कोलकाताबाट नगद भारतीय रूपैयाँ ३ अर्ब खरिद गरिएको छ ।

२.१९४ विस्तृत र व्यवस्थित तथ्याङ्क आदानप्रदान, सुरक्षा र पारदर्शिता वृद्धि तथा अन्तर्राष्ट्रिय नियम र अनुपालनका आवश्यकताहरूलाई प्राथमिकतामा राखि समीक्षा अवधिमा SWIFT system लाई MT प्रणालीबाट MX प्रणालीमा सारिएको छ ।

२.१९५ बैकिङ विभागअन्तर्गत विद्यमान भा.रु. कोषहरूमा कायम रहेको सीमा तथा विमाङ्क रकम एवम् मौज्दात तालिका देहायबमोजिम भारतीय रूपैयाँ रहेको छ:

तालिका २.२१ : भा.रु. कोषसम्बन्धी विवरण

क.सं.	बैंकको नाम	भा.रु. कोष रहेको शाखा	स्वीकृत सीमा तथा विमाङ्क रकम	आ.व. २०८२/८३ सम्मको मौज्दात रकम
१.	राष्ट्रिय वाणिज्य बैंक	राजविराज	६०,००,०००.००	-
२.	राष्ट्रिय वाणिज्य बैंक	सिराहा	६०,००,०००.००	-
३.	राष्ट्रिय वाणिज्य बैंक	इनरुवा	६०,००,०००.००	-
४.	राष्ट्रिय वाणिज्य बैंक	कलैया	२५,००,०००.००	-
५.	राष्ट्रिय वाणिज्य बैंक	भद्रपुर	५०,००,०००.००	-
६.	राष्ट्रिय वाणिज्य बैंक	प्रधान कार्यालय	२,००,००,०००.००	-
७.	नेपाल बैंक लिमिटेड	प्रधान कार्यालय	२,००,००,०००.००	-
८.	राष्ट्रिय वाणिज्य बैंक	परासी	५,००,०००.००	१,००,०००.००
९.	राष्ट्रिय वाणिज्य बैंक	बैतडी	१५,००,०००.००	१०,००,०००.००
१०.	राष्ट्रिय वाणिज्य बैंक	दार्चुला	१०,००,०००.००	४,००,०००.००
११.	राष्ट्रिय वाणिज्य बैंक	बर्दघाट	१०,००,०००.००	१,००,०००.००
१२.	नेपाल बैंक लिमिटेड	कांकरभिट्टा	६०,००,०००.००	५,००,०००.००
जम्मा			**७,५५,००,०००.००**	**२१,००,०००.००**

टक्सारसम्बन्धी कार्य

२.१९६ आर्थिक वर्ष २०८२/८३ मा विभिन्न सार्वजनिक निकाय तथा संघ संस्थाबाट समयसमयमा अनुरोध भई आएका विभिन्न किसिमका पदकहरु (१,४८२ थान) टकमरी गरी उपलब्ध गराइएको छ ।

२.१९७ समीक्षा अवधिमा भन्सार ऐन लगायतका अन्य प्रचलित कानुन विपरीत भएका काम कारबाहीको सिलसिलामा नेपाल सरकारको विभिन्न निकायले प्राप्त गरेको सुन तथा चाँदी भनिएका धातुहरुको गलान गरी ७,३८४.९० ग्राम सुन र ५६,५६६.२० ग्राम चाँदी महाशाखाद्वारा खरिद गरिएको छ ।

२.१९८ समीक्षा अवधिमा सार्वजनिक निकाय तथा परोपकारी संस्था, मठमन्दिरहरुबाट माग भएबमोजिम ७३ ग्राम कच्चा सुन तथा २,५७९।१ ग्राम कच्चा चाँदी बिक्री गरिएको छ ।

२.१९९ चलनचल्तीमा रहेको रु.१ र रु.२ को सिक्का नियमित रुपमा बिक्री वितरण गरिएको छ ।

सञ्चालक समितिको बैठक

२.२०० आर्थिक वर्ष २०८२/८३ मा बैंकको सञ्चालक समितिको बैठक ६४ पटक तथा व्यवस्थापन समितिको बैठक ३६ पटक बसेको थियो । आर्थिक वर्ष २०८१/८२ मा यस्तो बैठक क्रमशः ४६ र ४६ पटक बसेको थियो ।

वैदेशिक सहायता समन्वय

२.२०१ नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकका अधिकारीहरूको सहभागितामा मिति २०८२ कात्तिक १७ गते (सन् २०२५ नोभेम्बर ३) मा Joint Technical Coordination Committee (JTCC) को नवौँ बैठक काठमाडौंमा सम्पन्न भएको छ ।

२.२०२ 9th JTCC meeting का एजेण्डा अन्तर्गत भारतको युपीआई (UPI) र नेपालको एनपीआई (NPI) बीच क्रस-बोर्डर डिजिटल भुक्तानी सेवा औपचारिक रूपमा २०२६ जुनमा सुरु भएको छ । साथै, Terms of Engagement on HR cooperation between NRB and RBI अन्तर्गत Secondment Agreement सही भई यस बैंकका कर्मचारीलाई RBI Secondment मा पठाउन सुरु गरिएको छ । त्यसै गरी भा.रु.२०० र ५०० दरका नोट प्रति व्यक्ति भा.रु.२५,०००।- सम्म भारतबाट नेपाल ल्याउन र नेपालबाट भारतमा जाँदा लैजान मिल्ने गरी भारतीय रिजर्व बैंकको Foreign Exchange Management Act (FEMA) मा व्यवस्था संशोधन भएको छ ।

२.२०३ Danmarks Nationalbank सँग समन्वय गरी नेपाल राष्ट्र बैंकसँग भएको अब उपरान्त नचल्ने पुरानो श्रृङ्खलाका डेनिस क्रोनरको सटही कार्य सम्पन्न भएको छ ।

२.२०४ अन्तर्राष्ट्रिय मुद्रा कोषको Extended Credit Facility (ECF) को Seventh Review Mission तथा Article IV Consultation Mission मिति २०८२ माघ १९ देखि फागुन ८ सम्म (सन् २०२६ फेब्रुअरी २-२०) काठमाडौंमा सम्पन्न भएको छ । सन् २०२६ जुन ५ मा कोषको कार्यकारी बोर्डले नेपालका लागि ECF अन्तर्गतको सातौं तथा अन्तिम समीक्षा सम्पन्न गरी SDR 31.32 million रकम निकासा गरेको र यससँगै ECF अन्तर्गत हालसम्म SDR 282.42 million नेपाल सरकारलाई प्राप्त भएको छ । नेपालको लागि ECF मिति २०७८ पुस २८ (सन् २०२२ जनवरी १२) मा कार्यकारी बोर्डद्वारा स्वीकृत भएको थियो ।

२.२०५ अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपाल सरकारको अनुरोधमा मिति २०८२ पुस २८ देखि माघ ८ सम्म (सन् २०२६ जनवरी १२-२१) Governance and Corruption Diagnostic (GCD) Scoping Mission सम्पन्न गरेको र त्यस पश्चात् मिति २०८३ बैशाख ७ देखि २३ सम्म (सन् २०२६ अप्रिल २० देखि मे ६ सम्म) कोषका टोली नेपालमा रही उक्त Mission सम्पन्न भएको छ ।

२.२०६ सन् २०२५ को Bank of Korea-Knowledge Partnership Program (BOK-KPP) कार्यक्रम अन्तर्गत "Liberalization of Foreign Exchange Policy and Capital Flow Management" अध्ययन विषयमा मिति २०८२ साउन १८ (सन् २०२५ अगस्ट ३) मा द्विपक्षीय सम्झौता भई उक्त विषयमा अध्ययन सम्पन्न गरी अध्ययन प्रतिवेदन यस बैंकको वेवसाइटमा प्रकाशन गरिएको छ ।

२.२०७ आ.व. २०८२/८३ मा अन्तर्राष्ट्रिय मुद्रा कोषको SARTTAC बाट विदेशी विनिमय सञ्चिति व्यवस्थापनका लागि दोस्रो प्राविधिक सहायता (Follow up TA) प्राप्त भएको छ ।

२.२०८ समीक्षा अवधिमा यस बैंक र अन्तर्राष्ट्रिय संघ/संस्थाहरुबीच देहायबमोजिमका सम्झौताहरु भएका छन् :

- मिति २०८२ पुस १५ (सन् २०२५ डिसेम्बर ३०) मा यस बैंक र भारतीय रिजर्भ बैंकबीच Secondment Agreement under the Terms of Engagement on HR Cooperation सम्बन्धी सम्झौता
- मिति २०८२ मंसिर २९ (सन् २०२५ डिसेम्बर १५) मा यस बैंक र अन्तर्राष्ट्रिय वित्त निगम (IFC) बीच Nepal Climate Finance Advisory Project सम्बन्धी Cooperation Agreeement

२.२०९ आ.व. २०८२/८३ मा Royal Monetary Authority of Bhutan (RMA) बाट यस बैंकमा Risk Based Supervision (RBS) approach for Payment System Oversight सम्बन्धी Techincal collaboration and knowledge sharing / HR Practices and Administative Operations in Nepal Rastra Bank सम्बन्धी अध्ययन भ्रमण भएको छ ।

तालिम, गोष्ठी, सेमिनार, भ्रमण तथा अन्तरक्रिया कार्यक्रम

२.२१० आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत ३३ वटा तालिम कार्यक्रममध्ये नियमित तर्फ २८ वटा र अन्य थप ४ वटा गरी जम्मा ३२ वटा तालिम कार्यक्रम सम्पन्न भएका छन् ।

२.२११ नियमित तालिम कार्यक्रममा नेपाल राष्ट्र बैंक तथा बाह्य निकायका सहित महिला प्रशिक्षार्थी २९४ र पुरुष प्रशिक्षार्थी ६४४ गरी कुल ९३८ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको छ । उक्त कार्यक्रमहरूमा आन्तरिक र बाह्य गरी कुल २५४ जना स्रोत व्यक्तिको सहभागिता रहेको छ ।

वित्तीय समावेशिता

२.२१२ वित्तीय समावेशीकरण अभिवृद्धि तथा वार्षिक रूपमा समावेशीकरणको स्तर मापनका लागि Financial Inclusion Index – FII २०८२/८३ गणना गरी प्रकाशन गरिएको छ ।

२.२१३ SEDRA I, II, III अन्तर्गतका परियोजनाको वार्षिक वित्तीय विवरण तयार गरिएको छ ।

२.२१४ SEDRA परियोजना अर्न्तगतको Revolving Fund Operation सञ्चालनको लागि राष्ट्रिय बाणिज्य बैंकसँग सम्झौता भएको छ ।

२.२१५ देशभर वित्तीय पहुँचको अवस्थाको नक्साङ्कनको लागि यस महाशाखाबाट Financial Inclusion Portal सञ्चालनमा रहेको छ ।

२.२१६ SEDRA–I, II and III परियोजना अर्न्तगतका परियोजनाहरुको सञ्चालन सम्बन्धमा मोरङ, धादिङ र नुवाकोट जिल्लामा अनुगमन गरिएको छ ।

वित्तीय साक्षरता

२.२१७ समीक्षा अवधिमा डिजिटल / वित्तीय साक्षरता अभिवृद्धिका लागि बैंकको सामाजिक सञ्जालमा प्रत्येक मंगलबार वित्तीय साक्षरता सन्देश प्रशारण गरिरहेको छ । वित्तीय साक्षरतासम्बन्धी Radio Jingle सामाग्रीहरुको प्रसारण देशभरि नै विभिन्न FM मार्फत भइरहेको छ ।

२.२१८ वित्तीय साक्षरता सम्बन्धमा **'वैदेशिक रोजगारबाट फर्केर उद्यम/व्यवसायी गर्नेहरुका कथा'** (Success Story) भन्ने विषयमा वृत्तचित्र निर्माण सम्पन्न गरी प्रसारणको क्रममा रहेको छ ।

२.२१९ वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि गर्न विद्यार्थी जीवनमा नै वित्तीय ज्ञान दिने उद्देश्यले यस बैंकमा विभिन्न १२ वटा स्कुल तथा कलेजका विद्यार्थीहरुलाई अवलोकन भ्रमण तथा साक्षरता कार्यक्रममा सहभागी गराइएको छ ।

२.२२० विद्यालयस्तरका पाठ्यक्रममा समावेश गर्ने वित्तीय शिक्षा/साक्षरताका विषयवस्तुका बारेमा बैंक, पाठ्यक्रम विकास केन्द्रका पदाधिकारी र सामाजिक विषयका पाठ्यपुस्तक विज्ञ लेखकहरुसँग काठमाडौंमा १ दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

२.२२१ वित्तीय साक्षरता रूपरेखा, २०७९ बमोजिम आम जनसमुदायमा वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले लक्षित वर्ग समेटी विभिन्न स्थान (डोल्पा, हेटौँडा, खोटाङ, मनाङ, डोटी र नुवाकोट) मा ६ वटा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको छ ।

२.२२२ Smart Money Talks भन्ने मुल नाराका साथ २०८२ चैत्र २ देखि ८ गतेसम्म Global Money Week, 2026 देशभर भव्यताका साथ मनाइएको छ ।

बजार आचरण सुपरिवेक्षण/वित्तीय ग्राहक संरक्षण

२.२२३ ११ वटा वाणिज्य बैक, ७ वटा विकास बैंक, ५ वटा वित्त कम्पनी र ९ वटा लघुवित्त वित्त वित्तीय संस्थामा Full Scope बजार आचरण सुपरिवेक्षण गर्ने कार्य सम्पन्न भएको छ ।

२.२२४ एउटा बाणिज्य बैंकमा Mystery Shopping गरिएको छ ।

२.२२५ महाशाखाले अनलाइन पोर्टल, इमेल, लिखित निवेदन तथा टेलिफोन र हेलो सरकारमार्फत २०८२ श्रावणदेखि २०८३ असार मसान्तसम्ममा ५१६३ वटा गुनासो प्राप्त भएकोमा ४२१९ वटा गुनासोको सम्बोधन भएको, ७४९ वटा समाधानको प्रक्रियामा रहेको छ ।

२.२२६ आर्थिक वर्ष २०८२/८३ मा विभिन्न माध्यमबाट प्राप्त गुनासोहरूको विवरण देहायबमोजिम रहेको छ (तालिका २.२१) ।

तालिका २.२२ : आर्थिक वर्ष २०८२/८३ मा प्राप्त गुनासोसम्बन्धी विवरण

गुनासोको विवरण	अनलाइन पोर्टल	लिखित निवेदन	हेलो सरकार	अन्य (टेलिफोन/इमेल)	प्रदेशस्थित कार्यालय	जम्मा
प्राप्त भएको	३११५	४६१	६९७	३१०	५८०	५१६३
सम्बोधन गरिएको	२७७९	२४५	५४८	१७५	४७२	४२१९
प्रक्रियामा रहेको	१७४	२१३	१३४	१३५	९३	७४९
अमान्य गुनासो	१४२	-	-	-	१	१४३
बैंकको अधिकार क्षेत्रभित्र नपर्ने	२०	३	१५	-	१४	५२

अध्ययन अनुसन्धान तथा प्रकाशनसम्बन्धी कार्य

२.२२७ "Report on Compilation of Consumer Price Index", "A report on the status of Real Estate Market in Nepal" र आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रयमासको "Trend and Current Status of Real Estate Transaction" प्रतिवेदन प्रकाशन गरिएको छ ।

२.२२८ Foreign Direct Investment Survey अध्ययन सम्पन्न गरी प्रतिवेदन प्रकाशन गरिएको छ ।

२.२२९ A Survey of Shadow Banking in Nepal तथा Social Economic Effects of Mid-Hill (Pushpalal) Highway सम्बन्धी अध्ययन सम्पन्न भई प्रतिवेदन तयार भएको छ भने Application of Big Data Analytics in Macroeconomic Analysis विषयक अध्ययन कार्यलाई आर्थिक वर्ष २०८३/८४ मा निरन्तरता प्रदान गरिएको छ। साथै, Fixed Exchange Rate Regime with India विषयक अध्ययन बाह्य स्रोतमार्फत सेवा खरिद गरी भईरहेको छ।

२.२३० शोधानान्तर तथ्याङ्कलाई अद्यावधिक गर्न Freight and Insurance Survey सम्पन्न गरिएको छ।

२.२३१ सातवटै प्रदेशको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रादेशिक आर्थिक गतिविधि प्रतिवेदन तथा आर्थिक वर्ष २०८२/८३ को अर्द्धवार्षिक प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ को वार्षिक एकीकृत आर्थिक गतिविधि प्रतिवेदन र २०८२/८३ को अर्द्धवार्षिक एकीकृत आर्थिक गतिविधि प्रतिवेदन वेबसाइटमार्फत प्रकाशन भएको छ।

२.२३२ आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेटको लागि पूर्वबजेटकालीन अध्ययन सम्पन्न भई सुझावसहितको प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालयमा पेस गरिएको छ।

२.२३३ Macroeconomic Report को Feb 2026 र July 2026 अंक वेबसाइटमार्फत प्रकाशन भएको छ।

प्रदेशस्थित कार्यालयहरूका प्रमुख गतिविधिहरू

२.२३४ "Smart Money Talks" को नारासहित Global Money Week, 14th edition को अवसरमा प्रदेशस्थित कार्यालयहरूद्वारा वित्तीय चेतना अभिवृद्धि गर्ने वित्तीय साक्षरता प्रवर्द्धनात्मक कार्यक्रमहरू सम्पन्न गरिएका छन्।

२.२३५ प्रदेशस्थित कार्यालयहरूको कार्यक्षेत्रभित्रका सरकारी कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरू, प्रदेश लेखा नियन्त्रक कार्यालयका कर्मचारीहरू तथा अन्य सरोकारवाला निकायहरुका प्रतिनिधिहरुको सहभागितामा समन्वयात्मक अन्तरक्रिया, गोष्ठी एवं अनुशिक्षण कार्यक्रमहरु सम्पन्न गरिएको छ।

